**पूर्ण इजलास**

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** २०६६-DF-००२४, अंश दर्ता, *शिवनाथ साह कानू वि. विश्वनाथ साह कानू*

कानूनबमोजिम पुनरावेदनको म्याद जारी नहुँदै पुनरावेदन अदालतबाट केवल वादीको पुनरावेदनको रोहबाट मिति २०५८।३।२५ मा फैसला भएको देखिँदा सो फैसलाले प्रतिवादीको पुनरावेदन गर्न पाउने कानूनी हकलाई संकुचित नियन्त्रित वा निष्प्रभावी बनाउन सक्ने अवस्था नदेखिने।

कुनै उउटा विवादमा कुनै एकतहको अदालतबाट दुईवटा फैसला हुन सक्तैन। कुनै कार्यविधिगत त्रुटि वा अदालतको भूल वा गल्तीबाट एउटै विवादमा पनि पहिले एकप्रकारको फैसला भए पनि पछि कानूनबमोजिमको प्रक्रिया पूरा गरी सोही विवादमा उही तहको अदालतबाट अर्को फैसला हुन गएको रहेछ भने विवादित विषयको निरोपण गर्ने सिलसिलामा विवादका दुवै पक्षलाई बुझी दुवै पक्षको कुरा सुनी प्रमाणको मूल्याङ्कन गरी भएको पछिल्लो फैसलालाई नै सो तहको अदालतबाट भएको आधिकारिक फैसला मान्नुपर्ने।

प्रस्तुत विवादमा प्रतिवादीले पेश गरेको मिति २०५६।११।२३ को तायदातीमा उल्लेख भएका सम्पत्तिका सम्बन्धमा समेत प्रमाणको विश्लेषण गरी सो सम्पत्ति बण्डा लाग्ने, नलाग्ने के हो भन्ने बारेमा शुरू बारा जिल्ला अदालत तथा पुनरावेदन अदालत, हेटौंडाको फैसला समेतमा यकीनका साथ बोली निरोपण गरेको नदेखिँदा सो विषयमा प्राप्त प्रमाणको विश्लेषण गरी यस अदालतले निरोपण गर्नुपर्ने देखिन आयो। तसर्थ पुनरावेदक प्रतिवादीको प्रस्तुत पुनरावेदन जिकीरको विषयमा सबूद प्रमाण र प्रचलित कानूनको मूल्याङ्कन र विश्लेषण गरी यस अदालतको संयुक्त इजलासले अन्तिम निरोपण गर्न कुनै बाधा नपर्ने।

प्रतिवादीले पेश गरेको मिति २०५६।११।२३ को तायदाती फाँटवारीको प्रकरण नं. २ मा उल्लेख भएका सम्पत्तिहरू निजको निजी आर्जनको हो होइन भन्ने सम्बन्धमा शुरू बारा जिल्ला अदालत तथा पुनरावेदन अदालत हेटौंडाको फैसला समेतबाट स्पष्ट निरोपण भएको अवस्था नदेखिएको र कानूनबमोजिम प्रतिवादीको पुनरावेदन परिरहेकोमा सो विषयमा संयुक्त इजलासबाटै अन्तिम निरोपण हुनुपर्ने।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः विकेश गुरागाईं
संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या. श्री कमलनारायण दास,** मुद्दा नं. ०६७-DF-००१४, लिखत दर्ता बदर, *महेन्द्रबहादुर कार्की वि. वीरेन्द्रमाया कार्की समेत*

विवादको कित्ता नं. १८९ को जग्गामध्ये आधा हिस्सा प्रतिवादी वीरेन्द्रमायाले मिति २०५४।१।११ मा पूर्णशंकर महर्जन समेतबाट हालैको बकसपत्रको लिखतद्वारा र आधा हिस्सा मिति २०५८।९।२५ मा यिनै वादीबाट हालैको बकसपत्रको लिखतद्वारा प्राप्त गरेको भन्ने तथ्यमा विवाद नरहेको हुँदा सो सम्पूर्ण घरजग्गा प्रतिवादी वीरेन्द्रमायाको हक रहेको भन्ने देखिन आउँछ। यसरी उक्त विवादित कि.नं. १८९ को जग्गा पिता पूर्खाका पालाको सम्पत्ति हक हस्तान्तरण भै आएको नभै प्रतिवादी वीरेन्द्रमायाले आफ्नो पालामा आर्जेको सम्पत्ति हो भन्ने कुरामा पनि विवाद छैन। प्रतिवादी वीरेन्द्रमायाले देवकी महतलाई पारीत गरिदिएको राजीनामाको लिखतमा निजको कान्छा छोरा योगेश्वर कार्की साक्षी बसेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्था समेतको विवेचनाबाट वादीले हालैको बकसपत्र पारीत गरी आफ्नो हक छाडी आमालाई दिइसकेको जग्गा आमाले अन्य व्यक्तिलाई हक हस्तान्तरण गर्दा निज वादीको मञ्जूरी आवश्यक पर्ने र निज साक्षी बस्नुपर्ने भन्नु कानूनसम्मत् देखिँदैन। जग्गामा रहेको आफ्नो हक छाडी सकेको यी वादीको मञ्जूरी नलिई अर्को छोरालाई मात्र साक्षी राखी राजीनामा पारीत गरेको कार्य कानूनविपरीत भएको भन्न नमिल्ने।

दावीको कि.नं. १८९ को घरजग्गा यी वादी र प्रतिवादी वीरेन्द्रमाया कार्कीले संयुक्त रूपमा अन्य व्यक्तिबाट बकसपत्रबाट प्राप्त गरेपछि वादीले आफ्नो

हक हिस्सा मिति २०५८।९।२५ मा प्रतिवादी वीरेन्द्रमायालाई बकसपत्र पारीत गरिदिएको देखिँदा लेनदेन व्यवहारको १० नं., अंशबण्डाका १९(२) तथा अंशबण्डाको १८ नं. बमोजिम आफ्नो पालामा आर्जन गरेको र आफूखुशी गर्न पाउने र बण्डा गर्न कर नलाग्ने सम्पत्तिको परिभाषाभित्र पर्ने हुँदा सोही जग्गा निज वीरेन्द्रमायाले प्रतिवादी देवकी महतलाई र.नं. ५०५ बाट मिति २०६०।४।२३ मा पारीत गरिदिएकोले सो राजीनामा लिखत बदर गरिपाऊँ भनी यी वादीले दावी गर्न नपाउने हुनाले वादी दावी पुग्न नसक्ने ।
इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** पुनरावेदन नं. २०६८-CI-०५७७, परमादेश, *हरिचन्द्र गिरी समेत वि. जिल्ला प्रशासन कार्यालय, जुम्ला समेत*

विवादित जग्गाका सम्बन्धमा सम्बन्धित गा.वि.स. मा लेखी पठाई छलफल हुँदा दुई पक्षबीचमा सहमति नभएसम्म यथास्थितिमा राख्नको लागि जिल्ला प्रशासन कार्यालयबाट सम्बन्धित गा.वि.स. मा लेखी पठाएको भन्ने तथ्य मिसिल प्रमाणबाट खुल्न आएको छ । जिल्ला प्रशासन कार्यालयले जग्गाको हक बेहक वा खिचोला इत्यादि सम्बन्धमा कुनै निर्णय वा आदेश गर्नसक्ने गरी कानूनले अख्तियारी दिएको पाईदैन । सो बाहेक विवादित जग्गाको सम्बन्धमा आफूले गर्नुपर्ने कानूनी दायित्व निर्वाह गरी रहेकै अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने ।
इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** पुनरावेदन नं. २०६७-CI-०९२१, परमादेश, *वीरबहादुर पुन वि. जिल्ला प्रहरी कार्यालय, बाँके समेत*

जिल्ला प्रहरी कार्यालय, बाँकेको लिखित जवाफ व्यहोराबाट यी पुनरावेदक निवेदकलाई कार्यालयमा गैरहाजीर रहेको आधारमा नोकरीबाट हटाइएको भन्ने देखिएको छ । त्यसरी नोकरीबाट हटाउने गरी प्रहरी ऐन र नियमावलीबमोजिम भएको कारवाहीउपरको उपचार खोज्ने बाटो सोही ऐन र नियमावलीमा नै स्पष्ट व्यवस्था रहेको हुँदा प्रस्तुत परमादेशको निवेदनबाट मागबमोजिम साविक बहाल रहेको पदमा हाजीर गराउने आदेश जारी हुनसक्ने अवस्था नहुने ।
इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** रिट नं. २०६८-WO-१०५८, उत्प्रेषण समेत, *रुची जजोदिया वि. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, मुख्य शाखा कार्यालय काठमाडौं समेत*

भाखा नाघेको कर्जा असूल गर्ने सुरक्षणमा रहेको शेयर प्रचलित कानूनबमोजिम लिलाम बिक्री गरी असूल गर्न पाउने कानूनी अधिकार विपक्षी बैंकलाई रहेको, निवेदिकालाई पटक-पटक सूचना दिई कर्जा चुक्ता गर्ने मौका प्रदान गर्दा समेत कर्जा चुक्ता गर्न नसकेको, खुला बजारबाट सार्वजनिक रूपमा लिलाम बढाबढको सूचना प्रकाशन गरी सबैभन्दा बढी अङ्क कबुल गर्ने बीमा संस्थानले सकार गरी दा.खा. नामसारीको लागि लेखी पठाएको प्रक्रियामा कुनै कानूनी त्रुटि विद्यमान रहे भएको नदेखिएको र बढी रकम बोलकबोल गर्ने राष्ट्रिय बीमा संस्थानले बोलकबोल गरेको रकम भुक्तानी गरी विपक्षी बैंकले दाखिल खारेज नामसारीका लागि नेपाल स्टक एक्सचेन्ज लि. लाई पत्राचार गरी तेस्रो पक्षको हक सिर्जना भैसकेको र ती निकायलाई विपक्षी बनाएको अवस्था समेत नभएबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः नारायण सुवेदी
इति संवत् २०६९ साल जेठ १६ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६७-CI-०९०१, खानलाउन दिलाई पाऊँ, *नरबहादुर आचार्य समेत वि. रुकमणीदेवी शाह*

सामान्यतया आफ्नो घर परिवारबाट मानवीय व्यवहार पाउँदापाउँदै मानाचामल माग गरी अड्डा अदालत धाउने कुरा मुद्दा गर्नकै लागि वा पति समेतका आफ्नो परिवारका सदस्यहरूलाई दुःख दिने उद्देश्यबाट गरिएको होला भनी अनुमान गर्नु स्वाभाविक हुन सक्दैन । हाम्रो समाजमा विद्यमान रहेको लैङ्गिक र घरेलु हिंसाको कारणबाट खास गरी महिलाहरू र त्यसमा पनि बुहारीमाथि यस प्रकारको घटनाहरू घट्ने गरेको कुरा बराबर प्रकाशमा आउने गरेकै पाइँदा सामान्यतः वादीको दावीलाई अस्वाभाविक भनी अन्यथा अनुमान गर्न नमिल्ने ।

वादीको शरीरमा आगो लगाइएको कारणबाट परेका भनिएका खत र चोटपटकको प्रकृति हेर्दा प्रस्तुत मुद्दामा पनि प्रत्यर्थी वादी घरेलु हिंसाको शिकार भएकी भन्ने देखिएको र सो तथ्य वादीका साक्षीहरूको बकपत्र समेतबाट पुष्टि भैरहेको अवस्था हुँदा अंश नलिएसम्म निजले मानाचामल भराई लिन पाउने ।

आफूले विवाह गरी ल्याएकी पत्नी तथा बुहारीप्रति मानवीय व्यवहार गर्नु सम्बन्धित परिवारको कानूनी र नैतिक दुवै प्रकारको दायित्व हो । यदि परिवारबाट सो दायित्व पूरा गरिँदैन र त्यस्ती महिलामाथि हिंसाजन्य व्यवहार गरी घरमा बस्न नसक्ने अवस्था सिर्जना गरिन्छ भने निश्चित् रूपमा मुलुकी ऐन, अंशबण्डाको १० नं. र लोग्नेस्वास्नीको ४ नं. बमोजिम खान लाउनको लागि मानाचामल भर्नुपर्ने अवस्था आउँछ । कानूनविपरीतको यस्तो अमानवीय र कठोर व्यवहार गरी एकजना विवाहित महिलालाई घरमा बस्न नसक्ने वातावरण तयार पार्ने व्यक्ति वा परिवारले पछि आएर मानाचामल भर्न सक्ने आर्थिक हैसियत थिएन वा छैन भनी लिने जिकीर आधारहीन हुन जान्छ । त्यसमा पनि मिसिल संलग्न प्रमाण कागजहरूबाट पुनरावेदक प्रतिवादीहरूको मासिक रू. २,०००।- मानाचामल भर्न सक्ने आर्थिक हैसियत यत्किंञ्चित् छैन भन्ने अवस्था नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल जेठ १४ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०७१८, चलन चलाई पाऊँ, *विकाउ मण्डल समेत वि. हरिनारायण महतो कोइरी*

फैसला कार्यान्वयनको सिलसिलामा सर्लाही जिल्ला अदालतबाट मिति २०६५।८।२० मा भएको आदेशउपर अ.बं. १७ नं. बमोजिम निवेदन दिई कानूनी उपचार प्राप्त गर्ने पुनरावेदकको हक रहेकोमा सोबमोजिमको उपचारको मार्ग अवलम्बन नगरी त्यस्तो विषयमा पुनरावेदन लाग्नै नसक्नेमा पुनरावेदन दर्ता गराएको देखिँदा पुनरावेदन पत्र खारेज हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल बैशाख २८ गते रोज ५ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. २०६७-CI-०३४०, निषेधाज्ञामिश्रित परमादेश, *विकाउ मण्डल वि. हरिनारायण महतो कोइरी समेत*

सर्वोच्च अदालतको अन्तिम फैसलाबमोजिम विवादको ०-०-८ धूर जग्गामा विपक्षी हरिनारायणले चलन चलाई पाउने ठहरेकोमा सो फैसलाअनुरूप निज हरिनारायणले पटक-पटक चलन चलाई पाएकोलाई चलन हटक गरेको कारण दण्ड सजायको ४३(५) नं. बमोजिम पुनरावेदकलाई रू.१,०००।- जरीवाना समेत भई सो जग्गामा चलन चलाई दिएको देखिन्छ । यसरी अन्तिम फैसला भै अदालतले कानूनबमोजिम फैसला कार्यान्वयन गरिदिएको विषयलाई लिएर निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भनी निवेदन दिएको र दावीको जग्गामा पुनरावेदकको हक नै समाप्त भइसकेको अवस्था हुँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल बैशाख २८ गते रोज ५ शुभम् ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** फौ.सा.नं. ०६८-RC-०१०६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णबहादुर बराम*

मौकामा कागज गर्ने वीरबहादुर बराम समेतका व्यक्तिले मौकामा गरेको बयान र अदालतमा गरेको बकपत्र समेतबाट यी प्रतिवादी सन्काहा खालको भएको, सधै बाबु आमालाई देखी नसहने र झडङ्ग रिसाउने खालको भए पनि मगज बिग्रेको थिएन भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीको बयान हेर्दा पनि निजले उल्लेख गरेको कुराहरू अस्वाभाविक र मानसिक रूपमा अस्वस्थ्य व्यक्तिले सहजै व्यक्त गर्न सक्ने खालका देखिँदैनन् । घटनाको सहज र सविस्तार वर्णन गर्दै निज प्रतिवादीले पहिले अदालतमा बयान गरेकोबाटै निजले ततिम्बामार्फत् मानसिक रूपमा अस्वस्थ्य भएको कारणले बाबु आमालाई प्रहार गर्न पुगेछु भनी लिएको जिकीर पत्यारलायक देखिन नआउने ।

वारदात घटाउँदाका बखत यी प्रतिवादी मानसिक रूपमा अस्वस्थ्य रहेका थिए कि भन्ने आशंका र अनुमान गरी निजको आपराधिक कार्यलाई अन्यथा मूल्याङ्कन गर्नुपर्ने औचित्य नदेखिने ।

आफूलाई जन्मदिने ७० वर्षका वृद्धावस्थाका बाबु आमालाई आर्थिक अभावबाट मुक्त भई जुनी फेर्छन् भनी हत्या गरेको भन्ने प्रतिवादीको कथनबाट निज प्रतिवादीको नृशंस एवं पाशविक मनोवृत्ति तथा कसूर गर्दाको आपराधिक मनसाय स्थापित भइरहेको छ । त्यस्तो वृद्धावस्थाका बेसहारा बाबु आमालाई यथोचित हेरविचार, स्याहार सुसार एवं पालन पोषण गर्नुपर्ने दायित्व भएका यी प्रतिवादीले सो विपरीत बाबु आमालाई नै हत्या गरेको कसूरको गम्भीरता समेतलाई विचार गर्दा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल असार १५ गते रोज ६ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CI-०१०६, परमादेश, *नरेन्द्रमोहन मिश्र वि. जानकीदेवी*

शान्ति सुरक्षा बहाल गराउने प्रयोजनका लागि सम्म कुनै सम्पत्ति रोक्का राख्नु पर्ने भएमा मात्र प्रमुख जिल्ला अधिकारीले रोक्का राख्न सक्ने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(५) ले अधिकार दिएको देखिन्छ । तर त्यसरी रोक्का राखिएको सम्पत्ति शान्ति बहाल भएपछि पनि अनन्तकालसम्म यथावत रोक्का राख्ने असीमित अधिकार यस दफाले प्रमुख जिल्ला अधिकारीलाई दिएको मान्न नसकिने ।

पुनरावेदक नरेन्द्रमोहन मिश्र र निवेदिका जानकीदेवीका पतिबीच भएको मिति २०५८।६।१० को शर्तनामाबमोजिम निवेदिका जानकीदेवीका पतिका नाममा कायम भएको कि.नं. ५४३ को जग्गा फिर्ता लिनेबारेमा प्रचलित कानूनबमोजिम कारवाही चलाउने वा नचलाउने भन्ने विषय पुनरावेदक नरेन्द्रमोहन मिश्रको निजी विषय देखिन्छ । यस्तो व्यक्तिगत तवरमा उपचार खोज्ने प्रकृतिको मिति २०५८।६।१० को शर्तनामाको विषयले जग्गा पजनीको २(क) नं. बमोजिमको कानूनी हकलाई सीमित, निर्देशित वा निष्क्रिय बनाउन सक्ने पनि नदेखिने हुँदा जग्गा पजनीको २(क) नं. बमोजिम पतिको नाममा कायम रहेको कि.नं. ५४३ को जग्गामा रहेको निवेदिका जानकीदेवीको कानूनी हकअनुरूप उक्त जग्गा पतिको नामबाट आफ्नो नाममा नामसारी समेत गर्न पाउनेमा सो कार्य समेत गर्न नपाउने गरी अनन्तकालसम्म जग्गा रोक्का राख्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई रहे भएको नहुँदा निवेदिकाको मागअनुरूप उक्त जग्गाको रोक्का फुकुवा गरिदिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालय समेतको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः शारदा तिमल्सेना

इति संवत् २०६९ साल बैशाख २८ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४-WO-०९०८, उत्प्रेषणयुक्त परमादेश, *मनहजुर राणा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

बण्डा मुचुल्कामा उल्लेख भई मालपोत कार्यालयबाट बाटोको रूपमा कित्ताकाट समेत भएको

बाटो अन्य अंशियाराहरूले समेत प्रयोग गर्ने साझा प्रकृतिको बाटो रहेको देखियो । यस्तो प्रकृतिको घरजग्गामा आवतजावत गर्ने बाटो नेपाल सरकारको नाउँमा दर्ता भएको कारणबाट जो कोही पनि सो उपभोग गर्नबाट बञ्चित हुनुपर्ने अवस्थाको सिर्जना हुन आउँदैन । बण्डा मुचुल्कामा ८ फीट चौंडाई बाटोको लागि जग्गा छुट्याइएकोमा सो भन्दा बढी जग्गा मालपोत कार्यालयले कित्ताकाट गरी नेपाल सरकारका नाउँमा दर्ता गरेको भन्ने निवेदन दावी पनि नरहेको अवस्थामा बण्डा मुचुल्काविपरीत निवेदकको हक स्वामित्वको जग्गा बाटोको रूपमा कित्ताकाट हुन गएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल जेठ १४ गते रोज १ शुभम् ।१

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CR-०५६०, ०६५३, जीउ मास्नेबेच्ने, *नेपाल सरकार वि. जमुनिया परियार, खिर्मी परियार वि. नेपाल सरकार*

प्रतिवादी खिर्मी परियारले कल्पना वली र रमीला आचार्यलाई बिक्री गर्ने उद्देश्यले भारतको दिल्लीमा लगेको भए तापनि पीडितहरूको जाहेरी दर्खास्तलगायत अन्य संकलित सबूद प्रमाणहरूबाट पीडितलाई के कतिमा बिक्री गरेको भन्ने नदेखिनुको साथै निजले नै बिक्री गरी रकम लिए खाएको र वेश्यावृत्तिमा लगाएको तथ्य प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिएन । निज खिर्मी परियार आफैंले पीडितहरूलाई बिक्री गरेको नभै बिक्री गर्ने उद्देश्यले भारतको दिल्ली पुऱ्याई निजको छोरी निषा भन्ने मनिषा परियारको जिम्मामा छाडी आएकोसम्म देखिँदा यी प्रतिवादी खिर्मी परियारले जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(ख) को कसूर गरेको देखिन आयो । यसरी प्रतिवादी खिर्मी परियारले पीडित कल्पना वली र रमिला आचार्यलाई पटक-पटक गरी बिक्री गर्ने उद्देश्यले भारतको दिल्ली लगेको देखिएकोले निज प्रतिवादी खिर्मी परियारलाई जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(ख) को कसूरमा ऐ. दफा ८(२) अनुसार कैद वर्ष १०(दश) सजाय हुने ।

जमुना परियार प्रतिवादी खिर्मी परियार र पीडित रमिला आचार्य सँगसँगै दिल्ली गएको देखिए तापनि निज जमुना परियारले पीडित रमिला आचार्यलाई ललाई फकाई गरेको भन्ने तथ्य कहीं कतैबाट खुल्न आएको देखिँदैन । निज आफैले पीडित रमिला आचार्यलाई ललाई फकाई गरेको नदेखिए तापनि प्रतिवादी खिर्मी परियारसँग सल्लाह भएबमोजिम कोहलपुरमा भेट भई दिल्ली गएको र निज जमुनी भन्ने जमुना परियारले सिलाई मेशिन किन्ने उद्देश्यले दिल्ली गएकी भने तापनि सिलाई मेशिन नलिई नेपाल फर्किएको भन्ने कुरा निजकै बयानबाट देखिँदा निज जमुना परियारले पीडित रमिला आचार्यलाई भारतको दिल्ली लैजाने कार्यमा प्रतिवादी खिर्मी परियारलाई सहयोग गरेकोसम्म देखिन आयो । यस्तो अवस्थामा प्रतिवादी जमुना परियारले रमिला आचार्यलाई दिल्ली पुऱ्याउने कार्यमा खिर्मी परियारलाई सहयोग गरेको कसूरमा निज जमुना परियारलाई जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(४) बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ १८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०११३, चोरी, *नेपाल सरकार वि. चीनबहादुर श्रेष्ठ*

बसको खलासीसहित लगिएको बस लुकाई छिपाई राख्न वा सो बेचबिखन गर्न सक्ने अवस्था समेत मिसिलबाट देखिन नआएको हुँदा प्रतिवादी चालकले बसधनीको पूर्वअनुमति नलिई बस चलाएर लगेको भन्ने तथ्यले मात्र चोरी गरेको कसूर स्थापित हुन सक्ने अवस्था नदेखिने ।

बसधनीको अनुमति नलिई यी प्रतिवादीले ना. २ ख ४१५४ को बस चलाई जाँदा दुर्भाग्यवस बस दुर्घटना भएको देखिन आएकोले यस्तो कार्य मुलुकी ऐन, चोरीको महलको १ नं. र १२ नं. को परिभाषाअनुसार साधारण चोरीको परिभाषाअन्तर्गत नपर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल असार १४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०२१३, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सीता चौलागाई*

ज्यान मुद्दाको अनुसन्धान गर्ने तथा मुद्दा लगाउने कुरा प्रहरी अधिकृत तथा प्रहरी संगठनको नियमित कर्तव्यभित्र पर्ने विषय हुन्छ तथा अदालतको आदेशले थुनामा रहने नरहने कुरा निर्धारण हुने ।

ज्यान मार्ने उद्योग मुद्दामा पीडितलाई पर्न गएको चोट र त्यसको असरलाई मात्र ज्यान मार्ने उद्योग गरेको हो होइन भनी ठहर गर्न निर्णायक प्रमाण मानिँदैन, प्रतिवादीले ज्यान मार्नेसम्मको कार्य गरिसकेको हो होइन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । तथापि घाउको अवस्थाले प्रतिवादीको कार्यको सांघातिकताको वस्तुगत रूपमा मूल्याङ्कन गर्ने आधार हुने हुँदा त्यस्तो प्रमाणलाई अदालतले महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

पीडितलाई परेको चोटको गाम्भीर्यतालाई हेर्दा प्रतिवादीले मार्ने मनसायले शक्तिशाली ढंगले प्रहार गरेको नभई कुटपीटको उद्देश्यले सामान्य प्रहार गरेकोसम्म देखिँदा तथ्य र प्रमाणहरूले पुष्टि नभएको चिकित्सकले व्यक्त गरेको मनोगत रायलाई मात्र अकाट्य प्रमाण मानी पीडितको अवस्था गम्भीर र मर्नेसम्मको थियो भनी निष्कर्षमा पुग्न नमिल्ने ।

प्रतिवादी सीता चौलागाईले पीडित जगतबहादुर रावललाई दावले टाउकोमा प्रहार गरेको भन्ने तथ्य स्वयं प्रतिवादीले अदालतसमक्षको बयानमा स्वीकार गरेको भए पनि वारदात हुँदाको समग्र अवस्था, परिस्थिति र पीडितलाई परेको चोटको अवस्थालाई हेर्दा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको नभई कुटपीटको वारदात देखिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल असार १४ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको WO-०३९७, उत्प्रेषण परमादेश समेत, *रामकृपाल यादव वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई पिपलबोटे आयुर्वेद औषधालय पाँचथरबाट हेदङ्ना आयुर्वेद औषधालयमा सरूवा गर्ने गरी आयुर्वेद विभागबाट भएको मिति २०६६।५।१७ को निर्णय र मिति २०६६।५।१९ को पत्र, निजलाई हेदाङना आयुर्वेद औषधालय संखुवासभाबाट पुनः पिपलबोटे आयुर्वेद औषधालय पाँचथरमा सरूवा गर्ने गरेको सोही विभागको मिति २०६७।१।६ को निर्णय र मिति २०६७।१।१४ को पत्र तथा सो आयुर्वेद विभागको मिति २०६७।१।६ को सरुवा निर्णय बदर गर्ने गरी भएको विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।५।२९ को निर्णय र सो अनुरूप जारी भएको आयुर्वेद विभागको मिति २०६७।५।३१ को पत्र समेत स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ र स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१(क) विपरीत भएको देखिएकोले निवेदकको हकमा उल्लिखित निर्णय र पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै यस अदालतको मिति २०६७।७।१५ को अन्तरिम आदेशबमोजिम पिपलबोटे आयुर्वेद औषधाललय, पाँचथरमा कार्यरत् यी निवेदकलाई अब सोही स्थानमा निजको पदाधिकार कायम गरी काम गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल पुस १३ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको WO-०४५४, उत्प्रेषण समेत, *विष्णुकुमारी गौतम (पौडेल) वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

सुगम क्षेत्रमा ३ वर्ष ६ महिना भन्दा बढी अवधि कामकाज गरिसकेको र सुगम क्षेत्रमा काम गर्नुअगाडि पनि अतिदूर्गम क्षेत्रमा कार्यरत् नरही दुर्गम क्षेत्रमा सम्म कामकाज गरेको स्वास्थ्य सेवाको कर्मचारी यी निवेदिकालाई ४ वर्ष व्यतीत नभए पनि पुनः स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिम दूर्गम ख(१) क्षेत्रमा पर्ने गह्रौंघ्याङ्लिङ प्राथमिक स्वास्थ्य केन्द्र स्याङ्जामा सरुवा गर्न उक्त स्वास्थ्य

सेवा नियमावली, २०५५ को नियम ३१(क) ले बाधा गरेको नदेखिँदा स्वास्थ्य सेवा विभागको सरुवा निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान नभएको र मिति २०६७।७।१६ बाट लागू हुने गरी सरुवा भएको स्थानमा निवेदिकाको रमाना समेत भैसकेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल पुस १३ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०७५०, उत्प्रेषणयुक्त परमादेश समेत, *कृष्णलाल यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

अदालतको आदेशबमोजिम पदनाम पाएका सहायक पाँचौंस्तरका सि.अ.हे.व. ले स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२ बमोजिम तालिममा मनोनयन हुनको लागि खुलातर्फ पनि समावेश भई दरखास्त दिन नपाउने गरी उक्त कानूनले बाधा नपुऱ्याएको भन्ने आधारमा यस अदालतबाट निवेदक समेतलाई निवेदनमा उल्लिखित पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाको सि.अ.हे.व. स्तरवृद्धि तालिम छनौटसम्बन्धी सूचनाअनुसार समावेश गरी छनौट गर्नु भनी विपक्षीहरूका नाममा मिति २०६६।११।९ मा अन्तरिम आदेश जारी भएकोमा उक्त आदेशअनुरूप निवेदकलाई मागबमोजिम तालिम छनौट प्रक्रियामा समावेश गराई सकिएको हुँदा माग पूरा भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदन औचित्यहीन भइसकेको प्रस्तुत निवेदन जिकीर सम्बन्धमा थप विचार गरिरहनु पर्ने अवस्था नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमल्सेना

इति संवत् २०६८ साल पुस १३ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६६ सालको WO-०५८२, उत्प्रेषणयुक्त परमादेश समेत, *बालकिशोरप्रसाद यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६७ सालको WO-०९२२, उत्प्रेषणयुक्त परमादेश समेत, *चिरञ्जीवी वास गिरी समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-CR-०४६०, मूल्य अभिवृद्धि कर, *प्रेम शान्त मानन्धर वि. इन्टर्न टेक्सटाइल ई. लि., छातापिपरा, बारा*

कपडा उद्योगको काम कच्चा पदार्थ ल्याई तयारी कपडा उत्पादन गर्नेसम्म पर्दछ । अरुको ग्रे कपडा ल्याई डाइङ सेवा प्रदान गर्ने कार्यलाई कपडा उद्योगको उत्पादन कार्यअन्तर्गतको काम भन्न नमिली केवल सेवा बिक्रीको कार्यसम्म गरेको मान्नुपर्ने ।

आफैं कपडा उत्पादन नगरी केवल सेवा बिक्री गर्ने उद्योगले सो सेवा बिक्री गरेकोमा आर्थिक ऐन, २०५७ को अनुसूची ४ को दफा २२ को सुविधा पाउने भनी अर्थ गर्न मिल्ने देखिँदैन । उक्त सुविधा कपडा उत्पादन गर्ने प्रयोजनार्थ कपडा उद्योगलाई दिएको सुविधा हो भनी बुझ्नुपर्ने हुन्छ । अर्थात् कपडा उद्योगको नाममा उक्त उद्योगले कपडा उत्पादन गर्ने बाहेक अन्य जुनसुकै कार्य वा सेवा बिक्री गरेको अवस्थामा पनि उक्त सुविधा पाउनुपर्ने भनी अर्थ गर्न नमिल्ने ।

इष्टर्न टेक्सटाइल इण्डष्ट्रिज लिमिटेडको कच्चा पदार्थ ल्याई उत्पादन गरेको कपडामा मूल्य अभिवृद्धि कर निर्धारण गरेको नभई अन्य कम्पनीले उत्पादन गरेको ग्रे कपडा ल्याई डाइङ सेवा प्रदान गरी सेवा बिक्री गरेको अवस्थामा आर्थिक ऐन, २०५७ को अनुसूची ४ दफा २२ को व्यवस्थाअनुसारको सुविधा लागू नहुने हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)(क) अनुसार कर लाग्ने नै भई मूल्य अभिवृद्धि कर नियमावली, २०५९ को नियम ४०(४) बमोजिम समानुपातिक हिसाबबाट कर कट्टी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल पुस २४ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६४-CR-०१०१, मूल्य अभिवृद्धि कर, *प्रेम शान्त मानन्धर वि. इष्टर्न टेक्सटाइल ई. ल., छातापिपरा, बारा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-CR-०७५४, बैंकिङ कसूर, *नेपाल सरकार वि. ईन्द्र ताम्राकार भन्ने ईन्द्रबहादुर नेपाली*

विधायिकाले ऐन निर्माण गर्दा न्यायकर्तालाई सजायको मात्रा (Quantam of Punishment) निर्धारण गर्न स्वविवेकीय अधिकार प्रदान गरेकोमा सो अधिकारको प्रयोग न्यायकर्ताले वस्तुनिष्ठ आधारमा गर्नु पर्दछ र उक्त अधिकार प्रयोग सद्विवेकपूर्ण तवरले भएको छ छैन भनी परीक्षण गर्ने अधिकार अघि फैसला गर्ने इजलासभन्दा वृहत इजलास, फैसला गर्ने अदालतभन्दा माथिल्लो अदालत वा न्यायाधीशमा रहने ।

कानूनी व्यवस्थाको प्रयोगमा सारभूत भिन्नताको (Substantial Difference) व्याख्या गर्दा न्यायकर्ताले आत्मगत रूपमा नभै सम्बन्धित ऐन कानूनको सूक्ष्म अध्ययन गरी विधायिकी मनसायलाई परिलक्षित गरी वस्तुनिष्ठ तवरले गर्नुपर्ने ।

दशहजारसम्म जरीवाना गर्नसक्ने गरी व्यवस्था भएकोमा संयुक्त इजलासको रायबाझी फैसला गर्ने न्यायाधीशले रू. ८०००।- जरीवाना गरिसकेको अवस्थामा तेस्रो न्यायाधीशबाट रू. ९,०००।- जरीवाना गरी निर्णयमा मत बाझिएको भनी बिना आधार तेस्रो राय कायम गरी निर्णयार्थ यस अदालत प्रेषित गरेको निर्णय उपयुक्त एवं मनासिब नदेखिने ।

पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।१७ को संयुक्त रायबाझी फैसला तेस्रो न्यायाधीशको इजलासमा पेश भई मिति २०६८।८।२५ को निर्णय हुँदा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसूर प्रतिवादी ईन्द्र ताम्राकार भन्ने ईन्द्रबहादुर नेपालीले गरेको ठहऱ्याई व्यक्त भएको रायसँग सहमत भै सजायको हकमा न्यायकर्तालाई दशहजार रूपैयासम्म जरीवाना गर्नसक्ने व्यवस्थाबमोजिम संयुक्त इजलासमा फैसला गर्ने न्यायाधीशबाट रू.८,०००।- जरीवाना गर्ने निर्णय गरेकोमा अपर्याप्त भएको दर्शाई रू.९०००।- कायम हुने भनी व्यक्त तेस्रो न्यायाधीशको इजलासको रायलाई भिन्न रायको रूपमा ग्रहण गर्न नमिल्ने हुँदा रू.८०००।- जरीवाना कायम हुने देखिँदा पुनरावेदन अदालत, पाटनबाट निरोपण भैसकेको देखिएको अवस्थामा चित्त नबुझ्ने पक्षले यस अदालतमा पुनरावेदन गर्न सक्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६९ साल असार १८ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६८-CR-०७५५, बैंकिङ कसूर, *नेपाल सरकार वि. एन्जेला थापा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. ०६४-WO-०१७७, उत्प्रेषण परमादेश समेत, *भीमसेन के.सी. वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, स्वयम्भू हलचोक समेत*

निवेदक भीमसेन के.सी. अस्पतालबाट डिस्चार्ज भएपछि बिदा स्वीकृत नगराई लामो समयसम्म आफू तत्काल कार्यरत् कार्यालयमा अनुपस्थित रहेको हुँदा निजलाई सशस्त्र प्रहरी बल बगलामुखी विशेष कार्यदल गणबाट सशस्त्र प्रहरी बलका विभिन्न इकाइ तथा जिल्ला प्रहरी कार्यालय, बर्दियामार्फत् खोजतलास गर्दा समेत निज फेला नपरेको र सम्पर्कमा नआएको हुँदा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१(ग) बमोजिम अस्पतालबाट डिस्चार्ज भएपछि कार्यरत् कार्यालय र अन्य इकाइमा समेत सम्पर्क नराखी बेपत्ता भएको भन्ने कारण खुलाई पर्चा खडा गरी सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) (छ) को कसूरमा ऐ. नियम ६४(ख) (१) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरेको निर्णयमा कानूनी त्रुटिको विद्यमानता रहे भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. ०६४-WO-०४८२, उत्प्रेषण परमादेश, *सोमप्रसाद पुडासैनी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

जग्गाको फिल्डबुकमा बाटो जनिएको, बाटो जनिई नापी भएको प्रस्तुत विवादको जग्गाको विषयलाई लिएर नापी र मालपोत कार्यालयले अन्यथा भनी निर्णय गर्न सक्ने कानूनी अवस्थाको विद्यमानता नदेखिँदा निवेदकले हाल साविकको लागि माग गरेको जग्गा बाटो जनिई नापी भै फिल्डबुकमा समेत बाटो जनिएको आफ्नो हकको जग्गा पुनः नापीमा बाटो जनिएको भए सो सच्याउन वा बदरका लागि सम्बन्धित निकायमा जग्गा नापजाँच ऐनको प्रक्रियाअनुरूप गएको नदेखिनुका साथै सबैले उपभोग गर्नसक्ने नै देखिँदा बाटो कायम भएको कारणबाट संविधान र कानूनप्रदत्त निवेदकको सम्पत्तिसम्बन्धी हकमा आघात पर्न गएको मान्न मिल्ने नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. ०६४-WO-०५२२, उत्प्रेषण, *ऋषिराज आचार्य वि. भूमिसुधार कार्यालय, सुनसरी इनरूवा समेत*

निवेदकले जग्गाको नरम करम सम्बन्धमा मौकामा आफ्नो व्यहोरा लेखाउन सकेको समेत पाइँदैन । निवेदकले दायर गरेको मोही लगत कट्टा सम्बन्धमा भूमिसुधार कार्यालयको फैसलाउपर निजले पुनरावेदन अदालतमा पुनरावेदन गरी विचाराधीन रहेकाले सोबाट उपचार प्राप्त गर्न सक्ने देखिँदा रिट क्षेत्रबाट केही बोलिरहन आवश्यक नदेखिने ।

विपक्षी सत्यनारायण चौधरी कि.नं. ३४१ र ३४२ को जग्गाको मोही भएको तथ्यमा अदालतहरूबाट विभिन्न समयमा भएका फैसलाहरू समेतबाट विवाद नदेखिएको, जग्गाको नरमकरम सम्बन्धमा भूमिसुधार कार्यालयबाट भएको सर्जमीन मुचुल्कामा निवेदक रोहबरमा बसी सही गरेको देखिनुका साथै मोही लगत कट्टा सम्बन्धमा निवेदकले शुरू निर्णयउपर पुनरावेदन गरी विचाराधीन रहेको अवस्थामा मोही लागेको जग्गा बाँडफाँड हुने भनी भूमिसुधार कार्यालय, सुनसरीबाट मिति २०६४।६।१५ मा भएको निर्णय त्रुटिपूर्ण नदेखिई त्यसबाट निवेदकको संविधान एवं कानूनप्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात पुग्न गएको अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. २०६२-WO-२४८९, उत्प्रेषण, *मुस्तकिम मिया वि. डा. कफिर्लुरहमान समेत*

रिट निवेदकले मुद्दा पर्नुभन्दा अगाडि देखिबाट साविक वतन परिवर्तन गरी अन्यत्र स्थायी रूपमा बसाई सरेको भनी बसाईसराइको प्रमाण कागज समेत पेश गरेको अवस्थामा साविक वतनमा तामेल भएको भनिएको म्याद प्रथम दृष्टिमा (Prima facie) रूपमा सही वतनमा तामेली भएको नदेखिँदा सोलाई कानूनअनुरूपको मान्न नमिल्ने हुँदा रिट निवेदकले प्रतिवाद गर्ने मौका समेत प्राप्त गरेको देखिन नआउने ।

मोही लागेको जग्गाको द्वैध स्वामित्वलाई भूमिसम्बन्धी ऐन, २०२१ मा चौथो संशोधनद्वारा संशोधित दफा २६ख को व्यवस्थाले सारवान कानूनको द्वैध स्वामित्व समाप्त गरी बाँडफाँडको माध्यमद्वारा आधार हक स्वतः स्थापित भएको छ । उक्त व्यवस्था संविधानसँग बाझिएको भनी परेको संवत् २०५३ सालको रिट नं. २५३१ अधिवक्ता मिथिलेशकुमार सिँह विरूद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको रिट निवेदन सर्वोच्च अदालत वृहत विशेष इजलासबाट संशोधित व्यवस्था संविधानसँग बाझिएको भनी भन्न मिलेन भनी निर्णय भएको देखिन्छ । (*नेकाप* २०५९ नि.नं. ६७४६ अङ्क ७, पृ. ४७८) त्यस्तै निवेदक लोकनाथ उपाध्याय विपक्षी देवीमाया भट्टराई समेत भएको मोही बाली मुद्दामा संवैधानिक व्यवस्था, कानूनी व्यवस्था र सर्वोच्च अदालत समेतद्वारा प्रतिपादित सिद्धान्तबमोजिम स्थापित मान्यताविपरीत भूमिसम्बन्धी ऐनमा २०५३ सालमा भएको संशोधन, २०५८ सालमा भएको पाँचौं संशोधनपश्चात् बाँडफाँडको कार्य स्वतः हुनुपर्ने भएकोले तत्पश्चात्को कुत बाली दिलाई मोही निष्काशन गरिपाऊँ भनी मुद्दा चलेकोमा कुत नबुझाएको भनी मोही निष्काशन गर्नु संविधान र कानूनसम्मत नदेखिन भनी *नेकाप* २०६२ नि.नं. ७५४९ मा सिद्धान्त प्रतिपादन

भएको देखिँदा प्रस्तुत निवेदनको विषयसँग असान्दर्भिक रहेको भनी मान्न नमिल्ने ।

भूमिसम्बन्धी ऐन, २०५३ र २०५८ मा भएको संशोधन समेतलाई आधार लिई मोही लागेको जग्गाको मोही निष्काशन हुने नहुनेसँग सम्बन्धित रही प्रतिपादित नजीरले मोही लागेका जग्गामा मोहियानी हकको संरक्षणलाई प्रमुखता दिएको देखिन्छ । भूमिसुधार कार्यालय, पर्साबाट निवेदकलाई मोही निष्काशन हुने गरी मिति २०६१।२।१७ मा भएको फैसलाबमोजिम कि.नं. ३९ को जग्गाको विपक्षी कफिर्लुर रहमानले आफ्नै छोरा बुहारी हसिबुर रहमान अन्सारी र लतिफुर रहमान अन्सारीलाई हक हस्तान्तरण गरेको देखिँदा फैसला बदर हुँदा पनि जग्गाधनी र वास्तविक मोहीको हैसियतमा परिवर्तन हुन जाने अवस्था नदेखिने ।

निवेदकको बसाई सरी कायम स्थायी वतन उल्लेख गरी विपक्षीले मुद्दा नदिएको कारणले निवेदकलाई प्रतिवाद गर्ने मौका समेत प्रदान भई भूमिसुधार कार्यालय पर्साबाट मिति २०६१।२।१७ मा फैसला भएको नदेखिँदा उक्त फैसला प्राकृतिक न्यायको सिद्धान्त समेत प्रतिकूल रहेको पाइयो । साथै यस अदालतबाट मोही निष्काशनका विषयलाई लिएर भएका माथि उल्लिखित नजीर समेतको आधारबाट भूमिसुधार कार्यालयको मिति २०६१।२।१७ को फैसला, मालपोत कार्यालय पर्साले निवेदकलाई मोहीको लगतबाट कट्टा गर्ने लगायतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाही कानूनविपरीत भै त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । जग्गाधनी र मोहीका हैसियतले जग्गाको बाँडफाँडको सम्बन्धमा कानूनबमोजिमको प्रक्रियाद्वारा भूमिसुधार कार्यालयले निर्णय गर्नसक्ने नै अधिकार रहिरहेको अवस्थामा रिटको असाधारण अधिकारक्षेत्रबाट बोलिरहन आवश्यक नदेखिने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. २०६६-WO-०७३९, उत्प्रेषणयुक्त परमादेश समेत, *सत्रुघन यादव समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवा विभागको मिति २०६६।१२।१० को निर्णयबाट निवेदकहरूको माग सम्बोधन भई निवेदकहरू समेतले हाल तालिममा छनौट हुनको लागि दरखास्त दिने अवसर प्राप्त गरिसकेको देखिँदा औचित्यहीन भइसकेको प्रस्तुत निवेदनमा थप विचार गरिरहनु नपर्ने भएकाले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ पुस १३ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CI-००६४, मोही दर्ता नामसारी, *राजेशप्रसाद सिँह वि. मु.स. गर्ने उमाकान्त चौधरी*

मोहियानी हक मोहीमा जग्गा कमाउने व्यक्तिको पूर्ण (Absolute) हक नभई जग्गा कमाउने व्यक्तिले कानूनले तोकेको शर्तहरू पालन गरी पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हो । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ अनुसार मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, बाबु धर्मपुत्र आदिमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कानूनी व्यवस्था भएकोले वादीको पिताको मोही हक कायम भइसकेको अवस्थामा जग्गाधनीले पत्याएमा निजको नाममा नामसारी हुने सम्म हो । निजका बाबुले आफूले दावी गरी प्राप्त नगरेको मोही हक स्वर्गीय पिताको नाममा कायम गराई आफ्ना नाममा नामसारी गराउनलाई भूमिसम्बन्धी ऐन, २०२१ ले वादीलाई त्यस्तो हक प्रदान गरेको नदेखिने ।

दावीको जग्गामा मोहीको हैसियतले कमाउने व्यक्ति कारी माझीले आफ्नो नाउँमा मोही कायम गरी पाउन वा मोहीको नाम दर्ता गरी पाउने दावी गर्न नसकेको हुँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(१) अनुसार सो हक वादीलाई प्राप्त हुने अवस्था नदेखिनुको साथै वादीका बाबुको नाममा मोही हक कायम भई नसकेको हुँदा सोही ऐनको दफा २६(१) अनुसार मोही नामसारी हुने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल असार १५ गते रोज ६ शुभम् ।

१६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०५७-WO-२९९५, उत्प्रेषणयुक्त परमादेश, *गुरुप्रसाद अधिकारी वि.अर्थ मन्त्रालय समेत*

यस्तै प्रकृतिको विवादको २०६५-CR-३५७८ को प्रतिलब्धिदर घटीसम्बन्धी अन्तशुल्क मुद्दामा यस अदालतबाट पुनः निर्णयका लागि राजश्व न्यायाधिकरणमा पठाउने गरी २०६५।१।५ मा निर्णय भैसकेको स्थितिमा तथ्यगत अवस्था पनि समान रहेको प्रस्तुत मुद्दामा कर निर्धारण गरी निवेदकबाट दाखिला गर्ने भन्ने विपक्षी मूल्य अभिवृद्धि कर कार्यालयको मिति २०५५।१२।२४ र २०५७।५।८ को पत्रको साथै सो सम्बन्धमा भएको नेपाल सरकारको साथै अर्थ सचिवस्तरीय निर्णय समेत कानूनअनुरूपको नभै त्रुटिपूर्ण भै कायम रहन नसक्ने देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदक कम्पनीको उत्पादनको अवस्था र स्थिति रेक्टीफाइड स्प्रिटबाट उत्पादित मदिराको परिणाम यकीन गरी करसम्बन्धी तत्काल विद्यमान ऐन कानून समेतबाट मध्यनजर गरी आवश्यक जो जे बुझ्नु आवश्यक हुन्छ बुझी पुनः कर निर्धारण गर्नु भनी तत्कालीन मूल्य अभिवृद्धि कर कार्यालय हालको आन्तरिक राजश्व कार्यालय ललितपुरको नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल फागुन २८ गते रोज १ शुभम् ।

१७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-WH-००४५, बन्दीप्रत्यक्षीकरण, *माधवप्रसाद पराजुली वि. जिल्ला कारागार कार्यालय, धुलिखेल समेत*

निवेदकलाई भ्रष्टाचार मुद्दामा भएको अन्तिम फैसलाले लागेको कैद महिना १ मा निज उल्लिखित भ्रष्टाचार मुद्दा अनुसन्धानको सिलसिलामा थुनामा बसेको अवधि १५ दिन कटाई बाँकी दिन १५ मात्रको कैद ठेकी असूलउपर गर्नुपर्ने ।

भ्रष्टाचार मुद्दामा भएको फैसलाबमोजिम कैदमा बस्नुपर्ने अवधि मिति २०६८।९।७ मा नै समाप्त भइसकेपछि पनि यी निवेदक सो कारागारमा कैदमा नै रहेको देखिएकोले सो मिति २०६८।९।७ पछि पनि निवेदकलाई कैदमा नै राख्ने गरेको विपक्षीहरूको कार्य मुलुकी ऐन, अ.बं. १२० नं. को कानूनी व्यवस्थाविपरीत रहेको देखिने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमल्सिना
इति संवत् २०६८ साल पुस ११ गते रोज २ शुभम् ।

१८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको CI-०१५०, परमादेश, *भागवत शर्मा वि. विनय नरसिँह राणा*

राष्ट्रिय वाणिज्य बैंकले यथावत रोक्का राखिपाऊँ भनी जिकीर लिएको प्रत्यर्थी निवेदकको नामको विवादित कि.न.. ३४५ र ३७३ का जग्गाको रोक्का फुकुवा गर्ने गरी तयार गरिएको मिति २०५३।६।८ च.नं. ८६८ को पत्रसम्म कीर्ते ठहर भई बैकले आफूले पाउने बिगो समेत सो पत्र कीर्ते गर्ने साविक जग्गाधनी तथा कर्जा लिने प्रतिवादीहरूबाट भराई पाउने ठहऱ्याई दाङ्ग जिल्ला अदालतबाट २०५३ सालको फौ.पु.नं. २०७/६३ का मुद्दामा भएको २०५६।१२।१० को फैसलाउपर यी पुनरावेदक विपक्षी राष्ट्रिय वाणिज्य बैंकको पुनरावेदन नपरी उक्त फैसला अन्तिम भई बसेकोले सो फैसलाबमोजिम हुने कुरामा विवाद भएन । विवादित जग्गा प्रत्यर्थी निवेदकको एकलौटी हक स्वामित्व र दर्ता स्रेस्ताभित्रको भई सो जग्गा रोक्का राख्ने अधिकार विपक्षीहरूलाई कुनै कानूनले प्रदान गरेको नदेखिएको समेतबाट उक्त कि.नं. ३४५ र ३७३ को जग्गा फुकुवा गरिदिनु भनी परमादेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमल्सिना
इति संवत् २०६८ साल पुस १२ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४-WO-०८०९, उत्प्रेषण परमादेश, *रणबहादुर तामाङ्ग वि. मालपोत कार्यालय, काभ्रेपलाञ्चोक समेत*

यस अदाततलले वैकल्पिक उपचारको अभाव भएमा वा वैकल्पिक उपचार भए पनि उक्त

उपचार प्रभावहीन भएको अवस्थामा मर्का पर्ने पक्षले मौकैमा न्यायिक उपचारको माग गरेको अवस्थामा मात्र असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचार प्रदान गर्दछ । हाम्रो संवैधानिक व्यवस्था पनि यही हो । वैकल्पिक उपचारको उपयोग गरी त्यसको परिणाम हेरी लामो समयसम्म चूप लागी अति विलम्ब गरी उपचार खोज्न आउनेलाई अदालतले मद्दत गर्न नसक्ने ।

निवेदक रणबहादुर तामाङले अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत तह-तह न्यायिक निरोपणमा सरिक भई २०४३।३।३१ मा तत्कालीन बागमती अञ्चल अदालतबाट भएको फैसला अन्तिम भएपश्चात् सोको कार्यान्वयन २०४४।१२।२३ मा भइसकेपछि करीब २० वर्षको अवधि व्यतीत गरी अति बिलम्ब गरी प्रस्तुत रिट निवेदन लिई आएको देखिँदा रिट निवेदक रणबहादुर तामाङको निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल पुस २५ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको RC-००९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर तामाङ*

प्रतिवादीले सुतिरहेको व्यक्तिलाई ढुङ्गाले प्रहार गरी मृतकको मृत्यु भएको देखिँदा मृतकउपर प्रहार भएको ढुङ्गा साधारण थियो भन्ने कुरा पुष्टि नभई त्यस्तो प्रहार क्रूरतापूर्वक गरी मृतकको मृत्यु हुन गएको देखिँदा अ.बं.१८८ नं. बमोजिम ५ वर्षमात्र सजाय हुन व्यक्त भएको राय कानूनसम्मत् देखिएन । मृतकउपर क्रूरतापूर्वक प्रहार भई परेको चोटका कारण मृतकको मृत्यु भएको कुरा प्रष्ट भइरहेको अवस्थामा प्रतिवादीले गरेको कार्य भवितव्यको परिभाषाभित्र समेत पर्ने देखिएन । यस्तो अवस्थामा शुरू जिल्ला अदालतबाट अ.बं. १८८ नं बमोजिम ५ वर्ष कैद हुन मनासिब हुने भनी व्यक्त भएको रायलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नदेखिने ।

वारदातपूर्वदेखि नै मानसिक समस्याग्रस्त रहेको, औपधोपचारमा संलग्न रहेको समेत कुनै पनि लिखित तथा मौखिक कथन समतेबाट पुष्टि हुन सकेको छैन मिति २०५७।५।६ मा वारदात भएको छ । मानसिक अवस्थाका वारेमा स्वयं प्रतिवादी तथा तत्काल सम्पन्न मुचुल्का समेतमा संलग्न व्यक्तिहरूको कथनबाट देखिँदैन । वरु अनुसन्धानका क्रममा भएको प्रतिवादीको स्वास्थ्य परीक्षणमा मानसिक अवस्था ठीक रहेको प्रतिवेदन मिसिलमा संलग्न रहेकाले मिति २०५८।४।४ मा मात्र प्रतिवादी मानसिक रोगग्रस्त भन्ने पत्रलाई आधार लिन नमिल्ने ।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६ सालको CR-०४८२, ०५०३, डाँका, *ज्ञानबहादुर सुब्बा वि. नेपाल सरकार, रितेश निरौला वि. नेपाल सरकार*

प्रतिवादी समेतका ७८ जना व्यक्तिहरूले आफू समेतलाई कुटपीट गरी आफ्नो नगद तथा सुनलगायतका धनमाल डाँका गरी लगेका हुन् भनी यी पुनरावेदक प्रतिवादीहरूलाई चिनाई सनाखत गर्नुका साथै अदालतमा बकपत्र समेत गरी दिएको देखिन्छ । मौकामा कागज गर्ने मानिस धीरेन पौडेल समेत मौकाको आफ्नो भनाईलाई समर्थन गर्दै यिनै प्रतिवादीहरूले जाहेरवालाको घरमा डाँका गरेका हुन् भनी अदालतमा बकपत्र गरिदिएको पाइन्छ । यसरी मिसिल संलग्न प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरूले जाहेरवालाको घरमा डाँका गरी बिगोबमोजिमको धनमाल लगेको निर्विवाद रूपमा पुष्टि हुन आएको र यस अघि विभिन्न डाँका मुद्दाहरूमा निजहरूलाई सजाय भएको हुँदा अभियोग दावीबमोजिम पटक कायम गरी सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CR-०४७९, ०५०६, डाँका, *बिक्रम भन्ने ज्ञानबहादुर सुब्बा वि. नेपाल सरकार, रितेश निरौला वि. नेपाल सरकार*
- ०६६-CR-०४८०, ०५०८, डाँका, *बिक्रम भन्ने ज्ञानबहादुर सुब्बा वि. नेपाल सरकार, रितेश निरौला वि. नेपाल सरकार*
- ०६६-CR-०४८१, ०५०७, डाँका, *बिक्रम भन्ने ज्ञानबहादुर सुब्बा वि. नेपाल सरकार, रितेश निरौला वि. नेपाल सरकार*

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६ सालको CR-०५६१, मानव बेचबिखन, *दानबहादुर महरा समेत वि. नेपाल सरकार*

वारदात हुँदाको अवस्थामा विद्यमान कानूनद्वारा व्यवस्थित सजायभन्दा बढी सजाय हुने गरी पछि बनेको र लागू भएको मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम निज प्रतिवादीहरूलाई सजाय गर्न कानूनसंगत हुँदैन । यी पुनरावेदक प्रतिवादीहरूले गरेको कार्य (जाहेरवालाकी श्रीमती शान्तिदेवीलाई बेचबिखन गर्ने उद्देश्यले विदेश भारतमा लगेको) तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(ख) अन्तर्गतको कसूर स्थापित हुन आएको हुँदा सो कसूरबापत निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ८(२) बमोजिम सजाय गर्नु नै विधिसम्मत् हुने ।

पुनरावेदक प्रतिवादीहरूले जाहेरवालाकी श्रीमती शान्तिदेवी खातीलाई नेपालबाट विदेश भारत दिल्लीमा बेचबिखन गर्ने उद्देश्यले लगेको भन्ने पुष्टि हुन आएको र सो कार्य तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ४(ख) अन्तर्गतको कसूर हुँदा सो कसूरजन्य कार्य गरे बापत निजहरूलाई सोही ऐनको दफा ८(२) बमोजिम जनही ५ (पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको RC-००७४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शर्मीला वि.क.*

फौजदारी अपराधमा आपराधिक मनसाय र आपराधिक कार्यको अपराध घट्नुमा मुख्य भूमिका रहने र सो घटना घटाउने व्यक्ति अर्थात् प्रतिवादी अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत उपस्थित भई कसूर अपराध सावित गरिरहेको र गरासी लुकाई राखी पीडित सुतिरहेको कोठामा पसी अपराध घटाएकोमा अदालतमा समेत साविती पाइन्छ । साविती अन्य स्वतन्त्र प्रमाणबाट पनि पुष्टि भइरहेको अवस्था पनि देखिन्छ । यी प्रतिवादी शर्मीला वि.क. ले मृतकसँग रिसइवी रहेको कारण मृतकलाई मार्ने योजना बनाई हतियार समेत लुकाई राखी भोलिपल्ट मृतकउपर प्रहार गरी ज्यान मारेको कुरामा सावित रहेको समेतबाट यी प्रतिवादी शर्मीला वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** ०६४-CI-०९९१, दर्ता, *गिरीधारी सुवेदी वि. महाशंकर देवकोटा*

हदम्यादको प्रश्न कानूनी प्रश्न भएकोले जहिलेसुकै तथा जुनसुकै अवस्था र अदालतमा उठ्न सक्ने भएकोले त्यस्तो हदम्याद नघाई परेको उजूरी प्रारम्भमा नै खारेज गर्नुपर्नेमा शुरू मालपोत कार्यालयले निर्णय गरेको र पुनरावेदन अदालतले पनि सोउपर पुनरावेदन सुनी इन्साफ गर्ने गरेको समेत निर्णय त्रुटिपूर्ण एवं कानूनअनुकूल रहेको नदेखिने हुँदा खारेज हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

**इजलास नं. ३**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७-WO-००२१, उत्प्रेषण, *शोभा श्रेष्ठ प्रधान वि. सुवर्णसुन्दर श्रेष्ठ समेत*

प्रथम पटकको लिलाममा कसैले डाँक बोलकबोल गरेपछि पुनः अर्को एकपटक लिलाम गर्ने सूचना प्रकाशित गरी लिलामीको कार्य गर्नुपर्ने हुन्छ । त्यस्तो कार्यविधि पूरा गर्नेतर्फ कारवाही नगरी उक्त मिति २०६६।१२।२४ को प्रथम पटकको लिलामीमा कसैको पनि डाँक बोल्न सक्दैनौं भन्ने मुचुल्का भएको कारण दर्साइ लेनदेन मुद्दाका वादीलाई नै सकार गराई दा.खा. पूर्जी गरिदिने भनी प्रथम पटककै लिलाममा पूरा गर्नुपर्ने कानूनी कार्यविधिगत प्रक्रिया समेत पूरा नगरी भएको देखिनाले सो लिलामको कार्यलाई कानूनसंगत मान्न नमिल्ने ।

लेनदेन मुद्दाको बिगो भरीभराउको सिलसिलामा दर्तावाला जग्गाधनीलाई बुझ्दै नबुझी निजलाई सुनुवाइको मौका समेत नदिई प्राकृतिक न्याय सिद्धान्तको विपरीत र कानूनद्वारा तोकिएको लिलाम गर्दा पूरा गर्नुपर्ने जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(७) समेतको कार्यविधिगत प्रक्रिया समेत पूरा नगरी प्रथम पटककै डाँक लिलाम मिति २०६६।१२।२४ मा लेनदेन मुद्दाका वादीलाई नै सकार गराई सोही मितिमा दा.खा. पूर्जी दिने र मिति २०६७।२।१३ मा मालपोत कार्यालय, धनकुटामा दा.खा. दर्ता गरी दिने भनी गरेको पत्राचार र सोका आधारमा नापी कार्यालय, धनकुटाबाट मिति २०६७।३।१३ मा गरेको कित्ताकाटको मुचुल्का समेतका आधारमा विपक्षी रविन्द्रकुमार सर्राफका नाममा दा.खा.दर्ता भै जग्गाधनी प्रमाणपूर्जा समेत प्राप्त गरेको कार्य कानूनसम्मत् प्रक्रियाबाट भएको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब साहू रवीन्द्रकुमार सर्राफको फैसलाबमोजिम भरी पाउने ठहऱ्याएको बिगो भरी भराउमा कानूनद्वारा निर्धारित गरेको कार्यविधिगत प्रक्रिया समेत पूरा गरी कानूनबमोजिम फैसला कार्यान्वयनको कार्य गर्नु भनी विपक्षी धनकुटा जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल फागुन ११ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** मुद्दा नं. २०६८-CI-००५५, अंशचलन, *जमरुद्दिन मिया वि. जियाउल हुसेन मिया समेत*

निजी ज्ञान, सीप र प्रयासबाट आर्जन गरेको भनेको नितान्त आफ्नो पालामा आफ्नो मात्र श्रम सीप र प्रयास परेको सम्पत्ति भनी अर्थ गर्नुपर्ने ।

अंशबण्डाको १८ नं. परिवार सदस्यको उद्यमशीलतालाई संरक्षण र प्रोत्साहन दिने कानून हो । सम्पत्तिको आर्जनको इतिहास स्रोत र लगानीको प्रकृति विश्लेषण गरी न्यायिक निष्कर्षमा पुगिएन भने अंशबण्डाको १८ नं. को उद्देश्य र मर्म मर्न पुग्नेछ । पैतृक सम्पत्तिसँग कुनै सम्बन्ध नगाँसिने र परिवारका अन्य सदस्यको सो सम्पत्ति आर्जनमा कुनै योगदान आँक्न नसकिने सम्पत्ति बण्डा गर्न कर नलागोस् भन्ने नै अंशबण्डाको १८ नं. को आशय हो । विदेशमा रहेको आफ्नो छोराको आर्जनबाट आफ्ना नाममा खरीद भएको सम्पत्ति पनि निजी श्रम, सीप र प्रयासमध्ये प्रयासको आर्जन भएबाट वादीलाई सोबाट अंश दिन प्रतिवादीलाई बाध्य बनाउनु अंशबण्डाको १८ नं. प्रतिकूल हुने ।

प्रतिवादीका छोराले विदेशबाट पठाएको रकमबाट खरीद गरेको कित्ता नं. ९९ र १०० को जग्गा मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम बण्डा नलाग्ने ।

इजलमास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल चैत २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको रिट नं. २०६८-WO-०२८५, उत्प्रेषणयुक्त परमादेश, *गोविन्दराज पौडेल वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

समान तहको अर्को सेवा समूहबाट सेवा परिवर्तन गरी आउनेलाई बढुवामा समावेश हुनबाट केही समयसम्म उम्मेद्वार हुन नपाउनेसम्म व्यवस्था गरेको देखिन्छ। समान श्रेणी र तहमा गरेको सेवाबापत नम्बर दिइने छैन भनेर सो दफामा कुनै शर्त बन्देज लगाइएको देखिँदैन। उपल्लो पदमा बढुवा हुँदा हाल कार्यरत् श्रेणी तहमा रही कार्य गरेको अवधिको मूल्याङ्कन नगरिने हो भने बढुवा अवैज्ञानिक मात्र होइन अव्यवहारिक तथा अन्यायिक समेत हुन पुग्दछ। अर्को सेवा समूहबाट ल्याउँदा त्यर्हा कार्यरत् जनशक्तिलाई असर पुग्ने देखियो भने त्यस्ता जनशक्तिको हितमा कानूनमा नै केही सुरक्षात्मक प्रावधानको व्यवस्थासम्म गर्न सकिन्छ। त्यही भएर ऐनको दफा २२ मा सेवा परिवर्तन गरी आउनेको हकमासम्म केही समय बढुवामा रोक लगाएको देखिन्छ। कानूनद्वारा नै समान पदमा परीक्षा दिन पाउने गरी खुला गरिसकेपछि त्यसरी परीक्षा उत्तीर्ण भै एउटै सेवाभित्र एउटा समूहबाट अर्को समूहमा रमानासहित आउनेलाई कानूनद्वारा कुनै शर्त बन्देज नलगाएको अवस्थामा सो अवधिको जेष्ठताबापतको अङ्क पाउँदैन भन्न कानून तथा न्यायका दृष्टिकोणले नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल असार १२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०८८४, निषेधाज्ञा, *कृष्णराम विजयानन्द समेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल समेत*

जग्गाको अवस्थिति समेत देखिने गरी खिचिएका फोटोहरू हेर्दा उल्लिखित जग्गामा पर्खाल निर्माणको कार्य सम्पन्न भइसकेको अवस्था देखिन्छ। निवेदकको निवेदन जिकीरमा विवादित जग्गामा कम्पाउण्ड पर्खाल निर्माण गर्ने आशंका विद्यमान रहेको भनी जिकीर लिए पनि उक्त फोटोहरूबाट उक्त दावीको जग्गामा पर्खाल निर्माण कार्य सम्पन्न भैसकेको देखिन्छ। प्रस्तुत निवेदन मिति २०६६।४।३२ मा दायर भएकोमा विपक्षीका तर्फबाट पेश गरिएको मिति २०६६।५।१६ को लिखित जवाफमा समेत निर्माण कार्य भैरहेको भन्ने उल्लेख भएको देखिन्छ। विवादित दावीको जग्गामा निर्माण कार्य सम्पन्न भैसकेको अवस्थामा आशंकाको विद्यमानता छ भनी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-CI-०४६९, मोही नामसारी, *जयकिसुन प्रसाद यादव वि. रामेश्वर सिँह राजपुत*

पुनरावेदकले जग्गा आफूले खरीद गर्नुपूर्व मोही र जग्गाधनी सगोलको भनी जिकीर लिएकोमा पुनरावेदकले भनेको जस्तो सगोलको नभै कानूनतः बेगल भनी मुख नमिलेको अवस्थामा अंश मुद्दाको रोहमा बोल्नुपर्ने सगोल बेगलको प्रश्न प्रस्तुत मोही मुद्दाबाट निर्णय गरिदिन मिल्ने पनि देखिन्न। मोही लागेको जग्गामा मोही आधा जग्गाको स्वामी हुने कानूनी व्यवस्था रहेको अवस्थामा अंशियार जग्गाधनी हुन आएमा मोहीको हक स्वतः जाने हो भने मोही अनुपातिक रूपमा मोही हकबाट विमुख र बञ्चित हुन जाने अवस्था आउँछ। तसर्थ एकापरिवारभित्रका व्यक्तिका नाममा जग्गाको स्वामित्व आए तापनि साविकदेखिको मोही हक समाप्त हुन नसक्ने।

मोहीको मृत्युपछि मोहीको हक विधिवत रूपमा निज मोहीका सन्तानलाई प्राप्त हुने र मोहीको हैसियतले प्रत्यर्थीले दायित्व पूरा नगरेको भन्ने जिकीर समेत नदेखिँदा कानूनबमोजिम दर्तावाला मोहीको मृत्युपछि मोही हक हकदारका नाममा नामसारी हुनसक्ने नै देखिएको यस अवस्थामा विवादित दावीको कि.नं. ४२७ को जग्गा प्रत्यर्थी वादीका नाममा मोहियानी हक नामसारी हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल फागुन १२ गते रोज ६ शुभम्।

- यसै प्रकृतिको २०६७-CI-०४६८, मोही लगत कट्टा, *जयकिसुनप्रसाद यादव वि. रामेश्वर सिँह राजपुत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६३-CR-०४७८, भ्रष्टाचार, *नेपाल सरकार वि.खुमबहादुर खड्का समेत*

आफैंले जम्मा गरी दिएको श्रीमतीको बैंक खातामा नगद मौज्दात रहँदारहँदै उनाउ व्यक्तिसँग घरसारमा कर्जा लिएको भन्ने कुरा विश्वसनीय देखिँदैन । घरसारमा लिएको लिएको कर्जा भाखाभित्र तिर्नु बुझाउनु पर्ने र आर्जन वा सम्पत्तिबाटै कर्जा तिरिने हुँदा ऋण लिएको रकम सधैंका लागि आयस्रोत भैरहन्छ भन्ने जिकीर पनि तर्कसम्मत नहुने ।

बैंकमा जम्मा गरिएको निक्षेप रकम नै प्रतिवादीले जम्मा गरेको रकम हुँदा सोको स्रोत पुष्टि गर्नुपर्ने हुन्छ । निक्षेपबाट प्राप्त भएको ब्याज बढेबढाएको सम्पत्ति हुँदा बढेबढाएको सम्पत्तिको छुट्टै स्रोत दिई रहनु पर्ने अवस्था पर्दैन । आधारभूत सम्पत्ति अर्थात निक्षेप रकमको स्रोत पुष्टि भएमा त्यसबाट बढेबढाएको ब्याजको पनि स्वतः कानूनअरुपको आर्जन हुने र निक्षेप रकमको स्रोत पुष्टि गर्न नसकेमा त्यसबाट बढेबढाएको सम्पत्ति पनि स्वतः गैरकानूनी घोषित हुन पुग्दछ । तथापि त्यस्तो बढेबढाएको सम्पत्तिलाई विगोको रुपमा नराखी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ ले जफत हुने सम्पत्तिका रुपमासम्म राखेको हुँदा ब्याजलाई आर्जित सम्पत्ति वा निक्षेपको स्रोत पुष्टि गर्ने आयको मान्यता प्रदान गर्न नमिल्ने ।

कानूनले नै सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निजउपर राखी सो गर्न नसकेमा गैरकानूनी आर्जन मान्नु पर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्थामा कानूनको सीधा प्रावधानको बलपूर्वक व्याख्या गरी अन्यथा अर्थ गर्न वा निकाल्न मिल्ने स्थिति नदेखिने ।

पटक-पटक मन्त्री भएको, निर्वाचनमा भाग लिएको तथा व्यापक राजनीतिक सम्बन्ध भएको प्रतिवादीले बैध स्रोतबाट प्राप्त हुन सक्ने आय बचत गरी उल्लेख्य सम्पत्ति आर्जन गर्नसक्ने अवस्था विश्वसनीय मान्न नसकिने ।

आयस्रोतको लेखाजोखा राख्ने प्रचलन नभएको अवस्था तथा सम्पत्तिको मूल्याङ्कनमा समयक्रममा रहन जाने सामान्य अन्तरलाई अस्वाभाविक रुपमा नलिई आयस्रोत र सम्पत्तिबीच केही भिन्नता रहन जाने कुरा विवेकसम्मत हुनसक्ने भए पनि प्रतिवादीको वैधानिक आयस्रोत र उपरोक्त सम्पत्तिबीचको अन्तरलाई स्वाभाविक ठहर गर्न मिल्ने आधार नदेखिँदा प्रतिवादी खुमबहादुर खड्काले स्रोत पुष्टि गर्न नसकेको रु.९४,७४,१२२।१३ बराबरको चलअचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसूर गरेको ठहर्छ । सो ठहर्नाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) अनुसार विगो र कसूरको मात्रा विचार गरी एक वर्ष कैद र विगोबमोजिम रु.९४,७४,१२२।१३ जरीवाना तथा स्रोत पुष्टि हुन नसकेको उक्त सम्पत्ति र दफा ४७ बमोजिम सोबाट बढेबढाएको सम्पत्ति समेत जफत भई प्रतिवादीले मन्त्री र सांसदको पदमा रहेको समयमा कसूर गरेको भन्ने देखिँदा दफा २४ बमोजिम थप छ महिना कैद हुने ।

इजलास अधिकृतः बिष्णुप्रसाद उपाध्याय
इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम्

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CR-०१८८, कर्तव्य ज्यान, *ज्ञानबहादुर राई वि. नेपाल सरकार*

अपराध गर्न गएको समय, वारदातको स्थिति र अवस्था अभियुक्तले आफ्ना सँगसाथमा लिई गएका हतियारको प्रकृति, सहअभियुक्तहरूको बयान, वारदात घटना भइसकेपछि निजले आफूलाई कानूनको दायरभित्र समर्पण नगरी फरार रहेको वास्तविकता समेतको परिदृश्यबाट यी प्रतिवादीले गरेको मृतकउपरको आक्रमण परिस्थिति र परिवेशबाट भएको नभई सुनियोजित रूपमा नै गरेको पुष्टि हुने ।

मृतकलाई मार्ने चलाखीपूर्ण मनसायले पूर्व योजना र तयारीका साथ रातको समयमा मृतक सुतिरहेको अवस्थामा एक्कासी रडले प्रहार गरी मृतक बचाउको लागि भाग्दा लखेटी लखेटी पुनः खुकुरीले छपाछप काटी ज्यान मार्ने कार्य गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुँदा निज प्रतिवादीले घटाएको वारदातलाई परिस्थिति र परिवन्धबाट भएको मनसाय तत्वको अभाव रहेको भनी अर्थ गरी ज्यान जस्तो

गम्भीर अपराधबाट छुटकारा दिन सकिने अवस्था नदेखिएबाट प्रतिवादी ज्ञानबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CR-०६९२, ०६९६, हातहतियार खरखजाना, *रामजीत हरिजन वि. नेपाल सरकार, मोतिलाल केवट वि. नेपाल सरकार*

प्रतिवादीहरूको साथबाट बरामद भएको पेस्तोल, गोली समेतका ती हातहतियार इजाजतप्राप्त गरी वैध रूपमा साथमा रहेको भनी अर्थ गर्न मिल्ने पनि देखिन्न । हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) मा लाइसेन्स नलिई हातहतियार वा खरखजाना आफू साथ राख्न नपाउने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्थाको बर्खिलाप गरी साथमा बोकी हिँडेको र सोही बोकी हिँडेको अवस्थामा प्रहरीद्वारा बरामद भएको तथ्यका विपरीत यी प्रतिवादीहरूले हाम्रो साथबाट बरामद भएको होइन, हामीलाई फँसाइएको हो भनी पुनरावेदनमा जिकीर लिँदैमा वा त्यस्तो जिकीरलाई पुष्टि र प्रमाणित गर्ने कुनै सबूद प्रमाण पेश गर्न नसकेको यस अवस्थामा अधिकारप्राप्त व्यक्तिले कानूनको रीत पुऱ्याई तयार गरेको बरामद समेतका कागज प्रमाणलाई पुनरावेदक प्रतिवादीले भनेकै आधारमा मात्र अन्यथा भन्न सकिने अवस्था नरहनुका साथै यी पुनरावेदक प्रतिवादीले हाम्रो साथबाट हातहतियार बरामद भएको होइन भनी जिकीर लिए तापनि त्यस्तो जिकीरलाई पुष्टि गर्ने प्रमाण पेश गर्न नसकेको यस स्थितिमा प्रतिवादीहरू रामजीत हरिजन र मोतिलाल केवटलाई अभियोग दावीबमोजिम हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को बर्खिलाप सोही ऐनको दफा २०(२) र २०(३) को कसूरमा जनही ४/४ वर्ष कैद हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CR-०९५४, १०९०, कर्तव्य ज्यान, *राम पौडेल वि. नेपाल सरकार, नेपाल सरकार वि. राम पौडेल*

मृतकलाई मार्ने कार्य गर्दा मृतकको बचाउको कुनै प्रयास गरेको नभै आफू समेत संलग्न भै ढुङ्गा तथा खुकुरी प्रहार गरी मारेको र त्यसरी मारिसकेपछि पनि मृतकले चलाउने गरेको ट्याक्सीमा फरार रहेका प्रतिवादीहरू समेतलाई राखी काठमाडौंसम्म ल्याई ट्याक्सी बिक्री गरेको अवस्था छ । यदि निजको मृतक ट्याक्सी चालक कुलबहादुर बरामुलाई मार्ने कुनै मनसाय नरहे नभएको भए मृतकको बचाउ गर्न भरमग्दुर प्रयास गरेको हुनुपर्नेमा सो केही पनि भन्न सकेको अवस्था छैन । त्यसैगरी बचाउ गर्न असम्भव भएपछि प्रहरीमा मृत्युको बारेमा उजूरी गरी फरारी प्रतिवादीहरूलाई पक्राउ गराई कानूनी कारवाही गराउनेतर्फ लाग्नु पर्नेमा सो गरेको पनि देखिन्न । मानिस मार्ने कार्यमा आफू जानाजान मनसायपूर्वक सरिक भै मारी फाली आफू समेतका अन्य प्रतिवादीहरूलाई काठमाडौं ल्याई ट्याक्सी वर्कसपमा बिक्री गरी फरार रहेको अवस्थामा पक्राउ परेको देखिँदा निज प्रतिवादी राम पौडेल समेतले पूर्व योजनामुताविक सामूहिक रूपमा हत्यामा सहभागी भएको भन्ने कुरा निज प्रतिवादीले बयानका क्रममा व्यक्त गरेको भनाई वारदात घटनाको प्रकृति, शव परीक्षण प्रतिवेदन समेतबाट पुष्टि हुँदा निज प्रतिवादी निर्दोष भनी अर्थ गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CR-०३८८, २०६८ सालको RC-०००३, कर्तव्य ज्यान, *प्रेम गर्बुजा समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. अनजान बुद्धिजा*

पुनरावेदक प्रतिवादीहरू प्रेम गर्बुजा र अमृत गर्बुजा समेतले मृतक बुद्धिमाया र लालबहादुर गर्बुजालाई मार्ने मनसायले रातको समयमा मृतकको घरभित्र जवर्जस्ती प्रवेश गरी पदमबहादुर बुद्धिजा

भन्ने अन्जान बुद्धिजा समेत भै कुटपीट गरी घरभित्रै थुनी आगो लगाई दिएको र भाग्ने क्रममा घर बाहिर निस्कदा बुद्धिमायालाई ढुंगाले हानी घटनास्थलमा नै मारेका र अर्का मृतक लालबहादुरलाई कुटपीट गरी सख्त घाइते बनाई छाडी भागी फरार रहेका निज घाइतेको उपचारको क्रममा मृत्यु भएको देखिन्छ। पुनरावेदक प्रतिवादीहरूले वारदात घटनामा उपस्थित भै मृतकहरूउपर कुटपीट गरेको र आगो लगाएको कुरा समेत स्वीकार गरी अदालतमा समेत सावित रही एकअर्का सहअभियुक्तहरूलाई पोल गरी बयान गरेका तथा वारदात घटना वस्तुस्थिति मुचुल्का, पोष्टमार्टम रिपोर्ट, वारदात घटनापछि प्रतिवादीहरू फरार रहनु समेतका वारदात घटनाको प्रकृति र अवस्था समेतको तथ्यबाट यी प्रतिवादीहरूले मृतकहरूलाई कर्तव्य गरी ज्यान मारेको र घरमा आगो समेत लगाई दिएको पुष्टि र प्रमाणित हुँदा यी प्रतिवादीहरू प्रेम गर्बुजा र अमृत गर्बुजालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर कायम गरी जन्मकैद हुने एवं निजहरूको उमेरको कारण बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले सो जन्मकैदको आधा अर्थात् १०।१० वर्ष कैद गर्ने तथा आगलागीतर्फ रू. १,५०,०००।- बराबरको धनमाल आगो लगाई क्षति गरेकोमा जनही रू. ५०,०००।- का दरले पीडितलाई बिगो भराई दिने।

इजलास अधिकृत: श्रीप्रसाद सञ्जेल

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको रिट नं. WO-०८४३, उत्प्रेषणयुक्त परमादेश, *काशीप्रसाद गुप्ता समेत वि.भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

इञ्जिनियरिङ्ग अध्ययन संस्थाबाट निवेदकहरूले समकक्ष निर्धारण गर्न माग गरेको विषय सेवा समूहको उपसमूहभित्र नपर्ने भन्ने भएको र नेपाल निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम गठित समितिबाट मिति २०६६।८।१८ मा निवेदकहरूले प्राप्त गरेको Environment Management विषय इञ्जिनियरिङ्ग सेवा, सिभिल इञ्जिनियरिङ्ग समूहको बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहभित्र नपर्ने भनी निर्णय भएको देखिँदा कानूनबमोजिम यस्तो सरकारद्वारा गठित समितिले इञ्जिनियरिङ्ग विषयको पढाई हुने कलेज समेतको परामर्श लिई गरेको निर्णयलाई अन्यथा भनी अर्थ गर्न नमिल्ने।

निवेदकहरूले हासिल गरेको उक्त शैक्षिक योग्यता निवेदकहरू बहाल रहेको पदको लागि चाहिने न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिको भए पनि बहाल रहेको सेवा समूह तथा उपसमूहको लागि चाहिने न्यूनतम् शैक्षिक योग्यताभन्दा एक तह माथिको सम्बन्धित शैक्षिक योग्यता नभएको मानी सो सेवा, समूह र उपसमूहमा सम्बद्धता निर्धारण नगर्नु भनी गरेको मिति २०६३।८।१८ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: श्रीप्रसाद सञ्जेल

कम्प्युटर: निर्मला भट्ट

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-००६०, ००६१, ०१७६, ०१५१, ०३७०, खुन डाँका, *दोङ्गे भन्ने टलकबहादुर भोम्जन वि. नेपाल सरकार, हिराबहादुर भोम्जन वि. नेपाल सरकार वि. धनबहादुर थिङ् समेत वि. नेपाल सरकार, राजकुमार मोक्तान वि. नेपाल सरकार, उत्तरकुमार थिङ् वि. नेपाल सरकार*

प्रतिवादीहरूको साविती एवं परस्परको पोल, मौकामा कागज गर्ने व्यक्तिको भनाई व्यहोराबाट समर्थित भई रहेको स्थितिमा वारदातस्थलमा उपस्थित भै मृतकलाई मार्नमा संयोग पारी सघाई मारी सकेपछि लास बोकी हिँडेका पुनरावेदक प्रतिवादी धनबहादुर थिङ् तथा राजकुमार मोक्तानले अदालतसमक्ष इन्कारी बयान गरे पनि प्रतिवादीहरूलाई आरोपित कसूरको अभियोगमा निजहरूले कसूर गरेबापत सजायबाट उन्मुक्ति दिन नमिल्ने।

पुनरावेदक प्रतिवादी धनबहादुर थिङ्, रत्नबहादुर थिङ् र राजकुमार मोक्तानले मृतकलाई कर्तव्य गरी मार्नमा संयोग पारिदिने तथा मरिसकेपछि

लास बोकी हिँड्ने र मृतकसँग भएका धनमाल बाँडी खाने कार्यमा संलग्न भएका अवस्थामा यी प्रतिवादी धनबहादुर थिङ, रत्नबहादुर थिङ र राजकुमार मोक्तानलाई ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जनही जन्मकैद र चोरीको १४(४) नं. बमोजिम पहिलो पटक डाँका गरेकोमा जनही ६ वर्ष कैद र बिगोको डेढी रू. ६०,०००।- जरीवाना हुने ।

प्रतिवादीहरूले अदालत र मौकामा गरेको बयानमा मृतकको लासलाई कुलेखानी ड्यामको करीब २५ मीटर गहिराई भएको पानीमा फालेको भनी उल्लेख गरेको देखिन्छ । वारदात भएको मिति र प्रतिवादीहरूले बयान गरेको मिति समेतको बीचको अन्तराल तथा लासलाई फालेको स्थानको भौतिक अवस्था (पानीको गहिराई) लाई दृष्टिगत गर्दा मृतकको लास बरामद हुन सक्ने अथवा लासजाँच र मृत्युको कारण खुलाउन सकिने स्थिति र अवस्था नरहेको नभएको सहज अनुमान गर्न सकिने हुँदा पुनरावेदक प्रतिवादी दोङ्गे भन्ने टलकबहादुर भोम्जन र हिराबहादुर भोम्जनका हकमा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद, पुनरावेदक प्रतिवादी धनबहादुर थिङ, रत्नबहादुर थिङ् र राजकुमार मोक्तानलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जनही जन्मकैद तथा चोरीको १४(४) नं. बमोजिम जनही ६ वर्ष कैद र जनही ६०,०००।- जरीवाना समेत हुने र बिगोको हकमा मृतकका हकदारले प्रतिवादीहरूबाट भराई लिन पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पौडेल

इति संवत् २०६८ साल माघ ४ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०१७५, ०३१५, डाँका, *उत्तरकुमार थिङ वि. नेपाल सरकार*

सामान्यतया प्रत्यक्ष प्रमाण सबैभन्दा उत्तम प्रमाण हो र प्रत्यक्ष प्रमाण भएको अवस्थामा अन्य प्रमाणको महत्व गौण रहने हुन्छ। साथै घटना र परिस्थितिको सापेक्षताअनुरूप नै प्रमाण उपलब्ध हुने भएकोले प्रत्यक्ष प्रमाण सदैव उपलब्ध हुन्छ भन्ने निश्चित् पनि हुँदैन । यसकारण प्रत्यक्ष प्रमाण उपलब्ध नभएको स्थितिमा सहायक र परिस्थितिजन्य प्रमाणहरूको महत्त्व रहने कुरा स्वाभाविक हुने हुन्छ । पुनरावेदक धनबहादुर थिङ् समेतका प्रतिवादीहरूले आफ्नो कसूर अपराधलाई समेत अदालतमा स्वीकार गरेको अवस्था छ । प्रतिवादीहरूले कसूर नगरेको भए गरेको हो भनी अदालतमा स्वीकार गर्नुपर्नेसम्मको अन्यथा वा युक्तिसंगत् आधार प्रतिवादीहरूले देखाउन सकेको समेत नपाइँदा मृतक सन्तुमाया वाइबाको कर्तव्य गरी निजको साथमा रहेको धनमाल समेत बाँडी खाएको कार्य ज्यानसम्बन्धी महलको १३(१), १३(४) तथा चोरीको १४(४) विपरीतको कसूर भएको तथ्य स्थापित भएको हुँदा यी प्रतिवादी धनबहादुर थिङ्लाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद, प्रतिवादी उत्तरकुमार थिङ् र रत्नबहादुर थिङ्लाई ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जनही जन्मकैद तथा प्रतिवादी धनबहादुर थिङ, उत्तरकुमार थिङ् र रत्नबहादुर थिङ्लाई दोस्रो पटक डाँका गरेबापत चोरीको १४(४) नं. बमोजिम जनही ९ वर्ष कैद र ३३,४२७५० जरीवाना समेत हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल माघ ४ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०१९४, उत्प्रेषण समेत, *रामनारायण यादव वि. राजलाल गडेरी समेत*

परशुराम पाल समेतले निजका बाबु विपक्षी राजलाल गडेरी जीवित छँदै मरेको भनी सिफारिश बनाई मालपोत कार्यालय समेतबाट आफ्नो नाममा गराएको नामसारी समेत जालसाजी भएकाले बीसराम र परशुराम समेतलाई जरीवाना गर्ने गरी फैसला भएको पाइन्छ। प्रस्तुत जालसाजी मुद्दामा भएको फैसलाको परिणामस्वरूप परशुराम पाल समेतका नाममा दर्ता भएको कार्य नै दूषितपूर्ण देखिएपछि सो जालसाजीपूर्ण किसिमले आफ्नो नाममा कायम रहेको जग्गाको दर्ता र दृष्टिवन्धकीको लिखतले कानूनी

मान्यता पाउन सक्ने अवस्था देखिएन । जालसाजी मुद्दामा भएको फैसलाको परिणामले सोको दर्ता राजलालकै नाममा कायम भएको मान्नुपर्ने ।

राजलाल गडेरी लेनदेन मुद्दाका प्रतिवादी परशुराम पाल समेतका बाबु नाताका व्यक्ति रहेको र लेनदेन मुद्दाका प्रतिवादीहरू परशुराम पाल समेत राजलालका छोरा नाताका हुँदा र दुईजना छोराले दृष्टिवन्धक गरी लिएको ऋण तिर्ने दायित्व घरको मुख्य व्यक्ति बाबुले व्यहोर्नु पर्दछ भन्ने लेनदेन व्यवहारको ८ नं. समेतको कानूनी व्यवस्थाले मिल्ने अवस्था रहेन । परशुराम र बीसराम पाल एकाघर सगोलका बाबु जीवित छँदाछँदै दुवै जना छोराहरू एकै पटक घरको मुख्य व्यक्ति रहेको हुन सक्ने अवस्था पनि नरहने ।

घरको मुख्य व्यक्ति बाहेकका व्यक्तिले व्यक्तिगत तवरबाट लिएको ऋण तिर्नुपर्ने दायित्व सगोलको गोश्वारा धनबाट पूरा गर्नु पर्छ भन्ने कानूनी अवस्था नहुँदा त्यस्तो ऋण तिर्ने दायित्व लेनदेन व्यवहारको ९ नं. बमोजिम सम्बन्धित ऋणीमा रहनेमा विवाद छैन । यसरी प्रचलित कानूनी व्यवस्थाबमोजिम लेनदेन मुद्दाका प्रतिवादी परशुराम पाल समेतका नाउँको जग्गा दर्ताको कार्य जालसाज ठहरी निजको बाबु राजलाल गडेरीको नाममा दर्ता हुन गएको जग्गाबाट बिगो भरिभराउ गर्न मिल्ने अवस्था नरहने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल माघ २० गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०९५३, असंवैधानिक आदेश, सूचना अमान्य तथा बदर घोषित गरिपाऊँ, *सन्तोषकुमार महतो वि. गृह मन्त्रालय समेत*

संविधानसभाको निर्वाचनपश्चात् बस्ने संविधानसभाको पहिलो बैठक मिति २०६५।२।१५ मा शुरू हुने र उक्त बैठकबाट संवैधानिक रूपमा राजतन्त्रको अन्त्य भै गणतन्त्रको स्थापना हुने हुँदा तत्कालीन राजनीतिक परिस्थितिलाई मध्यनजर राखी शान्ति सुरक्षार्थ काठमाडौं उपत्यकाभित्रका विभिन्न स्थानमा जुलुस, आमसभा, विरोध धर्ना, प्रदर्शन एवं पसल सञ्चालन गर्नबाट रोक लगाउने गरी कानूनद्वारा अधिकारप्राप्त अधिकारीद्वारा मिति २०६५।२।१२ मा जारी उक्त आदेश संविधान र कानूनप्रतिकूल देखिन आएन । साथै जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०६५।२।१३ मा जारी सूचनामा नै अर्को आदेश नहुन्जेलसम्म मात्र लागू हुने भन्ने भएको र तत्कालीन राजनीतिक परिस्थितिमा जारी गरिएको उक्त सूचनाको अवधि र प्रभाव समाप्त भइसकेको अवस्थामा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार ३ गते रोज १

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WO-०४७७, उत्प्रेषणयुक्त परमादेश, *खेमराज कोइराला वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निवेदक खेमराज कोइरालाले सेवा प्रवेश गर्दा पेश गरेको निजको शैक्षिक योग्यताको प्रमाणपत्रहरूमा निजको जन्ममिति २०११।८।२६ लेखिएको र सोहीअनुसार निजामती किताबखानाले निवेदकको वैयक्तिक विवरण (सिटरोल) मा गल्तीबाट लेखिन गएको जन्ममिति २०१०।८।२५ लाई सच्याई २०११।८।२६ कायम गर्ने गरी मिति २०६०।६।९ मा निर्णय गरिसकेकोले यी निवेदक मिति २०६८।८।२४ मा ५८ वर्ष पुगी अनिवार्य अवकाश पाउने भनी निवेदकलाई जानकारी गराएको निजामती किताबखानाको मिति २०६८।८।१४ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । निजामती किताबखानाको मिति २०६०।६।९ को निर्णयले समेत कायम रही आएको निवेदकको जन्ममिति २०११।८।२६ को आधारमा निवेदकलाई अनिवार्य अवकाश दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असार ५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CI-०४७६, खिचोला मेटाई हक कायम गरिपाऊँ, गुलाव *केशरी प्रधान वि. सरीता देवकोटा (दाहाल)*

वादी प्रतिवादीले आपसी सहमतिको आधारमा नापी नक्सा गराई आ-आफ्नो हकभोगको जग्गामा पर्खाल निर्माण गरी भोगचलन गरी आएको देखिँदा विवादित जग्गामा आ-आफ्नो घर कम्पाउण्डको पर्खाल लगाई छुट्टाछुट्टै भोग गरेको र वादीको कम्पाउण्डभित्रको जग्गा वादीकै नाउँमा नापी नक्सा भएको र प्रतिवादीको कम्पाउण्डभित्रको जग्गा प्रतिवादीकै नाउँमा नापी नक्सा भइरहेको देखिएकोले नक्सा नं. ११ र १२ का जग्गा प्रतिवादीले खिचोला गरेको नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CI-०३६९, घरको भाग भत्काई पाऊँ, *रामरक्षा झा वि. अनुपालाल झा समेत*

ट्रायल चेक नक्सा हेर्दा कि.नं. ७९२ को चारैतिरको लम्बाई चौंडाई उल्लेख गरी पूरा क्षेत्रफल ०-१-२-३ भएकोमा सो जग्गामा घरले चर्चेको जग्गा बाहेक खाली १०.२५ मीटर लम्बाइमा ०.५० से.मी. मात्र खाली रहेको देखिन्छ । यसबाट ट्रायल चेकको क्षेत्रफलभन्दा बढीमा घर बनाएको देखिँदा घरको भाग भत्काई झ्याल समेत बन्द गर्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०५९६, मानव बेचबिखन, *नेपाल सरकार वि. राजु वि.क.*

प्रतिवादीले पीडित मनकुमारीलाई बिक्री गर्ने उद्देश्य राखी नेपाल सरहदभित्रैको गड्डाचौकीसम्म पुऱ्याएको अवस्थामा सोधपुछ गरी मनकुमारी समेतलाई फिर्ता पठाएको मिसिलबाट देखिन्छ । यसरी बिक्री गर्ने आपराधिक कार्यमा प्रतिवादी सफल हुन नसकी बीच बाटोमै रोकिई पक्राउ परेकोले कार्य सम्पन्न भई नसकेको अवस्थामा मानव बेचबिखन तथा ओसार पसारको उद्योगसम्म गरेको स्पष्ट देखिन आउँछ । मानव बेचबिखन वा ओसार पसारको उद्योगसम्म गरेकोले सोही ऐनको दफा १५(१)(ज) बमोजिम आधा सजाय हुने हुँदा निज प्रतिवादीलाई ऐनको दफा १५(१)(ङ)(२) मा उल्लिखित सजायको आधा ऐ. १५(१)(ज) बमोजिम पाँच वर्ष कैद र रू. पच्चीस हजार जरीवाना हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४-WO-०७१८, उत्प्रेषण परमादेश, *जीवरत्न स्थापित वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

साजर्वजनिक बाटो समेत नभएको जग्गामा के कुन कारणबाट सार्वजनिक बाटो कायम गर्न खोजिएको हो भन्ने समेत नबुझी हचुवाको भरमा प्रत्यर्थी बुद्धरत्न महर्जनले सर्वोच्च अदालतको मिति २०६२।११।४ को फैसलाबाट उक्त जग्गामा आफ्नो हक कायम नरहने भएपछि निवेदकलाई दुःख दिने नियतले सरकारी कार्यालयलाई समेत झुक्यानमा पारी दिएको निवेदनको आधारमा कुनै जाँचबुझ नै नगरी हतारमा मालपोत कार्यालय, कलंकीले गरेको मिति २०६३।१।३१ को निर्णय कानूनबमोजिम भए गरेको देखिन नआउने ।

विपक्षी बुद्धरत्न महर्जनको हक नै नरहेको जग्गामा सार्वजनिक बाटो कायम गरिपाऊँ भनी निजले दिएको निवेदनको आधारमा भएको मालपोत कार्यालय, कलंकीको मिति २०६३।१।३१ को निर्णयबाट निवेदकको सम्पत्तिसम्बन्धी संवैधानिक हकमा आघात पुगेको अवस्था विद्यमान रहेको देखिएकोले उक्त मिति २०६३।१।३१ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै उल्लिखित कि.नं. २०६ को जग्गा यस अदालतको फैसलाबाट यी रिट निवेदकको नाममा दर्ता हुने ठहरी सकेकोले फैसलाबमोजिम निवेदकको नाममा दर्ता गरिदिनु भनी मालपोत कार्यालय, कलंकीको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६८-WO-४०८, उत्प्रेषण/परमादेश, डा. *चोपलाल भुषाल समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का कर्मचारीको हैसियतले नियुक्ति पाएको कर्मचारीको काम गरेको अवधिको परिषद्कै आर्थिक प्रशासनसम्बन्धी विनियम, २०६७ बमोजिम लिए पाएको र दिइएको तलव सुविधाको रकम यी रिट निवेदकहरूबाट भराउने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।६।६ को निर्णय अधिकारक्षेत्रविहीन र कानूनी त्रुटिपूर्ण देखिन आएकोले सो निर्णय र सोही निर्णय कार्यान्वयन गर्ने गरी आयोगबाट मिति २०६८।६।२३ मा पठाइएको पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल बैशाख ४ गते रोज २ शुभम् ।

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६८-WO-०१८८,परमादेश समेत, *नेपाल अपाङ्ग मानव अधिकार केन्द्र समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

शारीरिक रुपले वा मानसिक रुपमा अति अशक्त अपाङ्गलाई निजको पालन–पोषण वा संरक्षण गर्ने परिवार छैन वा परिवार भएपनि उचित ढंगले पालन–पोषण गर्न नसकेमा वा सो गर्न सक्षम नभएमा वा पालन–पोषण गर्न नचाहेको वा नगरेको वास्तविक स्थिति समेत विचार गर्दा अति अशक्तहरूका लागि आवश्यकतानुसार आवासीय अपाङ्ग घरको निर्माण गर्नु र तिनको उचित ढंगले सञ्चालन गर्नु एवम बेरोजगारी वा गरी खान नसक्ने अपाङ्गलाई भत्ताको व्यवस्था गर्नु अत्यन्त आवश्यक हुने ।

अपाङ्ग र अशक्तहरूको वास्तविक हित संरक्षणका लागि हाम्रो कानूनी व्यवस्थामा सुधार, परिर्वतन र परिमार्जनको अवश्यकता छ । यो महत्वपूर्ण कुरा हो । उचित र समय सुहाउँदो अद्यावधिक कानूनी व्यवस्थाले सरकार र सरकारी निकायहरूलाई यस दिशामा संवेदनशील मात्र गराउने होइन । अपितुः सो अनुसारको जिम्मेवारी पूरा गर्न बाध्य गराउन सक्नुपर्ने ।

संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामार्फत् व्यक्त गरिएको प्रतिवद्धता व्यवहारमा परिणत गर्न सोही अनुरूपको अठोट, आचरण र भौतिक साधन, स्रोतको आवश्यकता पर्दछ । कुनै पनि अपाङ्गले संविधान, ऐन, कानूनअनुसारको सुविधाबाट बञ्चित नहुनु र अन्तर्राष्ट्रिय प्रचलन एवं मापदण्डअनुसारको सेवा सुविधा र हेरचाह प्राप्त गर्नु राष्ट्रिय गौरवको कुरा हो । यसलाई राज्यले र राज्यका सम्बद्ध प्रत्येक अङ्गले गभीरतापूर्वक लिनु पर्दछ । यो अत्यन्त संवेदनशील विषय हो । राज्य वा सरकारले तत्कालै गर्ने नसक्ने प्रतिवद्धता व्यक्त गर्नु हुँदैन र अदालतले पनि त्यस्तो आदेश जारी गर्न नमिल्ने ।

अति न्यायिक अग्रसरता (Extreme Judicial Activism) वा अनावश्यक न्यायिक निष्क्रियताको हदसम्म न्यायिक आत्मसंयम (Judicial-self restraint) अपनाउनु दुवैले जनताको न्याय प्राप्त गर्ने मार्गमा अवरोधको सिर्जना गर्न सक्ने खतरा प्रति निर्णयकर्ता सँधै सजग र सावधान रहनु पर्दछ ।

समग्र परिस्थितिको गम्भीरतापूर्वक अध्ययन र समीक्षा गरी हेर्दा केही कुराहरू तत्कालै गर्नु आवश्यक देखिन्छ भने केही कुराहरू क्रमशः गर्दै जानुपर्ने देखिन्छ । नेपाल सरकार र यसका विभिन्न अङ्गहरूबाट अपाङ्गहरूको हक, हितका लागि शिक्षा, स्वास्थ्य एवं सामाजिक सुरक्षाको क्षेत्रमा केही कार्यहरूको थालनी हुनु उत्साहवर्धक कुरा हो । तर त्यो अत्यन्त न्यून र अप्रयाप्त छन् । यसर्थ यसप्रति बढी गम्भीर र बढी जिम्मेवार भएर देहायका कार्यहरू गर्न भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र अर्थ मन्त्रालयको नाममा परमादेश जारी हुनेः

गर्नुपर्ने कार्यहरूः

१) अहिलेसम्म पहिचान र गणना भईसकेका अपाङ्गहरूलाई अपाङ्गताको अवस्था हेरी बेरोजगार र आयको श्रोत नभएका र वृद्ध अपाङ्गहरूलाई न्यूनतम् मासिक रू.५००।–(पाँच सय) देखि रू. ३०००।– (तीन हजार) सम्म निर्वाह भत्ता दिने, दिलाउने व्यवस्था गर्नुपर्ने,

२) पहिचान भई गणना भइसकेका शारीरिक रुपले हिँडडुल समेत गर्न नसक्ने पूर्ण असक्त वा पूर्णरुपले मानसिक विक्षिप्तताको अवस्थामा रहेको अति अपाङ्गलाई उचित हेरचाह गर्ने परिवार नभएका वा सो गर्न सक्षम परिवार नभएकालाई हेरचाह गर्ने व्यक्ति समेतको लागि न्यूनतम् निर्वाह भत्ताको रुपमा अवस्था अनुसार रू.३०००।–(तीन हजार) देखि रू.५०००।–(पाँच हजार) सम्म मासिक विशेष भत्ता उपलब्ध गराउने,

३) अपाङ्गहरूको पहिचान, वर्गीकरण र तिनीहरूको समग्र हकहित समेत हेर्ने गरी प्रत्येक जिल्लामा कम्तीमा एक जना समाज कल्याण अधिकृतको नियुक्ति गर्ने वा निजको काम गर्ने गरी नेपाल सरकारको कुनै अधिकृतलाई तोक्नु पर्ने,

४) उपरोक्त दफा १ र २ अनुसारको भत्ता र विशेष भत्ता यो आदेश प्राप्त भएको मितिदेखि लागू हुने गरी आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र उपलब्ध गराउनु पर्ने ।

५) यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र समाज कल्याण अधिकृत नियुक्त गरी सक्नु पर्ने,

६) उपरोक्तबमोजिमको कार्यहरू सम्पन्न गरी यो आदेश प्राप्त भएको सातौं महिनाभित्र आदेश कार्यान्वयन भएको जानकारी यस अदालतलाई गराउनु पर्ने ।

उचित समय सीमाभित्र निम्नबमोजिमका कार्यहरू क्रमशः गर्दै जान विपक्षीहरू नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, र महिला बालबालिक तथा समाज कल्याण मन्त्रालयका नाममा यो निर्देशनात्मक आदेश जारी हुनेः

**निर्देशनात्मक आदेश जारी गरिएका विषयहरूः**

१) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ३ को प्रयोजनका लागि चिकित्साशास्त्रका सर्वमान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्ड समेतको आधारमा शारीरिक, मानसिक र बौद्धिक अपाङ्गहरूको गणना गरी तिनीहरूको स्तर निर्धारण एवं वर्गीकरण यथाशीघ्र गर्ने, गराउने,

२) अपाङ्ग घरको निर्माण एवं सञ्चालन गर्ने । यसको लागि आगामी आर्थिक वर्षदेखि नै अपाङ्गको संख्याको आधारमा बढी अपाङ्ग भएको जिल्ला वा क्षेत्रमा योजनावद्ध ढंगले प्रत्येक वर्ष कम्तीमा एक अपाङ्ग घरको निर्माण र सञ्चालन गर्दै जानुपर्ने,

३) ऐन र नियमले अपाङ्गहरूको आवास, शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी र अन्य सुविधाको सम्बन्धमा गरेको व्यवस्थालाई प्रभावकारी ढंगले लागू गर्दै जाने,

४) अपाङ्ग कल्याण र सुरक्षा सम्बन्धी सरकारी र गैरसरकारी स्तरबाट गरिने क्रियाकलाप र गतिविधिको प्रभावकारी अनुगमन गर्ने गराउने उद्देश्यले मन्त्रिपरिषद् सचिवालयमा र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा अधिकृतस्तरको एक–एक अनुगमन अधिकारी नियुक्त गर्ने र तिनीहरूको काम, कर्तव्य र अधिकार पनि परिमार्जित अपाङ्ग, संरक्षण तथा कल्याण ऐनमा निर्धारण गर्ने,

५) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) को प्रतिबन्धात्मक खण्ड र संविधानको भाग ४ मा राज्यको दायित्व र राज्यका नीति उल्लेख गरिए अनुसार अपाङ्गहरूका लागि विशेष व्यवस्था र कार्यक्रमको तर्जुमा गरी लागू गर्दै जानु पर्ने,

६) अपाङ्गता अधिकार र अपाङ्ग कल्याणको क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी निकायहरूको काम कारवाहीमा आवश्यकतानुसार समन्वय र सहयोगको व्यवस्था मिलाउने,

७) नेपालले अपाङ्गतासम्बन्धी महासन्धि, २००६ अनुमोदन गरिसकेको अवस्था समेतलाई विचार गरी यस क्षेत्रका विशेषज्ञ र सरोकारवालाहरू समेतसँग आवश्यक परामर्श एवं सुझाव लिई अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ मा समयानुकूल संशोधन र परिमार्जन गर्ने वा नयाँ एकीकृत ऐन र सोहीअनुरूपको एकीकृत नियमावली निर्माण गर्नुपर्ने ।

इजलास अधिकृत :- चुरामन खड्का
कम्प्युटरः- सरस्वती पौडेल
इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम्

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६३-CI-०६८२, अंश नामसारी, *मु.स. गर्ने र आफ्नो हकमा समेत रामकरन कुर्मी वि. शिवकरन कुर्मी समेत*

मिसिल संलग्न रामरती कुर्मीको मृत्यु दर्ताको सूचना फारामको प्रतिलिपि हेर्दा मृत्युदर्ता सूचकमा प्रत्यर्थी प्रतिवादी शिवकरनको नाम उल्लेख नभई रामरतीको मृत्युको सूचना रमकरणले दिएको भन्ने देखिएको र शुरू कपिलवस्तु जिल्ला अदालतबाट मृत्युदर्ता रजिष्टर झिकाउने आदेश हुँदा सम्बन्धित निकायबाट सो रजिष्टर पठाउन सकेको समेत देखिएन। कानूनी रीत नपुगेका यस्ता प्रकृतिका जन्मदर्ता र मृत्युदर्ताका प्रमाणपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने।

रामकरण शिवकरनको छोरा हो होइन भन्ने यकीन गर्नका लागि भएको आदेशानुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारमा डी.एन.ए. परीक्षण गर्न पठाइएकोमा उक्त प्रयोगशालाको आ.व. ०६८।६९, च.नं. ७०३ मिति २०६८।१०।९ को पत्रसाथ प्राप्त परीक्षण प्रतिवेदनमा "विवादित रामकरण कुर्मी (नमूना B को रक्तदाता) र दावी गरिएको बाबु शिवकरन कुर्मी (नमूना A को रक्तदाता) को डी.एन.ए. प्रोफाइलमा तुलना गर्दा रामकरन कुर्मी (नमूना B को रक्तदाता) को जैविक बाबु शिवकरन कुर्मी नमूना A को रक्तदाता) होइन" भन्ने उल्लेख भएको पाइन्छ भने डी.एन.ए. परीक्षण गर्ने वरिष्ठ वैज्ञानिक अधिकृत दिनेशकुमार झाले यस अदालतसमक्ष आई बकपत्र समेत गरेको देखिन्छ। उक्त डीं.एन.ए. परीक्षण प्रतिवेदन अन्य प्रमाणबाट समर्थित भएको अवस्था छ। उपरोक्त डीं.एन.ए. परीक्षण प्रतिवेदन व्यहोराबाट पुनरावेदक वादी रामकरन कुर्मी प्रतिवादी शिवकरन कुर्मीका छोरा नाताका व्यक्ति नभएको भन्ने तथ्य पुष्टि भई वादी प्रतिवादीहरू अंशियार नाताका व्यक्ति नभएको भन्ने देखिन आउने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असार १७ गते रोज १ शुभम्।

- यसै लगाउको ०६३-CI-०६८३, मिलापत्र बदर, *रामकरन कुर्मी वि. शिवकरन कुर्मी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६३-CI-०३९६, कीर्ते जालसाजी, *रामकरण कुर्मी वि. शिवकरन कुर्मी समेत*

अनुवाँशिक (D.N.A.) को परीक्षण प्रतिवेदन अन्य प्रमाणबाट समर्थित भएको आधारमा यी पुनरावेदक वादी रामकरन कुर्मी शिवकरण कुर्मीको छोरा नाताको व्यक्ति नपर्ने र प्रतिवादी शिवकरन समेतबाट अंश नपाउने हुँदा अदालतको प्रमाण संकलन गर्ने क्रममा खडा गरिएको सर्जमीन कागजमा सोधनी भएको विषयमा र साक्षीले बकपत्र गर्ने क्रममा आफूले जाने बुझेसम्मको भनाई व्यहोरा लेखाएकै कारणले मात्र उक्त व्यहोरालाई जालसाजीको संज्ञा दिनु न्यायसंगत हुँदैन। साथै सर्जमीन गर्दा सर्जमीन कागज अदालतका कर्मचारीहरू समेतको संलग्नतामा तयार हुने भएकोले अदालतबाट खटिई गएको डोरको उपस्थितिमा खडा भएको सर्जमीनलाई जालसाजीपूर्ण क्रियाकलापबाट भएको भन्ने प्रमाणको अभावमा जालसाजी ठहऱ्याउन नमिल्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असार १७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६३-CI-११४६, जग्गा खिचोला उठाई चलन, *फुलोदेवी मुखिया समेत वि. छुतहरू राय समेत*

यस अदालतबाट भएको आदेशानुसार भएको नक्सामा समेत प्रतिवादीहरू रोहबरमा नरहेको हुँदा उक्त नक्सा अ.बं. १७१ नं.को रीत पुगेको नदेखिँदा सो पनि बदर गरिदिएको छ। अ.बं. १७१ बमोजिम नक्सा हुँदा वादी प्रतिवादी दुवै पक्ष रोहबरमा रहने अधिकार राख्दछन्। विधिवत् सूचना दिँदा पनि कुनै पक्ष उपस्थित नरही अधिकार परित्याग गर्दछ भने यो बेग्लै कुरा हो। तर, सो पक्षलाई सूचना दिइएको र निज अनुपस्थित रहेको भन्ने नक्सा मुचुल्कामा उल्लेख हुनु पर्दछ। यसरी अ.बं.

१७१ को रीत नपुगी यसका अतिरिक्त प्रमाणको विश्लेषण नगरी गरिएको पुनरावेदन अदालत, राजबिराजको मिति २०६२।४।१३ को फैसला समेत बदर गरिदिएको छ। यस स्थितिमा दुवै पक्षलाई नक्साको सूचना दिई मुलुकी ऐन, अ.बं. १७१ नं. बमोजिम विधिवत् नाप नक्सा गरी मिति २०५७।८।१ को राजीनामा लिखत समेतको विवेचना गरी अन्य आवश्यक सबूद प्रमाण समेत जे जो बुझ्नुपर्ने बुझी फैसला गर्न प्रस्तुत मुद्दामा तारिखमा रहेको पक्षलाई पुनरावेदन अदालत, राजबिराजको तारिख तोकी शुरू तथा पुनरावेदन मिसिल समेत पुनरावेदन अदालत, राजविराजमा पठाई दिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार १७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको फौ.पु.नं. CR-०३६१, ठगी, *नेपाल सरकार वि. महेन्द्र तिमिल्सिना समेत*

प्रतिवादी महेन्द्र तिमिल्सिना बाहेकका अन्य प्रतिवादीहरू घनश्याम तिमिल्सिना, कल्पना त्रिपाठी (तिमिल्सिना), रामचन्द्र तिमिल्सिना, हरिश्चन्द्र तिमिल्सिना, राजुप्रसाद तिमिल्सिना र नानीमाया तिमिल्सिनाले निक्षेप संकलन तथा कर्जा प्रवाह आफूहरूले नगरेको भनी कसूरमा इन्कार रही बयान गरेका र निजहरू उक्त कार्यमा संलग्न रहेका कुनै पनि तथ्य प्रमाणबाट नदेखिएको र केवल उक्त संस्थाको तदर्थ समितिमा रहेको भन्ने आधारमा मात्र निजहरूलाई कसूरदार कायम गर्न मनासिब नहुँदा निजहरूलाई कसूरबाट सफाइ हुने र प्रतिवादी महेन्द्र तिमिल्सिनालाई कसूरमा सजाय हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल जेठ ७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-००४१, उत्प्रेषणमिश्रित परमादेश, *बेनीबहादुर खत्री वि. भूमिसुधार कार्यालय, काठमाडौं समेत*

आफूलाई मर्का पर्‍यो भन्दैमा जहिलेसुकै अदालत आउन पाउने हक निवेदकलाई रहँदैन । यस्तोमा अति बिलम्ब गरी आउने पक्षलाई अदालतले सहयोग गर्ने अवस्था पनि रहँदैन । बिलम्बले समन्यायलाई पराजीत गर्छ (Delay default equity) भन्ने कानूनी सिद्धान्तलाई हाम्रो न्याय प्रणालीले अवलम्बन गर्दै आएकोले बिलम्बको सिद्धान्त समेतको कारणबाट प्रस्तुत निवेदनको तथ्यभित्र प्रवेश गरी औचित्यको बारेमा बोल्न मिल्ने स्थिति नहुने ।

विवादित जग्गामा मोही नामसारी गरिपाऊँ भन्ने विषयमा सक्षम निकाय भूमिसुधार कार्यालयमा निवेदकको मुद्दा परी विचाराधीन अवस्थामा रहेको देखिएको एवं मिति २०४१।७।१४ को निर्णय बदर गरी पाउन धेरै लामो समयपछि मिति २०६६।४।१३ मा मात्र यस अदालतमा प्रस्तुत रिट निवेदन दिएको अवस्था हुँदा बिलम्बको सिद्धान्त (Doctrine of Laches) समेतको कारण यस रिट निवेदनको तथ्यभित्र प्रवेश गरी औचित्यको बारेमा बोल्न मिल्ने स्थिति नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमीररत्न महर्जन

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०२३०, दर्ता बदर हक कायम दर्ता गरी खिचोला मेटाई चलन, *दुर्गाप्रसाद पाण्डेय वि. दयानन्द पाण्डेय समेत*

वादीले देखाएको साविक कि.नं. १९५ को साविक स्रोतको चारकिल्ला र क्षेत्रफलसँग कि.नं. १८ को हालको चारकिल्ला र क्षेत्रफल भिडेको नदेखिएको र उक्त जग्गा प्रतिवादीले आफ्नो बाबु सामीनाथको साविक रै.नं. ११ को स्रोत देखाई आफ्नो नाउँमा २०२७ सालमा नै नापी दर्ता गराई भोगचलन गरिरहेको देखिएको एवं २०२७ सालमा प्रतिवादीले नापी दर्ता गराएको जग्गा बदर गरिपाऊँ भनी यी वादीले २०६० सालमा अति विलम्ब गरी फिराद दिएको अवस्था देखिँदा प्रतिवादीले गराएको दर्ता बदर गराउन वादीले समुचित अवधिभित्र अदालत प्रवेश गरेको नदेखिएको अवस्थामा विवादित जग्गामा वादीको हक कायम हुने

अवस्था देखिन आएन । अतः उपरोक्त प्रकरणहरूमा उल्लिखित आधार र प्रमाणबाट विवादित कि.नं. १८ को जग्गामा वादीको हक कायम हुने सबूद प्रमाणको अभाव देखिँदा वादी दावी पुग्न नसक्ने ।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमीररत्न महर्जन
इति संवत् २०६९ साल जेठ ४ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०३०७, जवर्जस्ती चोरी, *नेपाल सरकार वि. हिमाल आले मगर*

प्रतिवादीउपर लगाइएको अभियोग एउटै वारदात मितिको भएको देखिन्छ । प्रतिवादीले कसूर गर्दा पहिले त्यस प्रकारको कसूरमा सजाय पाइसकेको अवस्था समेत देखिँदैन । पटक-पटकको कसूर भन्दा एक पटक कसूर गरिसकेको व्यक्तिले आफूमा सुधार नगरी पुनः कसूर गर्नुपर्ने अवस्था हो । प्रस्तुत मुद्दामा प्रतिवादीले आफूलाई सुधार गर्ने मौका पाएको नदेखिएको साथै निज माथि लगाइएको अभियोग दावी समेत एउटै मिति र एउटै कार्यक्रमअनुसार निजले गरेको पाइँदा सो वारदातलाई पटक-पटकको भन्न नसकिने हुँदा प्रतिवादीलाई चोरी मुद्दामा दोस्रो पटक कायम गरी सजाय हुन नसक्ने ।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमीररत्न महर्जन
इति संवत् २०६९ साल जेठ ४ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-०९८४, परमादेश, *तिलबहादुर भेडी मगर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

भू-तथा जलाधार संरक्षण ऐन, २०३९ ले निजी क्षेत्र र सरकारी वा सार्वजनिक क्षेत्र भनी विभाजन गरेको नदेखिएको हुनाले निजी स्वामित्वका जग्गाहरूका सन्दर्भमा समेत भू-तथा जलाधार संरक्षण ऐन, २०३९ को कानूनी व्यवस्थाहरू कार्यान्वयन गर्न सकिने हुन्छ । भू-तथा जलाधार संरक्षण नियमावली, २०४२ को नियम ३ बमोजिम निजी क्षेत्रका जग्गाहरूमा संरक्षित जलाधार क्षेत्र घोषित गर्ने प्रयोजनको लागि जाँचबुझ अध्ययन तथा सर्वेक्षण भए गरेको नदेखिँदा भू-तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३ तथा भू-तथा जलाधार संरक्षण नियमावली, २०४२ को नियम ३ समेतले संरक्षित जलाधार क्षेत्रको घोषणा गर्न सक्ने कानूनी व्यवस्था गरेको भू-तथा जलाधार संरक्षण ऐन, २०३९ मिति २०३९।८।६ देखि लागू भई सो ऐन लागू भएको ३० वर्षसम्म पनि ऐनले व्यवस्था गरेको समिति गठन भएको नदेखिनुका साथै त्यसको युक्तिसंगत कारण समेत विपक्षीले खुलाउन सकेको नदेखिएकोले आवश्यक जाँचबुझ, अध्ययन, सर्वेक्षण गरी गराई संरक्षित जलाधार क्षेत्रको घोषणा गर्न पहल गर्नु भनी नेपाल सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।
इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल चैत २० गते रोज २ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन्:

- ०६४-WO-०९६७, प्रतिषेधको आदेश जारी गरिपाऊँ, *डिल्लीराम गुरागाई समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- ०६४-WO-०९६९, परमादेश, *पुरुषोत्तम शर्मा समेत वि.वन तथा भू-संरक्षण कार्यालय समेत*

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०६९६, उत्प्रेषण, प्रतिषेध, परमादेश, *भेषराज पौड्याल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मिति २०६६।१।७ मा नेपाल सरकारले कोशी बाढी पीडितका लागि क्षतिपूर्ति दिन निकासा दिने भनी गरेको निर्णय आर्थिक वर्ष २०६५।०६६ मा खर्च गरी भएको र सो आर्थिक वर्ष समाप्त भई सकेको एवं उक्त निकासा दिने भनिएको रकम समेत उक्त आर्थिक वर्षमा नै निकासा भई खर्च समेत भइसकेको अवस्थामा निकासा दिने गरी नेपाल सरकारबाट भएको निर्णय

बदर गर्नुको र उक्त निर्णयको कार्यान्वयन रोक्न पर्ने कुनै औचित्य र प्रयोजन समेत नरहेकोले निवेदन मागबमोजिम आदेश जारी गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल चैत २० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०९६८, अधिकारपृच्छा, उत्प्रेषणयुक्त परमादेश, *तिलकबहादुर कुमाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सरकारले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा के कुन मन्त्रालय/विभाग/कार्यालय खडा गर्ने र त्यस्ता मन्त्रालय/विभाग/कार्यालयलाई के कस्तो कार्यादेश दिने भन्ने विषय सरकार स्वयंले निर्धारण गर्ने विषय भएकोले त्यस्तो विषयमा प्रवेश गरी अदालतले न्यायिक निरोपण गर्न नमिल्ने भएकोले जल उत्पन्न प्रकोप नियन्त्रण विभागको स्थापना गरी कार्यादेश समेत तोक्ने गरी नेपाल सरकारबाट भएको कामकारवाहीमा यस अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-० ९६६, प्रतिषेध, परमादेश, *कोषराज काफ्ले समेत वि.गृह मन्त्रालय समेत*

मिति २०३९।९।८ बाट दैवी प्रकोप ऐन लागू भएको र लागू भएदेखि नै उक्त ऐनले स्थानीय दैवी प्रकोप उद्धार समितिको व्यवस्था गरेकोमा उक्त ऐनको दोस्रो संशोधन २०४९।६।१४ मा भएपश्चात् दफा ९क थप गरी स्थानीय दैवी प्रकोप उद्धार समितिको काम, कर्तव्य समेत तोकिएको देखिन्छ । यसरी ऐन प्रारम्भ हुँदाको अवस्थादेखि नै स्थानीय दैवी प्रकोप उद्धार समितिको अस्तित्व ऐनले स्वीकार गरी दोस्रो संशोधनले उक्त समितिको काम, कर्तव्य समेत तोकी सकेको अवस्था भए पनि हालसम्म ऐन लागू भएको यतिका वर्षसम्म पनि ऐनले परिकल्पना गरेको स्थानीय दैवी प्रकोप उद्धार समिति गठन नगरेको विपक्षीको कार्य ऐनको भावना अनुकूल र विवेकसम्मत् देखिन आएन । अतः दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा ७ को मर्म र भावनालाई दृष्टिगत गरी स्थानीय दैवी प्रकोप उद्धार समितिको गठन गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरी सो समिति गठन गर्न आवश्यक पहल गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २० गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-११३३, हक कायम गरी खिचोला मेटाई चलन चलाई पाऊँ, *रमेश तिम्सिना वि. खैरेनीटार इलाका हुलाक कार्यालय, तनहूँ समेत*

२०३१ सालमा सर्भे नापीले तनहुँ जिल्ला साविक उदेनढुङ्गा गा.वि.स. वडा नं. ४ च कि.नं. ३७१ को क्षेत्रफल ०-५-०-० कायम गरेको जग्गामा २०४१ सालमा प्रतिवादी इलाका हुलाक कार्यालय, खैरेनीटार तनहुँले कार्यालय भवन निर्माण गरी भोगचलन गरी आएको तथ्य अदालतबाट भै आएको नक्सा मुचुल्काबाट देखिएको छ। २०४१ सालमा प्रतिवादी इलाका हुलाक कार्यालय, खैरेनीटारले भवन निर्माण गर्दा कुनै पनि उजूरबाजूर परेको मिसिलबाट देखिँदैन । मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. ले गरेको व्यवस्थाको पालना नहुनुको साथै २०३१ सालमा सर्भे नापी भएको जग्गालाई २०५६ सालमा मात्रै छूट जग्गा दर्तामा दावी गर्ने वादीले २०४१ सालमा प्रतिवादीले भवन निर्माण गर्दा चूप लागी बसेको देखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल असार १२ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६६-CI-११३२, हक कायम गरी दर्ता गरिपाऊँ, *रमेश तिम्सिना वि. खैरेनीटार इलाका हुलाक कार्यालय, तनहूँ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं.CR-१६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेशबहादुर राउत*

प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने कुरा शंकारहित तवरले पुष्टि गर्ने तथ्ययुक्त ठोस सबूद प्रमाण वादी पक्षले गुजार्न सकेको छैन । ज्यान जस्तो जघन्य अपराधमा शंकारहित तवरले कसूर गरेको पुष्टि नभएसम्म यी प्रतिवादी रमेशबहादुर राउतले आरोपित कसूर गरेको हो भनी ठहऱ्याउन मिलेन । शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतको आधार समेतबाट प्रतिवादीलाई कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल असार १२ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CR-०७०६, भ्रष्टाचार, *माधवप्रसाद काफ्ले वि. नेपाल सरकार*

प्रतिवादीले पेश गरेको प्रमाणपत्रको सम्बन्धमा सो प्रमाणपत्रको अभिलेख राख्ने आधिकारिक निकायबाट लेखी आएको विवरणबाट उक्त प्रमाणपत्र सद्दे नभएको भन्ने देखिन आएको हुँदा यस्तो स्थितिमा पुनरावेदक प्रतिवादीले आरोपपत्र माग दावीबमोजिमको कसूर गरेकोले निजलाई रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमीररत्न महर्जन

इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०५१८, अंश दपोट, *अर्जनकुमार लामिछाने वि. अनीलकुमार शर्मा (लामिछाने)*

वादी स्वयंले फिराद दावीमा आफूले यसरी आम्दानी गरेको यति रकम भनी उक्त जग्गा खरीद गर्दा समावेश गरेको भनी केही दावी नगरी केवल बण्डापत्रमा कि.नं. ३५८ को जग्गा नदेखाई दबाएको भन्ने मात्र दावी गरेको देखिन्छ । फिराद लेखानुसार नै लामो समय विदेशमा रहेका यी वादीको उक्त कि.नं. ३५८ को जग्गा खरीदमा कुनै योगदान नभएको पाइयो । पैतृक सम्पत्तिको अनुपात समेतबाट सो सम्पत्ति त्यसबाट बढे बढाएको मान्न सकिने स्थिति पनि रहेन । मिति २०५१।२।१ मा प्रतिवादीका नाममा खरीद भएको यो सम्पत्तिलाई पैतृक मान्न सकिने स्थिति छैन । पैतृक सम्पत्ति बिक्री भई यसमा लगानी भएको वा पैतृक सम्पत्तिको आयस्ता बचत भई यो सम्पत्ति खरीद भएको हो भन्ने वादीको जिकीर पनि छैन । कुनै अंशियारका नाममा जग्गा खरीद हुँदैमा सो स्वतः बण्डा हुन्छ भन्न मिल्दैन । कुनै सम्पत्ति निजी आर्जनको हो भनी दिइएको प्रमाणलाई त्यसो होइन भन्नेले आधार प्रमाणकासाथ खण्डन गर्न सक्नुपर्ने ।

प्रतिवादीले आफ्नो निजी आर्जन शिक्षकको तलवबाट आफ्नो नाममा खरीद गरेको कि.नं. ३५८ को जग्गा बण्डायोग्य नभई प्रतिवादीको निजी आर्जनको देखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल बैशाख २० गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CR-०४७१, कर्तव्य ज्यान, *निराज फुन्चु राई वि. नेपाल सरकार*

प्रतिवादी निरज भन्ने निराज फुन्चु राईले धारिलो छूरी हतियार प्रहार गरेको कारणबाट गाण्डिवकुमार राईको मृत्यु भएको हो भनी कसूरमा सावित भई गरेको साविती बयानलाई किटानी जाहेरी दर्खास्त, लासजाँच मुचुल्का शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा गरेको बकपत्र तथा जाहेरजालाको बकपत्र समेतबाट समर्थित हुन आई यी प्रतिवादीले प्रहार गरेको धारिलो हतियार छुरीको चोटको कारणबाट गाण्डिवकुमार राईको मृत्यु भएको तथ्य शंकारहित तवरबाट स्थापित हुन आएको हुँदा प्रमाण सम्बन्धमा थप विवेचना गरिरहनु नपरी निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादीले आफ्नो पुनरावेदन जिकीरमा मृतकलाइ मार्नुपर्ने रीसइवी र मनसाय नभएको, आफूलाई पछाडिबाट अर्के व्यक्तिले मुड्कीले हानी लडाएकोले तत्काल रिस उठी उक्त घटना हुन गएको हो भनी जिकीर लिए तापनि गाउँमा विवाद परेको थाहा पाई आफ्नो साथमा जोखिमी हतियार लिई वारदातस्थल पुगी आफ्नो पक्षको प्रतिरक्षा गर्ने प्रयोजनार्थ अर्को पक्षका व्यक्तिमाथि हतियार प्रहार गर्दा सो प्रहार गरेको चोटको कारबाट गाण्डिबकुमारको मृत्यु हुन पुगेको देखिन्छ । यही व्यक्तिलाई मार्ने भनी व्यक्ति किटान गरी मार्ने मनसायको साथ वारदातमा उपस्थित नभए तापनि गाउँमा भएको दुई पक्ष बीचको विवादमा आफ्नो पक्षबाट प्रतिरक्षा गर्दा प्रतिरोध गर्ने व्यक्तिमाथि हतियार प्रहार गर्ने मनसायका साथ धारिलो हतियार लिई गई सामान्य विवादको क्रममा विपक्षी समूहमध्ये गाण्डिवकुमारलाई लाग्न गई सोही प्रहारको चोटबाट निजको मृत्यु भएको अवस्था देखिँदा वारदातको प्रकृतिबाट निज प्रतिवादीको हकमा अ.बं. १८८ नं. आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** २०६८-MS-०००५, अदालतको अपहेलना, *शशीकुमार मण्डल वि. शत्रुघनप्रसाद यादव समेत*

अदालतबाट भएको आदेशको पालना नभएमा समाजमा न्याय र कानूनको विरुद्धमा अराजकता उत्पन्न हुने हुन्छ । कानूनी अराजकताको स्थितिमा समाज नै अस्तव्यस्त हुने हुन्छ । प्रस्तुत मुद्दामा विपक्षीहरूले यी निवेदकलाई विद्यालयमा हाजीर गराउनु भन्ने यस अदालतको आदेश प्राप्त गरेपछि पनि निवेदकलाई हाजीर नगराएको व्यहोरा विपक्षीहरूबाट पेश भएको लिखित जवाफमा उल्लेख गरेको देखिन्छ । यसबाट विपक्षीहरूले यस अदालतको आदेशको जानाजान बद्नियत राखी अपहेलना गरेको होइन रहेछन् भनी भन्न सक्ने अवस्था भएन । निज विपक्षीहरूले अदालतको आदेशको अपहेलना गरेको देखिँदा विपक्षीहरूमध्येका अजयकुमार मण्डल जनकल्याण प्राथमिक विद्यालय, वैरगनिया लक्ष्मीनिया, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेका र अदालतको आदेशानुसार यी निवेदकलाई विद्यालयमा हाजीर गराई कामकाज गर्न दिनुपर्ने दायित्व समेत निज विपक्षीकै रहेको देखिएकोमा निजले मनसायपूर्वक नै निवेदकलाई हाजीर नगराएको पुष्टि भएकोले सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम निज विपक्षी अजयकुमार मण्डललाई रू. ५०।- (पचास) जरीवाना हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CR-०४००, कर्तव्य ज्यान, *नेपाल सरकार वि.श्रीमती प्रभा कुँवर*

तत्काल पोल नगरी बस्नु पछि समय व्यतीत गरी बोलिएको थपघट भएको कुराबाट अरूलाई प्रतिकूल असर पुग्ने गरी गरिएको बयान सोची विचारी गरिएको हुने भएबाट त्यस्तो प्रमाण अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएसम्म प्रमाणमा लिन योग्य हुँदैन । मुद्दाका अरू तथ्यको रोहबाट पनि त्यस्तो फेरिएको पोललाई राम्ररी विश्लेषण गर्नुपर्ने ।

शारीरिक सम्बन्ध हुनु र ज्यान मार्नु वा मार्न लगाउनु फरक फरक कुरा हुन् । शारीरिक सम्बन्धको तथ्यले ज्यान मार्न बचन दिने कार्यको पुष्टि हुँदैन । फगत अनुमानबाट कसूर कायम गर्न मिल्दैन, अपितु कसूर कायम हुन ज्यान मार्न वचन दिएको तथ्य नै प्रमाणित हुनुपर्छ । सहअभियुक्त सुवर्ण शम्शेर कुँवरले अदालतसमक्ष गरेको बयानलाई पुष्टि गर्ने अन्य कुनै स्वतन्त्र प्रमाण वादी पक्षले पेश दाखिल गर्न सकेको मिसिलबाट नदेखिएको अवस्थामा केवल प्रतिवादीहरूका बीच करणी लिनुदिनु हुने गरेको थियो भन्ने आधारमा मात्र प्रस्तुत वारदातमा यी प्रतिवादी प्रभा कुँवरको पनि संलग्न रहेको थियो भनी अनुमान गरी कर्तव्य ज्यान जस्तो गम्भीर अपराधमा निजलाई समेत कसूरदार ठहऱ्याई सजाय गरिनु प्रचलित फौजदारी कानूनको सिद्धान्त समेतको विपरीत हुने हुँदा निज प्रतिवादी प्रभा कुँवरलाई सफाइ हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६९ साल जेठ २२ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** २०६७-WO-००३०, उत्प्रेषणयुक्त परमादेश, *शशीकुमार मण्डल वि. जिल्ला शिक्षा कार्यालय, महोत्तरी, जलेश्वर समेत*

रिट निवेदकलाई सेतो गुराँस वाल विकास सेवाबाट सहयोगबापत उपलब्ध हुँदै आएको रकम उपलब्ध नभएको भनी सो सेवाको मिति २०६६।९।१६ को पत्रबाट जानकारी हुन आएको भन्ने आधारमा निवेदकलाई सो व्यहोरा जानकारी गराउँदै अवकाश दिइएको भनी विपक्षी विद्यालय व्यवस्थापन समितिले लिखित जवाफमा उल्लेख गरी मिति २०६६।९।१८ को पत्र पेश गरेको देखिए पनि यी निवेदक आफू उक्त विद्यालयमा कार्यरत् रहेको भनी २०६७ जेठ मसान्तसम्मको हाजिरी रजिष्टर पेश गरेकोमा उक्त हाजिरी रजिष्टरउपर विपक्षीहरूले कुनै विवाद नदेखाउनुको अतिरिक्त सो विषयबाट कुनै चुनौतीसम्म दिन सकेको पाइँदैन । यसबाट यी रिट निवेदक शशिकुमार मण्डल उक्त विद्यालयमा २०६७ जेठ मसान्तसम्म कार्यरत् रहिरहेकै अवस्थामा निजलाई नियमानुसार अवकाशपत्र नदिई सोही पदमा अर्को व्यक्ति नियुक्ति हुन सक्ने हुँदैन । तर, यी रिट निवेदक कार्यरत् छँदाछँदै, निजलाई अवकाशपत्र नदिई निजको सट्टामा विजयकुमार मण्डललाई नियुक्त गर्ने भनी मिति २०६७।२।२३ मा विद्यालय व्यवस्थापन समितिले निर्णय गरेअनुसार सोही मितिमा निजलाई नियुक्तिपत्र समेत दिएको देखिन्छ । शिक्षा ऐन, २०२८ को दफा ११(ङ) बमोजिम शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र प्राप्त नगरी कुनै पनि व्यक्ति शिक्षक पदको लागि उम्मेद्वार हुन नपाउने कानूनी व्यवस्था भइरहेको छ । विजयकुमार मण्डललाई शिक्षक पदमा नियुक्ति गर्दा निजले आफूले अध्यापन अनुमतिपत्र प्राप्त गरेको भनी रोल नं. १०८५ को शिक्षक अध्यापन अनुमतिपत्र पेश गरेकोमा उक्त अनुमतिपत्र शिक्षा सेवा आयोगको अभिलेखसँग नभिडेको हुँदा निजको नियुक्ति कानूनसम्मत् नभई शिक्षक पदमा नियुक्ति हुन अयोग्य देखिएकोले निजलाई अवकाश दिनु भनी जिल्ला शिक्षा कार्यालय, महोत्तरीले मिति २०६७।१०।१० मा जनकल्याण प्रा.वि. बैरगिया लक्ष्मीनियालाई पत्राचार गरेको देखिन्छ । यसरी शिक्षा ऐन, २०२८ को दफा ११(ङ) बमोजिम अध्यापनको अनुमतिपत्र नै प्राप्त नगरेको विपक्षी विजयकुमार मण्डललाई नियुक्ति दिने भनी विद्यालय व्यवस्थापन समितिले मिति २०६७।२।१९ मा निर्णय गरी सोही मितिमा निज विजयकुमार मण्डललाई दिएको नियुक्तिको कानूनी त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने हुँदा रिट निवेदकलाई हाजीर गराई निजलाई भुक्तानी नदिएको अवधि समेतको नियमानुसार निजले पाउने तलव सुविधा समेत उपलब्ध गराउनु भनी विपक्षी विद्यालय व्यवस्थापन समिति र ऐ. का अध्यक्ष समेतमा नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६९ साल बैशाख ७ गते रोज ५ शुभम् ।

## रायबाझी आदेश

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायाण दास,** ०६७-WO-०६१८, उत्प्रेषण/परमादेश, *रामकुमार महतो वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

**मा.न्या.श्री ताहिर अली अन्सारीको रायः**

तालिम दिने र तालिम सञ्चालन गर्नेबीच फरक हुन्छ । तालिम दिने भन्नाले तालिम दिने संस्था र तालिम लिने व्यक्ति दुवै जनाउँछ । तालिम प्रदायक संस्थामा तालिम दिने (Trainer) पनि हुन्छ र तालिम कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्ने व्यक्ति पनि हुन्छ । तालिम दिने वा प्रशिक्षक वा Trainer का लागि खास किसिमको र प्रशिक्षकसँग सम्बन्धित शैक्षिक योग्यता चाहिन्छ । प्रशिक्षक बाहेकको तालिम सञ्चालन गर्ने गराउने व्यक्तिका लागि दिइने तालिमसँग सम्बन्धित विषयमा दक्षता आवश्यक हुँदैन । अपितु निजमा व्यवस्थापकीय ज्ञान र क्षमता आवश्यक पर्ने हुन्छ । त्यसैले तालिम अधिकृतले स्वास्थ्यसम्बन्धी तालिमका प्रशिक्षार्थीहरूलाई तालिम दिने नभई तालिम सञ्चालन गर्ने वा परिषद्द्वारा गरिने तालिम कार्यक्रमहरूको सञ्चालन, व्यवस्थापन, संयोजन र अनुगमन गर्ने गराउने एवं सो काममा सहयोग र समन्वय गर्ने हो । यसको

लागि त्यस्तो व्यक्तिमा शैक्षिक उपाधिका साथै अनुभव र व्यवस्थापकीय क्षमता बढी उपयोगी हुन सक्ने ।

जुनसुकै विषयमा स्नातकोत्तर वा स्नातक र तीन वर्षको कार्य अनुभवलाई तालिम अधिकृतका लागि न्यूनतम् योग्यता निर्धारण गर्ने गरी कर्मचारी प्रशासन विनियम २०६७ को अनुसूची २ को सि.नं. ५ मा गरिएको नयाँ व्यवस्था कुनै व्यक्ति विशेषलाई लक्षित गरी गरिएको भन्ने देखिन आउँदैन । स्वास्थ्य अनुसन्धान परिषद्मा काम गरेबापतको तालिम सञ्चालनसम्बन्धी अनुभवलाई मात्र उक्त अनुसूचीले समेटेको नभई स्वास्थ्यसम्बन्धी तालिम दिने जुनसुकै संस्था वा निकायमा हासिल गरेको कार्य अनुभवलाई पनि यसले समेटेको पाइने ।

कानूनले प्रत्यायोजन गरेको विधायिकी अधिकारको प्रयोग गर्दा सदैव सुशासनका मान्य सिद्धान्तअनुरूप न्यायपूर्ण, उत्तरदायी ढंगले र समानताको सिद्धान्तलाई मध्यनजर गरी नियम वा विनियम बनाउनु पर्ने हुन्छ । कुनै एक व्यक्तिलाई विशेष फाइदा वा हानि पुग्ने गरी पनि नियम वा विनियम बनाउन पाइदैन । त्यस्तै दूषित मनसाय वा भेदभावपूर्ण हुने गरी नियम, विनियम बनाउन र आफूले पाएको अख्तियारको प्रयोग गर्दा पाइँदैन । प्रत्यायोजित विधायिकी अधिकारअन्तर्गत बनाइएका नियम वा विनियम सम्बन्धित ऐनको उद्देश्यअनुरूप र संविधानको व्यवस्था र मर्मअनुरूप स्वच्छ (Fair) न्यायपूर्ण (Just) र तर्कसंगत (Reasonable) हुनुपर्छ । यो सर्वमान्य सिद्धान्त हो । यसको विपरीत वा यसको उपेक्षा वा बेवास्ता गरी बनाइएको नियम विनियम कानूनसम्मत नहुने । अधिकतम् ४० वर्ष उमेरको हद निर्धारण गरी करारमा नियुक्त हुने र करारमै २ वर्ष काम गरेको कर्मचारीको हकमा सो हद लागू नहुने भनी प्रतिवन्धात्मक खण्ड राखी उमेर हदसम्बन्धी सामान्य व्यवस्थालाई केही व्यक्तिका लागि अर्थहीन बनाइएको छ । करार सेवामा नियुक्त गर्दा स्थायी कर्मचारीहरूका लागि लागू हुने मापदण्डहरू मिचेर नअपनाउने तर तिनै करारका कर्मचारीहरूलाई नियुक्तिका मापदण्डहरू मिचेर स्थायी गर्दै जाने हो भने त्यस्तो कार्य स्वच्छ, तर्कसंगत, न्यायपूर्ण र समानताको सिद्धान्तअनुरूप नभई दूषित र भेदभावपूर्ण हुने ।

कुनै एक व्यक्ति वा केही व्यक्तिलाई लक्षित गरी नियमको सामान्य व्यवस्थामा अपवाद वा छूट Relaxation को व्यवस्था गर्नु भनेको दूषित भावनाले प्रेरित भएर त्यसो गर्नु हो । यस्तो व्यवस्था कायम रहन सक्तैन र त्यसबाट व्यक्ति विशेषले फाइदा उठाउन दिनु न्यायपूर्ण र तर्कसंगत् हुन सक्दैन । यसर्थ विपक्षी यी विजयकुमार झाको लागि विनियमावलीमा कर्मचारीको भर्नायोग्य उमेरमा दिएको छूटसम्बन्धी व्यवस्था कानूनविपरीत, दूषित भएकोले सो व्यवस्था बदरभागी हुने हुँदा विजयकुमार झाको नियुक्ति बदर गरी उल्लिखित पदमा पुनः विज्ञापन गर्नु र कानूनसम्मत् प्रक्रिया पूरा गरी तालिम अधिकृतको पदपूर्ति गर्नु भनी विपक्षी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, रामशाहपथ, काठमाडौंका नाममा परमादेशको आदेशसम्म जारी हुने ।

**मा.न्या.श्री कमलनारायण दासको रायः**

नेपाल सरकारले आफूमा ऐनद्वारा प्रत्यायोजित अधिकारअन्तर्गत विनियम बनाउँदा सद्विवेक (Good conscience), आवश्यकता (Objective) र प्रचलन (Precedents) समेतलाई विचार गरी विनियमको विधायन गरेको हुन्छ । त्यस्तो विधायनको सन्दर्भमा न्यायिक पुनरावलोकनका लागि अदालतमा प्रश्न उठी मुद्दा नआएसम्म जो सुकै निकायले टिप्पणी गर्न वा विधायन सम्बन्धमा निर्देशन दिन अधिकार नपाउने ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ ले दिएको अधिकारअन्तर्गत निर्मित विनियमको प्रावधानअनुरूप गठित बढुवा समितिले तत्काल लागू रहेको विनियमले योग्यता पुगेका उम्मेद्वारहरू बीच सञ्चालित परीक्षामा सफल भएबमोजिम सिफारिश भएको र सोबमोजिम विपक्षी परिषद्ले दिएको नियुक्ति यथावत् रहेको हुँदा विजयकुमार झाले परीक्षणकाल समाप्त गरी स्थायी सेवामा आइसकेको अवस्थामा सोबमोजिम कर्मचारीको पाएको स्थायी नियुक्ति स्वतः बदर हुने अवस्था पनि देखिन नआउने ।

निवेदकको मागबमोजिम विपक्षीको योग्यता नपुगेको भन्ने नदेखिएको र प्रचलित ऐन, कानूनसंगत प्रक्रियाबाट नियुक्त भएका विजयकुमार झाको नियुक्ति बदर हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । यसमा विजयकुमार झाको नियुक्ति बदर हुने ठहऱ्याएको हदसम्म अर्का सहयोगी माननीय

न्यायाधीश श्री ताहिर अली अन्सारीको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम पूर्ण इजलासमा पेश गर्नु ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल बैशाख ४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६८-WO-०३१९, उत्प्रेषण/परमादेश, *विजयकुमार झा समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## दरपीठ आदेश

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६९-AP-००२६, सार्वजनिक बाटो अतिक्रमण गरी पर्खाल लगाएको, *माया भट्टराई वि. माया बेल्वासे*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) मा "शुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था रहेको छ । निवेदकले दर्ता गर्न ल्याएको पुनरावेदन हेर्दा काठमाडौं महानगरपालिकाबाट भएको २०६६।८।१९ को निर्णय पुनरावेदन अदालत, पाटनबाट उल्टी हुने ठहरी मिति २०६८।९।१८ मा फैसला भएको र सो फैसलाउपर पुनरावेदन दिन ल्याएको देखिँदा यस्तो शुरू निकायको फैसला पुनरावेदन अदालतबाट उल्टी भएमा यस अदालतमा उक्त न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन लाग्ने अवस्थमा देखिन आउँछ । सर्वोच्च अदालत नियमावली, २०४९को नियम २७ को उपनियम (१)(२) र (३) बमोजिमको अवस्था भएमा मात्र दरपीठ गर्नसक्ने रजिष्ट्रारको अधिकार भएकोमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम स्पष्टतया यस अदालतमा पुनरावेदन लाग्ने देखिएको अवस्थामा अन्य ऐनमा भएको कानूनी व्यवस्थाको व्याख्या गरी निवेदकले दर्ता गर्न ल्याएको शुरू निकायको उल्टी गरेको फैसलाउपरको पुनरावेदन दर्ता गर्न इन्कार गरी दरपीठ गरेको २०६९।४।१४ को आदेश मिलेको नदेखिँदा सो आदेश बदर गरिदिएको छ । अब निवेदकले दर्ता गर्न ल्याएको पुनरावेदन रीत पुगेको भए तथा हदम्यादभित्रको भए दर्ता गर्नुपर्ने ।

इति संवत् २०६९ साल साउन २८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-RE-००१३, मुद्दा खारेज, *शारदा भुषाल झा समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

निवेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा अनुसन्धान समेतको निमित्त उजूरी दिएकोमा कारवाही गरिदिएन भनी संवैधानिक, कानूनी प्रश्न र सार्वजनिक हक र सरोकारको आधार लिई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतमा प्रवेश गरेकोमा यस अदालतका रजिष्ट्रारबाट मिति २०६९।४।८ मा दरपीठ आदेश गरेको देखियो । कानूनी र संवैधानिक प्रश्न तथा सार्वजनिक हक र सरोकारका कुराको साथसाथै संविधानको धारा १०७(२) समेतका विषयमा व्याख्या र आदेश इजालासबाट हुने हुँदा सो विषयमा निवेदन दर्ता भएपछि इजलासबाट कारण देखाउ आदेश जारी हुने वा नहुने वा भए पनि अन्ततः के कस्तो कानूनी व्याख्या हुने कार्य इजलासबाट हुने नै हुँदा रजिष्ट्रारबाट मिति २०६९।४।८ मा अदालतमा प्रवेश नै रोक्ने गरी भएको दरपीठ आदेश बदर गरिदिएको छ । अब निवेदकको निवेदन कानूनबमोजिम दर्ता गरिदिनु पर्ने ।

इति संवत् २०६९ साल साउन २६ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह,** ०६९-WO-००८०, उत्प्रेषण, *हृदयनारायण महतो समेत वि. जिल्ला कार्यालय, रौतहट समेत*

निवेदकमध्येका वृजानन्दप्रसाद यादवलाई जिल्ला शिक्षा कार्यालयको मिति २०६९।१।३१, च.नं. ३६९० को पत्रबाट नि.मा.वि. पञ्चरूखीको प्रधानअध्यापकको कार्यभार सम्हाल्ने गरी आज सरूवा

गरेको भनी उक्त कार्यालयको सो पत्रबाट देखिएकोले विधिसम्मत् तवरबाट सरूवा भई कार्यरत् रहेको प्रधानअध्यापकले पठनपाठन एवं विद्यालयको व्यवस्थापनसम्बन्धी सम्पूर्ण कामकारवाही गर्न पाउने नै हुन्छ। विद्यालय र त्यहाँ कार्यरत् शिक्षकहरूको सरूवासम्बन्धी व्यवस्थापन एवं नियमन गर्न जिल्ला शिक्षा अधिकारी एवं शिक्षा मन्त्रालय समेतलाई कानूनबमोजिम अख्तियारी प्राप्त रहेको अवस्थामा प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सो सम्बन्धमा अनधिकृत तवरबाट हस्तक्षेप गरेको उक्त आयोगको मिति २०६९।३।२४ च.नं. ३४९ योजना ०६८।०६९ को पत्र समेतबाट देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सो पत्रको आधारमा विद्यालयको पठनपाठन लगायत विद्यालयको दैनिक कार्यसञ्चालन, प्रशासन र व्यवस्थापनको कार्यमा प्रधानअध्यापक समेतलाई कुनै बाधा अवरोध नगर्नु तथा प्रस्तुत रिटको टुंगो नलागेसम्म आयोगको सो पत्रको कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल साउन २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६९-WS-०००१, उत्प्रेषण, *भरतमणि जंगम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यसमा अन्य प्रतिवादीहरूलाई लिखित जवाफ पेश गर्नु भनी सूचना म्याद पठाउनु तर राष्ट्रपतिको र प्रधानमन्त्रीको व्यक्तिगत नाममा सूचना पठाउनु नपर्ने।

नेपाल सरकारद्वारा नेपाल राजपत्र खण्ड ६२ मिति २०६९।१।१ मा र पुन: २०६९।४।३ मा प्रकाशित अध्यादेशहरूको प्रस्तावनामा "मुलुकलाई महत्त्वपूर्ण सेवा तथा योगदान पुऱ्याएका व्यक्तिलाई ओहोदामा बहाल नरहे पनि आवश्यक सुविधा तथा सुरक्षा गर्न "तत्काल आवश्यक भएको" भन्ने समेत उल्लेख भई "पूर्व पदाधिकारीहरूको सुविधा सुरक्षासम्बन्धी अध्यादेश" जारी भएको देखिन्छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८(१) ले "व्यवस्थापिका संसदको अधिवेशन वा बैठक चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा" मन्त्रिपरिषद्को सिफारिशमा अध्यादेश जारी गर्नसक्ने व्यवस्था गरेको पाइन्छ। यस धाराले गरेको कानूनी व्यवस्थाअनुसार जारी गरिएको भनिएको उपरोक्त विवादित अध्यादेशको सन्दर्भमा निम्न संवैधानिक प्रश्नहरूको न्यायिक निरोपण हुन आवश्यक देखिन्छ:-

१. व्यवस्थापिका संसदको अस्तित्व कायमै रहेको तर सोको अधिवेशन वा बैठक नचलिरहेको अवस्थामा मात्र धारा ८८ अनुसार अध्यादेश जारी गर्न सकिन्छ वा व्यवस्थापिका-संसदको अस्तित्व कायमै नरहेको अवस्थामा पनि उक्त धाराअनुसार अध्यादेश जारी गर्न सकिन्छ ?
२. धारा ८८ अनुसार जारी गरिएको अध्यादेश उक्त धारा ८८ को उपधारा (२) को खण्ड (ख) बमोजिम राष्ट्रपतिबाट खारेज भएमा बाहेक व्यवस्थापिका संसद अस्तित्वमा नरहेको अवस्थामा सो अध्यादेश लागू रहने समयावधि कति हुने हो ?
३. विवादित अध्यादेशको प्रस्तावनामा लेखिएको "मुलुकलाई महत्त्वपूर्ण सेवा तथा योगदान पुऱ्याएका व्यक्ति" भन्नाले पहिला कुनै खास ओहोदामा बहाल रही कानूनबमोजिम पदीय जिम्मेवारी बहन गर्दै निवृत्त भएको सबै पदाधिकारीलाई मान्ने हो वा पदीय जिम्मेवारी पूरा गर्दै वा कुनै पदमा नरहे पनि मुलुक र समाजलाई महत्वपूर्ण विशेष सेवा वा योगदान पुऱ्याएको व्यक्तिलाई सुविधा र सुरक्षा राज्यले प्रदान गर्नुपर्ने हो ?

उपरोक्त प्रश्नहरूको न्यायिक निरोपण नभई उक्त विवादित अध्यादेशमार्फत् सुविधा प्रदान गर्दै जाने हो भने यो रिट निवेदन प्रयोजनहीन बन्न सक्ने देखिएकोले मिति २०६९।४।३ मा जारी अध्यादेशको कार्यान्वयन आजको दिनमा जे जुन अवस्थामा छ सोही अवस्थालाई यथास्थितिमा राख्नु, सो अध्यादेशअनुसार अब अरू कसैलाई अरू कानूनबमोजिम बाहेक थप सुविधा नदिनु भनी यस निवेदनको अन्तिम निर्णय नभएसम्मका लागि विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-००६७, उत्प्रेषण समेत, *राम आशिष यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदक मिति २०६१।७।२ को निर्णयानुसार सरूवा भएको र मिति २०६१।१०।१६ देखि तोलेनी आयुर्वेद औषधालय डोटीमा हाजीर रही त्यहाँबाट जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र डोटीमा नै मिति २०६५।१२।२८ मा सरूवा भएको देखिन्छ। डोटीबाट मिति २०६९।१।३१ गते मालभुम्ना आयुर्वेद औषधालय सप्तरीमा सरूवा भएको देखिँदा कुनै विशेष कारण र आधार बेगर निजको उक्त सरूवा बदर गरिएको देखिँदा सो मिति २०६९।२।२३ को सरूवा बदर गर्ने निर्णय यी निवेदकको हकमा कार्यान्वयन नगर्नु, नगराउनु र निवेदकलाई मिति २०६९।१।३१ को निर्णयअनुसारको स्थानमा काम गर्न दिनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-००६८, उत्प्रेषण समेत, *ध्रुवराज भण्डारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकमध्येका ध्रुवराज भण्डारी मिति २०६८।८।१८ मा सिसाघाट आयुर्वेद औषधालय तनहूँबाट जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र पाल्पामा सरूवा भएको र मिति २०६९।१।३१ मा पुनः रूपन्देही सरूवा गरिएको भन्ने देखिँदा सो सरूवा बदर गर्ने निर्णयउपर मागबमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन। अर्का निवेदक आङ्गदेण्डी लामा शेर्पाका हकमा विचार गर्दा निज निवेदक आङ्गदेण्डी लामा शेर्पा मिति २०६७।१।१४ मा ललितपुरबाट रसुवामा र मिति २०६९।१।३१ मा रसुवाबाट धुलिखेल सरूवा भएकोमा सो सरूवा निर्णय समेत मिति २०६९।२।२३ को निर्णयबाट बदर गरिएको भन्ने देखिँदा सो सरूवा बदर गर्ने गरेको मिति २०६९।२।२३ को निर्णय कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-००७२, उत्प्रेषण समेत, *धन बस्नेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

यी निवेदकलाई पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।२६ को फैसला र स्वास्थ्य सेवा विभागको मिति २०६८।४।६ को निर्णय एवं सोही आधारमा दिइएको मिति २०६८।४।८ को पत्रअनुसार प.हे.नं. को सट्टा कम्युनिटी नर्सिङ्गको पदनाम प्रदान गरिसकिएको देखिन्छ। यस्तो अवस्थामा सोही पदमा सरूवा गर्नुपर्नेमा नगरी साविक र हाल दुवै पदमा प.हे.नं. राखी मिति २०६८।१२।३० मा यी निवेदकलाई सरूवा गरिएकोमा कानूनको प्रत्यक्ष त्रुटि देखिएकोले अब निजलाई सरूवा गर्नुपर्ने भएमा कम्युनिटी नर्सिङ्ग निरीक्षक पदमा सरूवा गर्नु र त्यसरी वास्तविक पद उल्लेख गरी सरूवा नगरेसम्म मिति २०६८।१२।३० को सरूवा निर्णय र पत्र कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरूको नाममा  अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-००७७, उत्प्रेषण समेत, *नूरप्रताप ज.ब.रा.समेत वि. सिटीजन्स बैंक इन्टरनेशनल लिमिटेड समेत*

यी निवेदकहरू नूरप्रताप राणा र अमीर प्रताप राणाले व्यक्तिगत हैसियतमा वा निजहरूको कम्पनी क्यूब इन्टरकन्टीनेन्टल प्रा.लि. ले सिटीजन्स बैंक इन्टरनेशनलबाट कुनै कर्जा लिएको वा कुनै ऋणीले उक्त बैंकबाट लिएको कर्जाको सुरक्षणबापत जमानी बसेको भन्ने अवस्था नरहेको कुरा विपक्षी सिटीजन्स बैंक इन्टरनेशनलले यी निवेदकहरूको कम्पनीको अध्यक्षलाई सम्बोधन गरी मिति २०६९।१।२८ मा लेखेको पत्रबाट समेत देखिन्छ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ को उपदफा १० र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ अनुसार पनि प्रत्यक्ष ऋणी वा ऋणीको लागि जमानत बस्नेको लागि कालो सूचीमा राख्ने व्यवस्था भएको भन्ने देखिँदा यी निवेदकहरूको कम्पनी र विपक्षी बैंकबीच भएको भनिएको ई.सं. १९-२-२००९ र ३१-३-२०१० को सम्झौताअनुसार शर्त पालन नगरेको कारण यी निवेदकलाई कालो सूचीमा राख्न मिल्ने हो, होइन भन्ने कुरा यस रिट निवेदकको अन्तिम निर्णयबाट बोलिने कुरा हो।

तर सो भन्दा पहिलो नै विपक्षी बैंकको पत्रानुसार मिति २०६९।४।१२ मा कालो सूचीमा

राखिएको भनी कर्जा सूचना केन्द्रको मिति २०६९।४।१५ को पत्रबाट देखिएकोले त्यसबाट एउटा अर्के वाणिज्य बैंकको संस्थापक अध्यक्ष भइसकेको र अहिले पनि सञ्चालक भइरहेका यी निवेदकहरूलाई अपूरणीय क्षति पुग्न सक्ने अवस्था भएको र यस रिट निवेदनको प्रयोजन पनि धेरै हदसम्म समाप्त हुन जाने अवस्था हुँदा यस्तै विषयवस्तु समावेश भएको २०६८-WO-०२६६ को निवेदक भाजुरत्न इञ्जिनियरिङ्ग एण्ड सेल्स लिमिटेड विरूद्ध नेपाल बंगलादेश बैंक समेत भएको उत्प्रेषण मुद्दामा यस अदालतको संयुक्त इजलासबाट अन्तरिम आदेश जारी भइरहेको देखिँदा समेत यसमा यस निवेदनको अन्तिम निर्णय नहुँदासम्म यी निवेदकहरूलाई सिटीजन्स बैंक इन्टरनेशनलको मिति २०६९।४।११ को पत्रअनुसार मिति २०६९।४।१२ मा कालो सूचीमा राखेको भन्ने मिति २०६९।४।१५ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।
इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-००७८, उत्प्रेषण समेत, *बालगोविन्द यादव वि. सामान्य प्रशासन मन्त्रालय समेत*

यी निवेदक बालगोविन्द यादवलाई कहाँ कसरी सरूवा गरिएको भन्ने सम्बन्धमा निजलाई जानकारी प्राप्त नभएको अवस्थामा खानेपानी तथा ढल निकास विभागको मिति २०६९।३।११ को पत्र कार्यान्वयन हुन सक्ने अवस्था नदेखिँदा सो पत्र कार्यान्वयन नगर्नू, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।
इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-००५६, उत्प्रेषण परमादेश, *अनील लामा वि. निर्वाचन आयोग कान्तिपथ समेत*

निर्वाचन आयोगबाट २०६९।२।२४ मा आचारसंहिता जारी गरिएको मितिभन्दा अगावै २०६९।२।१९ मा सरूवा भैसकेको देखिँदा निर्वाचन आयोगबाट जारी आचारसंहिताको आधारमा उक्त सरूवा बदर गर्ने भनी क्षेत्रीय पशु सेवा निर्देशनालयको मिति २०६९।३।२१ को निर्णय यस निवेदनको निर्णय नहुँदासम्म कार्यान्वयन नगर्नु र मिति २०६९।२।१९ को निर्णयबाट सरूवा भएको कार्यालयमा काम गर्न दिनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने।
इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-००९५, उत्प्रेषण, *जयबाबा गोरख कन्स्ट्रक्शन प्रा.लि.का तर्फबाट श्यामकुमार श्रेष्ठ समेत वि. सार्वजनिक खरीद अनुगमन कार्यालय समेत*

विपक्षी सार्वजनिक खरीद अनुगमन कार्यालयले मिति २०६९।३।८ मा निवेदकलाई कालोसूचीमा राख्नु पूर्व विपक्षी लुम्बिनी विकास कोषले निवेदकमध्ये जयबाबा गोरख कन्स्ट्रक्शन प्रा.लि. लाई स्पष्टीकरण सोधनी गर्दा कालोसूचीमा राख्ने सन्दर्भमा कुनै जिकीर नगरी मिति २०६९।४।५ मा र त्यसभन्दा पूर्व २०६८।७।२८ मा फरफारक पत्र तथा अन्य रमक बुझी हिसाब बुझेको पाइएको तथा अन्य दुई निवेदकहरूसँग स्पष्टीकरण समेत माग नगरी एकै पटक मिति २०६९।३।८ मा कालोसूचीमा राख्ने निर्णय गरेको विपक्षी सार्वजनिक खरीद अनुगमन कार्यालयको सूचना सार्वजनिक खरीद अनुगमनसम्बन्धी नियमावली, २०६४ को नियम १४१ को उपनियम ५ विपरीत भएको देखिएको हुँदा यो मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म विपक्षीहरूको मिति २०६९।३।८ को निर्णय र सो निर्णयको आधारमा मिति २०६९।३।९ मा गोरखापत्रमा प्रकाशित सूचना कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने।
इति संवत् २०६९ साल साउन २४ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-००८७, उत्प्रेषण, *युनाइटेड बिल्डर्स प्रा.लि.को तर्फबाट सुकुन्त लाल हिराचन वि. श्रम अदालत समेत*

श्रम अदालतको मिति २०६९।३।१३ को फैसलमा उल्लिखित हदम्याद व्यतीत भएको भन्ने आधार नै विचारणीय भएको देखिँदा हाललाई उक्त श्रम अदालतको मिति २०६९।३।१३ को फैसला प्रस्तुत निवेदनको अन्तिमा टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने।
इति संवत् २०६९ साल साउन २४ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-००८६, उत्प्रेषण, *फुलेन्द्र यादव समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

यस अदालतबाट मिति २०६७।१२।९ मा उत्प्रेषण परमादेश जारी हुने गरी आदेश भएको ०६५-WO-०५३०, नं. को उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा यी निवेदकहरूलाई विपक्षी बनाई निजहरूलाई सुनुवाइको मौका प्रदान गरेको नदेखिएको तथा लोकसेवा आयोग पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाको सूचना नं. १/०६९-७० को सिफारिश रद्द गरिएको सूचनामा यी निवेदकको अयोग्यताका सम्बन्धमा उल्लेख भएको नदेखिएको अवस्थामा यी निवेदकहरूको हकमा निजहरूको सिफारिश पत्र रद्द गर्नु सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत अनुपयुक्त देखिएको हुँदा लोक सेवा आयोग पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाको सूचना नं. १/०६९-७० को सिफारिश रद्द गरिएको सूचनाको क्र.सं. ३, ४ र ५ को हकमा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म सो सूचना कार्यान्वयन नगर्नु, नगराउनू यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-००९२, उत्प्रेषण, *मुकेशकुमार झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

यी निवेदकलाई अधिकारप्राप्त अधिकारीबाट मिति २०६९।१।३१ मा एक स्थानबाट अर्को स्थानमा सरूवा गरिएको अवस्थामा सो मितिबाट नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ ले निर्धारण गरेको अवधि पूरा नहुँदै निजको सरूवा मिति २०६९।२।२३ मा बदर गरेको देखिएको छ । त्यसरी बदर गर्दा नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) नियमावली, २०६८ मा उल्लिखित कुनै आधार र कारण यी निवेदकलाई दिइएको पत्र वा सरूवा बदर गर्ने निर्णयमा उल्लेख गरेको देखिँदैन । कानूनी आधार र कारण विना मिति २०६९।१।३१ को सरूवा निर्णय बदर गरेको देखिएकोले उक्त मिति २०६९।२।२३ ले निवेदकहरूलाई सुविधा सन्तुलनको दृष्टिकोणबाट मर्का पर्नसक्ने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यी निवेदकको हकमा पनि मिति २०६९।२।२३ को निर्णय कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-००५९, उत्प्रेषणयुक्त परमादेश, *शरदप्रसाद आचार्य वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत ३*

निवेदकलाई खोप सुपरभाइजर अधिकृत पदबाट खोप अधिकृत सातौं तहको पदनाम दिएको कुरा स्वास्थ्य सेवा विभागको मिति २०६८।५।५ को पत्रको प्रतिलिपिबाट देखिन्छ । तर मिति २०६८।१२।३० को सरूवा पत्रमा सरूवा गरिएको पद खोप सुपरभाइजर अधिकृत भनी उल्लेख भएको देखिएको हुनाले निजले सातौं तहमा स्तरवृद्धि पाई खोप अधिकृत पद नाम नै प्राप्त गरिसकेको अवस्थामा हाल खोप सुपरभाइजर अधिकृत पदनाम उल्लेख गरी मिति २०६८।१२।३० मा गरेको सरूवा पत्रमा पदनाम र तह मिलान गरी उल्लेख भएको नदेखिँदा प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म मिति २०६८।१२।३० को सरूवापत्र कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूको नाममा आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री कमलनारायण दास,** ०६९-WO-०११३, उत्प्रेषण, *महमुद आलम अन्सारी समेत वि. गृह मन्त्रालय समेत*

निवेदकहरूले आफ्नो पदीय हैसियतले गर्न पाउने काम, कर्तव्य र अधिकार प्रयोग गर्न नपाउँदा निजहरूलाई अपूरणीय क्षति पुग्ने हुनाले नेपाल सरकारका उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तरको मिति २०६९।३।११ को निर्णय एवं २०६९।३।१४ को पत्र तथा मिति २०६९।३।१७ को गृह मन्त्रालय, केन्द्रीय हज कमिटीको जानकारी पत्र समेत प्रस्तुत रिटको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नु साथै निवेदकहरूलाई केन्द्रीय हज समितिको सदस्य पदमा रही कामकाज गर्न बाधा अवरोध नगर्नु, नगराउनू भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम् ।

# सर्वोच्च अदालत गतिविधि

**सर्वोच्च अदालतका विभिन्न शाखा/महाशाखाअन्तर्गत गत आ.व. २०६८/०६९ भित्र सम्पन्न भएका प्रमुख कार्यहरू सम्बन्धित शाखा / महाशाखाबाट प्राप्त विवरणअनुसार देहायबमोजिमका छन्:**

## योजना तथा भौतिक प्रशासन शाखा

### १. समुदघाटन भएको भवन

मिति २०६८ चैत १५ गते सिन्धुली जिल्ला अदालतको नवनिर्मित भवनको समुद्घाटन सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूबाट सुसम्पन्न भएको थियो ।

### २. निर्माण कार्य सम्पन्न भएका अदालतहरू

नेपाल सरकारबाट अदालतलाई उपलब्ध बजेटबाट निर्माणाधीन भवनहरू मध्ये यस आ.व.मा खोटाङ्ग र पर्वत जिल्ला अदालतका भवन निर्माण कार्य सम्पन्न भएका छन् । त्यसै गरी नेपाल सरकार शान्ति तथा पुर्ननिर्माण मन्त्रालयबाट सञ्चालित पुनः निर्माण कार्यक्रमअन्तर्गत मुगु जिल्ला अदालतको भवन निर्माण कार्य समेत सम्पन्न भएको छ ।

### ३. निर्माणाधिन अदालतहरू

गत आर्थिक वर्षदेखि नै भवन निर्माण कार्य शुरु भई यस आ.व.मा समेत निर्माण कार्य चालू रहेका पुनरावेदन अदालत विराटनगर र पोखरा (मुख्य न्यायाधीश आवास) गरी २ तथा जिल्ला अदालतहरू ताप्लेजुङ्ग, तेह्रथुम, सर्लाही, काठमाडौं, गुल्मी, प्युठान, रोल्पा, डोल्पा, डोटी गरी ९ समेत जम्मा ११ वटा अदालत भवन निर्माण कार्य यस आ.व.मा समेत चालू रहे ।

### ४. निर्माण कार्य प्रारम्भ भएका अदालतहरू

यस आ.ब. मा रसुवा र अछाम जिल्ला अदालतको भवन निर्माण कार्यको प्रारम्भ भएको छ ।

### ५. सार्वजनिक तथा पूँजीगत सुधार सम्बन्धमा

सानातिना निर्माण कार्यको लागि सार्वजनिक निर्माणअन्तर्गतको वजेट शीर्षकबाट २२ वटा अदालतहरूमा तथा मर्मत सम्भारको लागि पूँजीगत सुधार शीर्षकबाट २३ वटा अदालतहरूमा रकम निकासा दिइएका थियो ।

### ६. अनुगमन तथा निरीक्षण

क) निर्माण समितिका अध्यक्ष माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्माज्यूले कोशी, नारायणी तथा गण्डकी अञ्चल अन्तर्गतका विभिन्न पुनरावेदन तथा जिल्ला अदालतहरूको भौतिक अवस्थाको निरीक्षण गर्नु भएको थियो ।

ख) निर्माण समितिका सदस्य माननीय न्यायाधीश श्री प्रकाश वस्तीज्यूबाट राप्ती, कर्णाली, भेरी अञ्चलअन्तर्गतका विभिन्न पुनरावेदन तथा जिल्ला अदालतहरूको भौतिक अवस्थाको निरीक्षण भएको ।

ग) निर्माण समितिका सदस्य रजिष्ट्रार श्री लोहितचन्द शाहज्यूबाट नारायणी, बागमती र जनकपुर अञ्चलअन्तर्गतका विभिन्न पुनरावेदन तथा जिल्ला अदालतहरूको भौतिक अवस्थाको निरीक्षण भएको थियो ।

### ७. विभिन्न कार्यक्रममा भएको रकम निकासा सम्बन्धी समग्र विवरण

विभिन्न पुनरावेदन तथा जिल्ला अदालतहरूमा भवन निर्माण, अन्य निर्माण तथा मर्मत सम्भारसम्बन्धी कार्यको लागि निर्माण समितिको निर्णयानुसार भएको जम्मा निकासा विवरण देहायअनुसार रहेको थियो:

बजेट शीर्षक नम्बर २९२२१ बाट रु.१९,९५,३५०२६।
बजेट शीर्षक नम्बर २९६११ बाट रु.१,४८,३१०००।
बजेट शीर्षक नम्बर २९६२१ बाट रु.९६,९३,०००।

## ८. आ.व. २०६९/०७० मा निर्माण शुरु गरिने महत्वपूर्ण कार्यक्रम

सर्वोच्च अदालतको अत्याधुनिक सुविधा सम्पन्न अदालत भवन निर्माण कार्यको लागि कार्यनिर्देश (TOR) तथा आवश्यकता पहिचान समेतको कार्यको लागि परामर्शदाता छनौट भई निर्माणसम्बन्धी प्रारम्भिक कार्य शुरु भइसकेको छ ।

# अनुसन्धान तथा योजना महाशाखा

## १. अनुसन्धानमूलक अध्ययन

यस आ.व. मा देहायका विषयहरूमा अनुसन्धानमूलक अध्ययन सम्पन्न भएका छन्:

### अन्तरिम आदेश र अन्तिम आदेशबीचको तादात्म्यतासम्बन्धी अध्ययन

सहरजिष्ट्रार श्री विपुल न्यौपाने निर्देशक तथा उपसचिव श्री सूर्यप्रसाद पराजुली संयोजक रहनु भएको यस अध्ययन समितिमा उपरजिष्ट्रार श्री ऋषिराम आचार्य, उपसचिव श्री ईश्वर पराजुली र शाखा अधिकृत श्री गोविन्द खनाल सदस्य रहनु भएको थियो ।

### सर्वोच्च अदालतमा पेशी स्थगनको अवस्थासम्बन्धी अध्ययन

सहरजिष्ट्रार श्री विपुल न्यौपाने निर्देशक तथा उपसचिव श्री भद्रकाली पोखरेल संयोजक रहनु भएको यस अध्ययन समितिमा उपसचिव श्री माधवप्रसाद मैनाली र शाखा अधिकृत श्री रामचन्द्र खड्का सदस्य रहनु भएको थियो ।

### जिल्ला अदालतहरूमा समय तालिका पद्धति लागू गर्नेसम्बन्धी अध्ययन

जिल्ला अदालतहरूमा समय तालिका पद्धति लागू गर्ने सम्बन्धमा अध्ययन गर्न पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश श्री केशरीराज पण्डितको संयोजकत्वमा अध्ययन समिति गठन भएको थियो । यस अध्ययन समितिले सम्माननीय प्रधान न्यायाधीशज्यूसमक्ष अध्ययन प्रतिवेदन प्रस्तुत गरिसकेको छ । सोही अध्ययनका आधारमा भक्तपुर, तनहुँ र नवलपरासी जिल्ला अदालतमा समय तालिका पद्धति लागू हुने भएको छ ।

### अदालतबाट वैतनिक कानून व्यवसायीमार्फत् प्रदान गरिने कानूनी सहायताको प्रभावकारितासम्बन्धी अध्ययन

सहरजिष्ट्रार श्री श्रीकान्त पौडेल निर्देशक तथा उपरजिष्ट्रार श्री हेमन्त रावल संयोजक रहनु भएको यस अध्ययन समूहका अन्य सदस्यहरूमा उपसचिव श्री ईश्वर पराजुली, शाखा अधिकृत श्री दीक्षा प्रधानाङ्ग वैतनिक अधिवक्ता श्री वविता उप्रेती रहनु भएको थियो भने वैतनिक अधिवक्ता श्री रामहरि त्रिपाठी आमन्त्रित सदस्यको रुपमा रहनु भएको थियो ।

### २०४७ सालदेखि २०६७ सालसम्म *नेकाप*मा प्रकाशन भएका सर्वोच्च अदालतका निर्णयहरूको सारसंक्षेप संकलनसम्बन्धी अध्ययन

सहरजिष्ट्रार श्री लालबहादुर कुँवर निर्देशक तथा नेपाल कानून पत्रिकाका सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा संयोजक रहनु भएको यस अध्ययन समूहका अन्य सदस्यहरूमा उपसचिवद्वय श्री गायत्रीप्रसाद रेग्मी र श्री भद्रकाली पोखरेल तथा शाखा अधिकृतद्वय श्री देवेन्द्र ढकाल र श्री शम्भुप्रसाद आचार्य रहनु भएको थियो ।

### सर्वोच्च अदालतमा फैसला लेखन कार्यको कार्यबोझ विश्लेषण

सहरजिष्ट्रार श्री विपुल न्यौपाने निर्देशक तथा उपसचिव श्री उमेश कोइराला संयोजक रहनु भएको यस अध्ययन समूहका अन्य सदस्यहरूमा उपसचिवहरू श्री कृष्णमुरारी शिवाकोटी, श्री श्रीप्रकाश उप्रेती, श्री मातृकाप्रसाद आचार्य तथा श्री ध्रुवराज त्रिपाठी रहनु भएको थियो ।

**सर्वोच्च अदालतमा दायर भएका रिट निवेदनको म्याद तामेलीको अवस्थासम्बन्धी विश्लेषणात्मक अध्ययन**

सहरजिष्ट्रार श्री लालबहादुर कुँवर निर्देशक तथा उपसचिव श्री खड्गबहादुर श्रेष्ठ संयोजक रहनु भएको यस अध्ययन समूहका अन्य सदस्यहरूमा उपसचिवहरू श्री विष्णु गौतम, श्री ध्रुवराज त्रिपाठी, उपसचिव श्री माधव मैनाली र शाखा अधिकृत श्री दुर्गा गुरुङ रहनु भएको थियो ।

**सर्वोच्च अदालतमा प्यानल मुद्दामा हुने आदेश कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन**

फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक श्री महेन्द्रनाथ उपाध्याय निर्देशक तथा उपसचिव श्री ऋषिराम आचार्य संयोजक रहनु भएको यस अध्ययन समूहका अन्य सदस्यहरूमा उपसचिवहरू श्री विष्णु उपाध्याय, श्री नारायण पराजुली र शाखा अधिकृत श्री गोविन्द खनाल रहनु भएको थियो ।

**वाणिज्य इजलासको प्रभावकारितासम्बन्धी अध्ययन**

पुनरावेदन अदालत पाटनको अनुसन्धान समितिको निर्देशनमा रही सो अदालतका रजिष्ट्रार श्री नृपध्वज निरौला संयोजक तथा उपरजिष्ट्रार श्री सुवासबाबु पुरी तथा शाखा अधिकृत श्री केदार पौडेल सदस्य रहेको यस अध्ययन समूहले वाणिज्य इजलासको प्रभावकारितासम्बन्धमा अध्ययन अनुसन्धान कार्य गरेको थियो ।

**सर्वोच्च अदालतद्वारा गरिएका दरपीठ र सोउपर परेका निवेदनमा भएका आदेशको अध्ययन**

सहरजिष्ट्रार श्री नहकुल सुवेदी निर्देशक तथा उपसचिव श्री श्यामकुमार भट्टराई संयोजक रहनु भएको यस अध्ययन समूहका अन्य सदस्यहरूमा उपसचिवहरू श्री प्रकाश राउत, श्री रमेश रिजाल र शाखा अधिकृत श्री राजन बास्तोला रहनु भएको थियो ।

**सर्वोच्च अदालतको फैसला र आदेशमा बढी उल्लेख भएका नजीरहरूसम्बन्धी अध्ययन**

सहरजिष्ट्रार श्री लालबहादुर कुँवर निर्देशक तथा उपसचिव श्री सूर्य पराजुली संयोजक रहनु भएको यस अध्ययन समूहका अन्य सदस्यहरूमा उपसचिवहरू श्री विदुर कोइराला, श्री नारायण सुवेदी र शाखा अधिकृत श्री सम्झना सिम्खडा पुडासैनी सदस्य रहनु भएको थियो ।

**न्यायिक पुनरावलोकनमार्फत् सर्वोच्च अदालतबाट बदर गरिएका कानूनहरू र तिनको अवस्थासम्बन्धी अध्ययन**

सहरजिष्ट्रार श्री लालबहादुर कुँवर निर्देशक तथा उपसचिव श्री श्यामकुमार भट्टराई संयोजक रहनु भएको अध्ययन समूहले न्यायिक पुनरावलोकनमार्फत् सर्वोच्च अदालतबाट बदर गरिएका कानूनहरू र तिनको अवस्थासम्बन्धी अध्ययन अनुसन्धान सम्पन्न गरेको थियो ।

## २. अनुसन्धान विधिसम्बन्धी तालिम सम्पन्न

सर्वोच्च अदालत अनुसन्धान समितिको आग्रहअनुसार राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट अनुसन्धानमूलक अध्ययनमा संलग्न रहेका जनशक्तिलाई लक्षित गरी अनुसन्धान विधिसम्बन्धी एक हप्ते तालिम कार्यक्रम सञ्चालन भएको थियो । दुई चरणमा सञ्चालन गरिएको सो तालिममा करीव ३५ जना कर्मचारीहरूको सहभागीता रहेको थियो ।

## ३. दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन

सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको संयोजकत्वमा निर्देशक समिति र पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठको संयोजकत्वमा मध्यावधि मूल्याङ्कन कार्य समूह गठन भई न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६/०६७-२०७०/०७१) को मध्यावधि मूल्याङ्कन प्रतिवेदन तयार गरियो । राष्ट्रिय न्यायिक प्रतिष्ठानको प्राविधिक सहयोगमा तयार गरिएको सो मूल्याङ्कन प्रतिवेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०६९।४।१ गते अनुमोदन भई कार्यान्वयनको क्रममा रहेको छ ।

## ४.योजनाको प्रगति समीक्षा

यस आ.व.मा न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत वार्षिक

कार्यान्वयन योजनाको प्रगतिका बारेमा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूको प्रमुख आतिथ्यता र योजना कार्यान्वयन समितिका संयोजक सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको समुपस्थितिमा पुनरावेदन अदालत, पाटन र पुनरावेदन अदालत, बुटवलमा समीक्षा कार्य सम्पन्न भयो । त्यसैगरी योजना कार्यान्वयन समितिका संयोजक सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको प्रमुख आतिथ्यतामा पुनरावेदन अदालत, इलाममा समेत समीक्षा कार्यक्रम गरिएको थियो । योजना कार्यान्वयन समितिबाट योजना कार्यान्वयनको सन्दर्भमा मासिक रुपमा प्रगति समीक्षा गरिएको छ ।

## ५. योजना तर्जुमासम्बन्धी तालीम सम्पन्न

न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कनको तयारीमा संलग्न रहने जनशक्ति समेतलाई लक्षित गरी योजना कार्यान्वयन समितिको आग्रहमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट पाँच दिने तालीम कार्यक्रम सञ्चालन गरियो । सो कार्यक्रममा न्यायपालिकाका विभिन्न तहका २० जना जनशक्तिको सहभागिता रहेको थियो ।

## ६. वार्षिक प्रतिवेदन प्रकाशन

सर्वोच्च अदालत र मातहत अदालतबाट भएका कामकारवाहीहरूको विवरण समावेश गरी सर्वोच्च अदालतको आ.व. २०६७/०६८ को वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ ।

## ७. तालिमको पाठ्यक्रमलाई व्यावहारिक बनाउने प्रयास

न्याय सेवाका राजपत्रांकित तथा राजपत्र अनंकित कर्मचारीहरूको तालीमको पाठ्यक्रमलाई व्यावहारिक बनाई कार्यसम्पादनमा सहज बनाउने र जनशक्तिको दक्षता विकास गर्ने उद्देश्यले सेवा प्रवेश तथा सेवाकालीन तालीमको पाठ्यक्रम निर्माण तथा परिमार्जनका लागि सर्वोच्च अदालतबाट प्रयास भइरहेको छ । सोहीअनुसार न्याय सेवा तालीम केन्द्रले पाठ्यक्रम पहिलो चरणमा न्याय समूहका राजपत्र अनंकित प्रथम तथा द्वितीय श्रेणीका कर्मचारीहरूको सेवा प्रवेश तालीमको पाठ्यक्रम निर्धारण तथा राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीको सेवा प्रवेश तालिमको पाठ्यक्रम परिमार्जन गरी सेवा प्रवेश तालीम प्रारम्भसमेत गरिसकेको छ ।

# सम्पादन तथा प्रकाशन शाखा

**यस आर्थिक वर्षमा सम्पादन तथा प्रकाशन शाखाबाट कार्यसम्पादन भएको विवरणः**

- **नेपाल कानून पत्रिका (मासिक)**: शत प्रतिशत प्रकाशन भएका छन् ।
- **सर्वोच्च अदालत (पाक्षिक) बुलेटिनः** (अन्तरिम आदेश, दोहोऱ्याउने निस्सा प्राप्त, शाखा महाशाखा गतिविधिसहित): शत प्रतिशत प्रकाशन भएका छन्
- बुलेटिन र *नेकाप*को आकार र स्तर वृद्धि,
- कानून पत्रिका र बुलेटिनको विद्युतीय प्रतिलाई सर्वोच्च अदालतको वेभ साइटमा प्रकाशन गर्ने कार्यक्रम नियमित रुपमा भैरहेको,
- सर्वोच्च अदालतको छापाखानामा नयाँ छपाई गर्ने मेशिन, प्लेटमेकर तथा परफेक्ट वाइन्डर मेशिन खरीद गरिएको,
- नजीर संग्रह, कानून पत्रिका र वुलेटिनको विद्युतीय प्रति प्रयोगमा ल्याउने कार्यक्रम परिमार्जन भैरहेको,
- नेपाल कानून पत्रिकाको नजीर खण्डको वेभवेस विषय सूची सर्वोच्च अदालतको वेभ पृष्ठमा राख्ने कार्यक्रम अगाडि वढिरहेको,
- अदालतका सवै प्रकाशनहरू कर्मचारीहरूलाई उपलब्ध गराउने स्वीकृत नीतिअनुरूप यस आर्थिक बर्षदेखि सर्वोच्च अदालतको बुलेटिन सवै अधिकृतलाई वितरण गर्ने कार्य भएको,
- सर्वोच्च अदालतको छापाखाना तथा प्रकाशन शाखामा रहेका प्रकाशनहरू मातहत अदालतमा आवश्यकता सर्वेक्षणका आधारमा थप वितरण गरिएको,
- सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण फैसला अंग्रेजी उल्था गरी प्रकाशन गरिएको,
- टेवलु क्यालेण्डर (१ वर्षे) गत वर्ष झै नियमित रुपमा प्रकाशन गरी वितरण गरिएको,

- भित्ते पात्रो (क्यालेण्डर) (१ वर्ष) प्रकाशन गरी वितरण गरिएको,
- अदालतसम्बन्धी केही ऐन/नियमावली/ निर्देशिका तथा न्यायाधीश आचारसंहिता, २०६९ प्रकाशन गरिएको ।

## अनुगमन तथा निरीक्षण महाशाखा

### १. मातहत अदालतको निरीक्षण

- सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूबाट हुने मातहत अदालतहरूको निरीक्षणको लागि आवश्यक व्यवस्था र समन्वय गरी यसवर्ष सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूबाट सबै पुनरावेदन अदालतहरूको निरीक्षण सम्पन्न भएको छ ।
- पुनरावेदन अदालतहरूबाट मनाङ, हुम्ला र डोल्पा जिल्लाहरू बाहेक अन्य जिल्ला अदालत र न्यायिक निकायको निरीक्षण सम्पन्न भएको छ ।
- निरीक्षणको क्रममा दिइएका निर्देशनहरूको कार्यान्वयनको अनुगमन भइरहेको ।
- पुनरावेदन अदालतबाट मातहतका जिल्ला अदालत तथा अर्ध न्यायिक निकायको निरीक्षणको अभिलेख अद्यावधिक गरिएको ।

### २. मिसिलहरूको आन्तरिक निरीक्षण

- सर्वोच्च अदालत मुद्दा तथा रिट शाखाका करीब ६००० मिसिलहरू र अन्य शाखाको काम कारवाहीको आन्तरिक निरीक्षण तथा अनुगमन भएको ।
- मातहत अदालतहरूको आन्तरिक निरीक्षणको विवरण लिई अभिलेख राख्ने गरिएको ।

### ३. केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको सचिवालयको रुपमा कार्य गरेको

- यस आर्थिक वर्षमा केन्द्रीय न्यायक्षेत्र समन्वय समितिका २ वटा वैठकहरू वसी विभिन्न निर्णयहरू गरेको छ ।
- २०६९ असार ८ गते विराटनगरमा पूर्वाञ्चल विकास क्षेत्रको पुनरावेदन तथा जिल्ला न्यायक्षेत्रका पदाधिकारीहरूको सहभागितामा एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।

### ४. विशेष अभियान सञ्चालन

२००० भन्दा वढी मुद्दा भएका पुनरावेदन अदालत पाटन तथा निम्न छ वटा जिल्ला अदालतहरूमा विशेष अभियान सञ्चालन गर्न लेखी पठाई सोको नियमित प्रतिवेदन लिई अनुगमन गर्ने गरिएको थियो:

१. सुनसरी जिल्ला अदालत २. सप्तरी जिल्ला अदालत
३. सिराहा जिल्ला अदालत ४. धनुषा जिल्ला अदालत
५. पर्सा जिल्ला अदालत र
६. काठमाडौ जिल्ला अदालत

२५ थानभन्दा वढी मुद्दा २ वर्ष नाघेका मुद्दा भएका निम्न अदालतहरूमा विशेष अभियान सञ्चालन गर्न निर्देशन दिइएको र सोको मासिक प्रगति विवरण लिने गरिएको छ:

- **पुनरावेदन अदालत** - पाटन, जनकपुर ।
- **जिल्ला अदालतहरू-** झापा, मोरङ., सुनसरी, सप्तरी, सिराहा, धनुषा, सर्लाही, महोत्तरी, पर्सा, रौतहट, काठमाडौ, ललितपुर, काभ्रे र वाँके गरी १४ जिल्ला अदालतहरू । आ.व. २०६८६९ को अन्त्यसम्ममा यस्ता अदालतको संख्या घटी जम्मा १० वटा जिल्ला अदालतहरूमा मात्र २५ थानभन्दा वढी २ वर्ष नाघेका मुद्दा रहेको ।

### ५. तामेल्दारहरूको काम कारवाहीको अनुगमन

जिल्ला अदालतहरूमा कार्यरत् सवै तामेलदारहरूको म्याद तामेली र वाँकीको विवरण सवै अदालतहरूवाट लिई आधाभन्दा कम तामेल गर्ने र पुराना म्याद वाँकी राख्ने र समयमा तामेल नगर्नेलाई कारवाही गर्न लेखी पठाउने गरिएका छ ।

## ६.मुल्तवी मुद्दाहरूको अनुगमन

मातहतका अदालतहरूको मुलतवी रहेका र मुलतवीवाट जागेका मुद्दाहरूको मासिक प्रगति विवरण लिई अनुगमन गर्ने गरिएको छः

| अदालत | मुलतवी लगत संख्या | | | मुलतवी वाट जागेको संख्या | जगाउन वाँकी संख्या |
|---|---|---|---|---|---|
| | जिम्मेवारी | यस बर्ष | जम्मा मुलतवी | | |
| पुनरावेदन अदालत | ११६० | ३२१ | १४८१ | ३५१ | ११३० |
| जिल्ला अदालतहरू | ७६६६ | २१८० | ९८४६ | १९६७ | ७८७९ |
| जम्मा | ८८२६ | २५०१ | ११३२७ | २३१८ | ९००९ |

## ७. छिनुवा अभिलेख व्यवस्थापन

- यस बर्ष पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा मिसिल कागज सडाउन र दराज खरीद गर्न करीव ९० लाख रुपैयाँ निकासा भएको । यस बर्ष काठमाडौ जिल्ला अदालतका करीव १ लाख ५० हजार र सप्तरी जिल्ला अदालतका २०५६ सालदेखि पछिका मिसिलहरू व्यवस्थित गर्ने, कम्प्युटरमा इन्ट्री गर्ने कार्य सम्पन्न गर्न रकम पठाई काम कारवाहीको नियमित अनुगमन गर्ने गरिएको ।
- सर्वोच्च अदालतमा ५ वर्षअगाडि फैसला भएका मुद्दाका कागज सडाइएको ।

## ८. अन्य

- सूचना कक्षको स्थापना र वडापत्रको कार्यान्वयनको अनुगमन ।
- वैतनिक कानून व्यवसायीको काम कारवाहीको अनुगमन र रेकर्ड अद्यावधिक गरिएको ।
- वाल न्यायसम्बन्धी कार्यको अनुगमन ।
- अनुगमन महाशाखावाट नै अनुगमन गर्ने गरी आदेश भएका मुद्दामा आदेश वा फैसलाको कार्यान्वयनको अनुगमन गरिएको छ ।

# मुद्दा महाशाखा

## मुद्दाको लगत फछ्र्यौट विवरणः

- आ.व. २०६८/०६९ मा अघिल्लो आर्थिक वर्षबाट १०,४२५ थान मुद्दा बाँकी भै जिम्मेवारी सरी आएकोमा यस आ.व. ८६३१ नयाँ मुद्दा दर्ता भै कुल लगत १९,०५७ रहेको देखिन्छ । यो अघिल्लो आर्थिक वर्षको भन्दा १,१६४ मुद्दा बढी हो । यसमा लगतको ३३.४ प्रतिशत वा ६,३५४ मुद्दा फछ्र्यौट भै १२,७०३ मुद्दा वाँकी रहेका छन् । अघिल्लो आ.व.मा ४१.७ प्रतिशत मुद्दा फछ्र्यौट भै १०,४२५ मुद्दा बाँकी रहेको भएतापनि अघिल्लो आ.व. को अन्त्यमा १९ जना न्यायाधीश वहाल भै प्रति न्यायाधीश ३९२ फछ्र्यौट भएकोमा यस आ.व. मा १४ न्यायाधीश कायम रही अघिले आ.व. को प्रति न्यायाधीश फछ्र्यौट ३९२ रहेकोमा यस वर्ष सोको ४.३५ प्रतिशतले फछ्र्यौटमा वृद्धि भै प्रति न्यायाधीश फछ्र्यौट ४५३ कायम भएको छ ।
- आ.व.२०६८/०६९ मा कुल ३३.४ प्रतिशत मुद्दा फछ्र्यौट भएको भएतापनि ५ वर्ष नाघेका मुद्दाको फछ्र्यौट भने ६३ प्रतिशत पुगेको छ । यसैगरी मुद्दा व्यवस्थापन समितिले विशेष अनुगमन गरी कारवाही र किनारा गर्ने भनी निर्णय भएअनुसार आ.व. ०६१/०६२ सम्मका पुराना वाँकी मुद्दामध्ये ७९ प्रतिशत फछ्र्यौट भएको छ । यो अघिल्लो आ.व.को तुलनामा ३.१६ प्रतिशत वढी हो ।
- यो आर्थिक वर्षमा ३ बर्ष पुराना प्यानलअन्तर्गतका मुद्दाको संख्या १,४५६ भएकोमा सोको ६४ प्रतिशत अर्थात् ९२७ मुद्दा फछ्र्यौट भै ५३३ थान वाँकी रहेको देखिन्छ । यसमा अघिल्लो आ.व.को तुलनामा १ प्रतिशतले कमी आएको छ ।
- यस आर्थिक वर्षमा कुल ५२७ थान भ्रष्टाचारका मुद्दामध्ये ३४ प्रतिशत १७७ थान फछ्र्यौट भै ३५० थान बाँकी रहेको देखिन्छ । यो फछ्र्यौट विगत पाँच वर्षको सर्वाधिक उच्च फछ्र्यौट हो । अघिल्लो आर्थिक वर्षमा जम्मा २४ प्रतिशत भ्रष्टाचारसम्बन्धी मुद्दा फछ्र्यौट भएको थियो ।

**मुद्दा फाँटमा हुने कामकारवाहीका सम्बन्धमाः**

- मुद्दा व्यवस्थापनको सम्बन्धमा मासिक रुपमा मुद्दा व्यवस्थापन समितिको बैठक बसी मुद्दाको कामकारवाहीमा देखा परेका कार्यविधिगत जटिलताका सम्बन्धमा छलफल गरी निकासको लागि आवश्यक निर्णय गर्ने गरिएको छ।
- मुद्दा महाशाखाअन्तर्गत रहेका विभिन्न शाखाहरूको काम कारवाहीलाई चुस्त र प्रभावकारी बनाउनका लागि नियमित रुपमा महाशाखाअन्तर्गतका सबै शाखा प्रमुख र फाँटवालाहरूसंग औपचारिक /अनौपचारिक बैठक, छलफल गरी मुद्दाको कारवाहीलाई नियमित तुल्याउने, अङ्ग पुऱ्याउने कार्यमा ढिलाइ नगर्न र इजलासको आदेश कार्यान्वयनमा पूर्णता ल्याउन इजलासवाट आएका प्रत्येक आदेश शाखा प्रमुख आफैंले हेरी कार्यान्वयन गर्ने, सेवाग्राहीको काम जतिसक्दो छिटो छरितो र विना झन्झट सरल तरिकाले सम्पन्न गर्नेलगायतका निर्णयहरू भै तदारुकताकासाथ कार्यान्वयन भएका छन्। पुराना मुद्दाहरूको कार्यविधिलगायतका मुद्दाका कामकारवाहीका सम्बन्धमा रहेको गुनासो स्वयं महाशाखा प्रमुखले प्राथमिकताका साथ हेर्ने निर्णय र तदनुरुप काम कारवाही हुने गरेको छ।
- मुद्दा महाशाखा अन्तर्गतका कुनै पनि शाखा वा फाँटका कामकारवाहीका सम्बन्धमा सेवाग्राहीको कुनै उजूरी वा गुनासो भएमा सीधै महाशाखा प्रमुख वा रजिष्ट्रारसमक्ष उजूर गरी गुनासोको सुनुवाइ गर्ने व्यवस्था गरिएको।
- मुद्दाको कामकारवाहीका सम्बन्धमा आवश्यक मिसिल वा पत्रको जवाफ समयमा प्राप्त नभई मुद्दाको काम कारवाहीमा अनावश्यक ढिलाई भएकाले उपत्यकाभित्रका सबै अदालतहरूका रजिष्ट्रार एवं स्रेस्तेदारसँग पटक पटक छलफल गरी आवश्यक समन्वय गर्ने गरिएको छ। यसैगरी मालपोत कार्यालय, भूमिसुधार कार्यालय, गुठी संस्थानलगायतका अदालतसँग नजिकको समन्वयमा रही काम गर्नुपर्ने प्रकृतिका निकायवाट माग भएको मिसिल वा पत्रको जवाफ समयमा नै उपलव्ध नहुँदा मुद्दाको कामकारवाहीमा वाधा परेकाले भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सचिवसँग समन्वय गरी उपत्यकाभित्रका मन्त्रालय मातहतका विभिन्न निकायका प्रमुखसँग छलफल र अन्तरक्रिया गरी समयमै मिसिल वा जवाफ प्राप्त गर्ने सन्दर्भमा आवश्यक पहल गरिएको छ।
- मुद्दा व्यवस्थापन समितिको निर्णयबमोजिम यस आर्थिक वर्षदेखि राजश्व तथा वाणिज्यसम्बन्धी मुद्दाहरूको लागि छुट्टै फाँट खडा गरी प्राथमिकताका साथ मुद्दा सुनुवाइ हुने व्यवस्था गरिएको छ।
- यस भन्दा अघि पुनरावेदन दर्ताको आधारमा ३ वर्ष नाघेका मुद्दाहरूलाई मात्र प्यानल पद्धतिअनुरूप प्यानलमा लगी मुद्दाको कारवाही र किनारा गरिदै आएकोमा सो पद्धतिलाई पुनरावलोकन गरी दोहोऱ्याइ पाऊँ भन्ने निवेदन दर्ता भएको मितिवाटै ३ वर्ष पुराना मुद्दालाई प्यानल पद्धतिमा लैजाने गरी कारवाही अगाडि बढाइएको छ।
- मुद्दा शाखा र इजलासको काम कारवाहीमा समन्वय ल्याउन सवै इजलास अधिकृतहरूको मुद्दा महाशाखासँग आवधिक छलफल गरी छलफलको क्रममा लगत कट्टा गर्न वाँकी पुराना मुद्दा वा आदेशको तत्काल लगत कट्टा गर्ने, तयार हुन वाँकी फैसलाको शीघ्र मस्यौदा गर्ने, फैसलाको जानकारी एल.आइ.सी. मार्फत् दुरुस्त राख्नेलगायतका विषयमा छलफल भै सोअनुरूप कार्य हुँदै आएको छ।
- पेशी तारिख तोक्नेलगायतको काममा एकरुपता ल्याउनको लागि खास विषयका मुद्दालाई निर्धारण गरिएको पेशी कोटा र सम्बन्धित विषयका मुद्दा संख्याको अनुपात मिल्ने गरी पेशी तारिख तोक्नेसम्बन्धी सूत्र तयार गरी तदनुरुप पेशी तारिख तोक्ने गरिएको छ। पेशी तारिख सो सूत्रअनुरूप तोकिए नतोकिएको अनुगमन महाशाखा प्रमुखवाटै हुनसक्ने गरी सफ्टवेयर परिमार्जन गरिएको छ।
- मुद्दामा लामो समयसम्म पेशी पालो नआउँदा कतिपय ऐन नियमले प्राथमिकता प्रदान गरेका मुद्दालाई समेत समयमा सुनुवाई गर्न नसकिएकाले ऐन नियमको व्यवस्थाबमोजिम प्राथमिकताका क्रमलाई पुनरावलोकन गर्नुका साथै मुद्दा संख्या, मुद्दाको गम्भीरता समेतलाई मध्यनजर गरी पेशीकोटा,

पेशीको प्रयोजनको लागि मुद्दाको विषयगत वर्गीकरण, विषयगत मुद्दा पेश हुने दिन/बार संख्या आदिमा परिमार्जन गरी पेशी व्यवस्थापनमा सुधार गरिएको।

- शाखामा रहेका प्रत्येक मुद्दाको कामकारवाहीको स्थितिका सम्बन्धमा सम्बन्धित शाखा प्रमुख नै जिम्मेवार हुने गरी जिम्मेवारी निर्धारण गरिएको छ।
- महाशाखाअन्तर्गत शाखा र फाँट खडा गर्दा समानुपातिक कार्यवोझ नभै कुनै फाँटमा अत्याधिक कार्यवोझ र कुनै फाँटमा कार्यबोझ कम भएको स्थितिलाई अन्त्य गर्न भौगोलिक क्षेत्रमा हेरफेर गरी फाँटहरूको पुनर्विभाजन / मिलान गरिएको छ।
- कारागारबाट प्राप्त हुने पुनरावेदनलगायतका निवेदनपत्रहरू रीत ढाँचा नमिलाई आउने, आवश्यक दस्तूर संलग्न नगर्ने, म्याद नघाई आउने जस्ता समस्या सम्वोधन गर्नका लागि सम्बन्धित कानूनी व्यवस्थाबमोजिम आवश्यक कार्य गर्न सबै कारागार शाखालाई परिपत्र गर्न कारागार व्यवस्थापन विभागसँग समन्वय गरी काम कारवाही गरिएको छ।
- मातहत अदालतबाट दर्ता भै आउने पुनरावेदन, दोहोऱ्याई पाऊँलगायतका कतिपय लिखत/निवेदनहरूमा ऐनले तोकेको कार्यविधि अवलम्वन नगरी पठाउँदा मुद्दा दर्तालगायतका कार्यविधिमा कठिनाई उत्पन्न भएकाले सम्बन्धित ऐन नियमको व्यवस्था पालना गरी मुद्दा दर्ता गरी पठाउनेतर्फ ध्यानाकर्षण गरी सबै पुनरावेदन र जिल्ला अदालतहरूमा परिपत्र गरिएको छ।
- मुद्दाका काम कारवाहीलगायत अन्य विविध विषयमा सर्वोच्च अदालतमा सोधिएको पत्रको जवाफ समयमा प्राप्त नभएको भन्ने गुनासोलाई दृष्टिगत गरी यसरी सोधिएका सबै पत्र सीधै महाशाखा प्रमुखको जिम्मामा रहेको पत्रोत्तर रजिष्ट्रमा दर्ता गरी सो पत्रमा दिएको जवाफ र च.नं. समेत उल्लेख गरी पत्रको जवाफ गए नगएको सम्बन्धमा प्रभावकारी ढंगले अनुगमन गर्ने गरिएको छ।
- सम्बन्धित फाँट पत्ता लाग्न नसकेका बर्षौ पुरानापत्रहरू फाँट पत्ता लगाई जिम्मा लगाउने या सो सम्बन्धमा सम्बन्धित निकायमा पुनः पत्राचार गरी आवश्यक निकासा लिने सम्बन्धमा मुद्दा शाखाका सुपरिटेण्डेन्टको संयोजकत्वमा अभिलेख दर्ता शाखा, पुनरावेदन दर्ता शाखा तथा प्रशासन शाखाको समेत प्रतिनिधित्व हुने गरी एक समिति गठन गरिएको छ। समितिले पाँच बर्षसम्म बेवारिस रहेका पुराना यस्ता पत्रहरू हेरी खोजी आवश्यक निकासा साथ राफसाफ गरेको। हाल अभिलेख शाखा, पुनरावेदन दर्ता शाखा चिठीपूर्जी शाखालगायत सम्भाव्य फाँट/शाखाहरूमा यस्ता वेवारिस पत्र र मिसिलहरू रहेका छैनन्।
- विभिन्न शाखा तथा फाँटहरूमा रहेका विभिन्न मिसिलका कतिपय मिसिल कागजातहरू वा मिसिल अन्य मिसिलसाथ गई अन्य शाखा वा फाँटमा जाने तथा सोको अभिलेख नरहने भई पटक पटक मिसिल हराउने जस्ता समस्या देखिएकाले यस्ता मिसिलहरू महाशाखा प्रमुखको सचिवालयमा अभिलेख पुस्तिकामा (Loss and found registrar) दर्ता गरी सम्बन्धित फाँट वा शाखामा समन्वय गरी मिसिल सामेल गर्ने गरिएको छ।
- म्याद तामेली प्रक्रियालाई प्रभावकारी गराउन सम्बन्धित मिसिल साथ रहने, म्याद चलानी पूर्जीमा नै म्याद तामेली दर्ता रजिष्ट्रको दर्ता नम्बर र दर्ता मिति उल्लेख गर्ने र प्राप्त तामेली प्रतिवेदन सम्बन्धित सुपरिटेण्डेण्टले तत्काल हेरी रुजु गरी बदर हुने अवस्था देखेमा तत्कालै अर्को म्याद जारी गर्ने र रीतपूर्वकको तामेली भएमात्र मिसिल सामेल राख्ने निर्णय गरी तदनुरूप कार्य गरिएको छ।
- आन्तरिक निरीक्षणलाई प्रभावकारी बनाउन अनिवार्यरुपमा आन्तरिक निरीक्षण गर्न थालनी गरिएको छ।
- मुद्दाको कारवाही प्रक्रियासम्बन्धी सफ्टवेयर (LIC) मा पटक पटक आउने प्राविधिक समस्या एवं कार्यविधिमा गरिने सुधार अनुकूल सफ्टवेयर परिमार्जन गर्दै लैजाने सम्बन्धमा सूचना प्रविधि महाशाखाका निर्देशक एवं सम्बन्धित प्राविधिकहरूसँग नियमित रुपमा छलफल र अन्तरक्रिया गर्ने गरिएको।
- माहाशाखामा कार्यरत् राजपत्रअनंङ्कित कर्मचारीहरूलाई सफ्टवेयर (एल.आई.सी.) तथा युनीकोडसम्बन्धी एवं मुद्दा व्यवस्थापन र मेलमिलापसँग सम्बन्धित तालीम सञ्चालन गरिएको ।

## मेलमिलाप शाखा

**हालसम्म स्थापना भएका मेलमिलाप केन्द्रहरू**
- सर्वोच्च अदालत : १
- पुनरावेदन अदालतहरू : १६
- जिल्ला अदालतहरू ७४ (नुवाकोट जिल्ला अदालतमा वजेट उपलब्ध गराइएकोमा स्थान अभावको कारण केन्द्र स्थापना हुन नसकेको)

यस आ.व.मा स्थापना गरिएका मेलमिलाप केन्द्रहरू- १३
- (ताप्लेजुङ्ग, भोजपुर, सोलुखुम्बु, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, वाग्लुङ्ग, जाजरकोट, मुगु, कालीकोट, डोल्पा, बाजुरा र दार्चुला)।

**आ.व. २०६८।०६९ सम्ममा सवै अदालतहरूको मेलमिलाप केन्द्रहरूको प्रगति बिवरण**

कुल मेलमिलाप केन्द्रमा दर्ता मुद्दा संख्याः ३२३७
सफल मुद्दा संख्या : ६३०
फछ्र्योट मुद्दा संख्या : २८७०
चालु मुद्दा संख्या : ३६७
सफल प्रतिशत : २१.९५ प्रतिशत

**सर्वोच्च अदालत मेलमिलाप केन्द्रको प्रगति विवरण**

स्थापनाकालदेखि २०६८ असार मसान्तसम्म
- कुल संख्याः ११९७
- मेलमिलाप भएकोः १३४
- मेलमिलाप हुन नसकी फिर्ता : १०४५
- फछ्र्यौट संख्या : ११७९
- चालुः १८
- सफलः ११.९५ प्रतिशत

**सर्वोच्च अदालतको आ.व.२०६८।०६९ को प्रगति विवरण**
- मेलमिलापको लागि दर्ता हुन आएको कुल मुद्दा संख्याः २१४
- मेलमिलाप भएको : २८
- मेलमिलाप हुन नसकी फिर्ता : १४०
- फछ्र्यौट संख्या : १६८
- चालु : ४६
- सफलः १६.६७ प्रतिशत
- मेलमिलापकर्ताको संख्या : २९३

**पुनरावेदन अदालतहरूतर्फ शुरुदेखि २०६८ असार मसान्तसम्मको विवरण**
- मेलमिलापको लागि दर्ता हुन आएको कुल मुद्दा संख्या : १०२१
- मेलमिलाप भएको : १८३
- मेलमिलाप हुन नसकी फिर्ता : ८०१
- मेलमिलापको क्रममा बाँकी रहेको : ३७
- सफल मेलमिलापः १८.५९ प्रतिशत

**पुनरावेदन अदालतहरूको आ.व.२०६८।०६९ को प्रगति विवरण**
- मेलमिलापको लागि दर्ता हुन आएको मुद्दा कुल संख्या : ५३७
- मेलमिलाप भएको : ७४
- मेलमिलाप हुन नसकी फिर्ता : ३९२
- फछ्र्यौट संख्या : ४६६
- चालू : ७१
- सफलः १५.८७ प्रतिशत
- मेलमिलापकर्ताको संख्या : ५५२

**जिल्ला अदालतहरूको शुरुदेखि २०६८ असार मसान्तसम्मको विवरण**
- मेलमिलापको लागि दर्ता हुन आएको कुल मुद्दा संख्या : २८७४
- मेलमिलाप भएको संख्या : ५३०
- मेलमिलाप हुन नसकी फिर्ता : २१८६
- मेलमिलापको क्रममा रहेको : १५८
- मेलमिलापमा सफल १९.५१ प्रतिशत

**जिल्ला अदालतहरूको आ.व.२०६८।०६९ को प्रगति विवरण**
- मेलमिलापका लागि दर्ता हुन आएको कुल मुद्दाः २४८८
- मेलमिलाप भएको : ५२८
- मेलमिलाप हुन नसकी फिर्ता : १७०८
- फछ्र्यौट संख्या : २२३६
- चालू : २५२
- सफल : २३.६१ प्रतिशत

- मेलमिलापकर्ताको संख्या : १२२९

**मेलमिलाप केन्द्रमा सूचीकृत मेलमिलापकर्ताको संख्या**

- सर्वोच्च अदालत : २९३
- पुनरावेदन अदालतहरूमाः ५५२
- जिल्ला अदालतहरूमा : १२२९
- हालसम्मको सूचीकृत संख्या : २०७४

**तालिम तथा अन्तरक्रिया सम्बन्धमा**

**राष्ट्रिय न्यायिक प्रतिष्ठानको सहकार्यमा आ.व.२०६८।०६९मा मेलमिलापकर्तालाई दिइएको ७ दिने तालिमको विवरणः**

- काठमाडौं उपत्यकाभित्र एउटा तालिम २५ जना
- नेपालगञ्जमा एउटा तालिम २५ जना
- जनकपुरमा एउटा तालिम २५ जना
- महेन्द्रनगरमा एउटा तालिम २५ जना
- तालिम प्राप्त मेलमिलापकर्ताको जम्मा संख्या २००
- राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०६९।३।३ देखि ऐ. ७ गतेसम्म २५ जना मेलमिलापकर्तालाई ४ दिने एडभान्स तालिम प्रदान गरिएको ।
- सर्वोच्च अदालत, पुनरावेदन अदालत पाटन र सो मातहतका ९ वटा जिल्ला अदालतहरूमा कार्यरत ४० जना सहायक कर्मचारीलाई २ दिवसीय मेलमिलापसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको ।
- मेलमिलापसम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन :- (मेलमिलापकर्ता, कानून व्यवसायी, अदालतका कर्मचारी, समाजसेवी, पत्रकार र मुद्दाका पक्षहरूलाई सहभागी गराई ५० जनाको समूहमा अन्तरक्रिया)

  २०६८।१०।८ गते - हेटौंडा
  २०६८।११।३ गते - राजविराज
  २०६८।११।५ गते - जनकपुर
  २०६८।१२।९ गते - बुटवल
  २०६८।१२।२३ गते - धनगढी
  २०६९।१।१८ गते - नेपालगञ्ज
  २०६९।३।८ गते - विराटनगर
- सर्वोच्च अदालतको सहयोगमा नेपाल बार एशोसिएशनद्वारा सञ्चालित मेलमिलापसम्बन्धी आधारभूत तालिम सम्बन्धमा :

२०६८।११।२ देखि ८ गतेसम्म भैरहवामा ३० जना
२०६८।११।७ देखि १३ गतेसम्म राजविराजमा ३० जना
२०६९।१।९ देखि १५ गतेसम्म काठमाडौँमा ३० जना
२०६९।३।१४ देखि २० गतेसम्म पोखरामा ३० जना
२०६९।३।२५ देखि ३१ गतेसम्म काठमााडौंमा ३० जना

## अनुगमन सम्बन्धमा

**मेलमिलाप केन्द्रहरूको अनुगमनः**

- काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, वैतडी, डडेलधुरा, गोरखा, लमजुङ्ग, तनहुँ, कास्की, रौतहट, सर्लाही, धनुषा, सिराहा, सप्तरी जिल्लामा रहेका अदालतका मेलमिलाप केन्द्रहरूको अनुगमन गर्ने कार्य सम्पन्न भएको छ ।

**अन्य कार्य**

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मेलमिलाप सम्बन्धी आधारभूत तालिमको पाठ्यक्रम परिमार्जन र ४ दिने एडभान्स तालिमको पाठ्यक्रम निर्माण गरी मेलमिलाप समितिसमक्ष पेश भई समितिबाट पारित भएको छ ।

**१. मेलमिलापकर्ताको परिवहन खर्च**

९१ वटै अदालतमा रहेका मेलमिलाप केन्द्रहरू मार्फत् वितरण गरिएको ।

**२. मेलमिलाप केन्द्रहरूका लागि मसलन्द खर्च वितरणः**

मुद्दाको चापलाई हेरी न्यूनतम् रु.२,०००। देखि अधिकतम रु.१०,०००। सम्म मसलन्द वितरण गरिएको । ९१ वटै अदालतहरूमा मेलमिलापकर्ताको सूची अध्यावधिक गर्न लगाई विवरण मगाइएको छ ।

४. आ.व. २०६८।०६९ मा मेलमिलाप समितिको जम्मा ११ वटा बैठक बसेर विभिन्न निर्णय गरिएको छ ।

**५. मेलमिलापसम्बन्धी प्रचारप्रसार सामग्री सम्बन्धमाः**

कलम, टी- शर्ट, टोपी, कीरिङ्ग, पोष्टर, ब्रोशर ९१ वटै अदालतमा रहेका मेलमिलाप केन्द्रहरू मार्फत् सरोकारवालाहरूलाई वितरण गरिएको ।

- मेलमिलापसम्बन्धी विषयवस्तुका सम्बन्धमा नेपाल टेलिभिजनमा प्रसारण भइरहेको **हाम्रो अदालत** नामक कार्यक्रममा मेलमिलाप सम्बन्धी विषयलाई समेत छलफल गराउने गरिएको छ ।